सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.




● वर्ष १५ ● अंक २८ ● काठमाडौं, शुक्रबार, मंसिर १२, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Nov 27, 2009 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-



## सज्जालाई गम्भीर रोग?

● कृष्ण भट्टराई

काठमाडौं– हास्यकलाकार स्व. गोपालराज मैनालीकी छोरी सज्जा मैनालीलाई आमनेपाली दर्शकले चलचित्र नायिकाका रूपमा चिन्छन्। बुबा गोपालराजकै कारण चलचित्रक्षेत्रमा आएकी सज्जाले झन्डै दुई दर्जन चलचित्रमा अभिनय गरेर दर्शकमाझ आफ्नो छुट्टै पहिचान बनाएकी थिइन्, तर दर्शकले उनलाई विगत तीन वर्षयता चलचित्रमा देख्न पाएका छैनन्। उनी चलचित्रमा सक्रिय रहेकै बेला अचानक वैवाहिक बन्धनमा बाँधिइन्। विवाहपश्चात् श्रीमतीले श्रीमान्कै घर जानुपर्ने बाध्यताका कारण उनी श्रीमान्को पछि-पछि अमेरिका पुगिन्। अमेरिकामै बसोबास गर्दै आएका झापाका ओमराज भट्टराईसँग विवाह गरेपछि उनी विगत तीन वर्षदेखि अमेरिकामै बसोबास गर्दै आएकी छिन्। पछिल्लो समयमा उनी एउटी सन्तानकी आमासमेत बनिसकेकी छिन्।

विवाहपश्चात् सज्जा अमेरिका बसाइँ सरेको तथा चलचित्रबाट टाढा भएको कुरा सबैलाई थाहा छ। अचम्म के छ भने, अमेरिकाको पेन्सिल्भेनिया राज्यमा बसोबास गरिरहेकी भनिएकी सज्जाको पछिल्लो स्थितिका बारेमा अमेरिकामै बसोबास गरिरहेका अधिकांश कलाकारलाई समेत जानकारी छैन। सज्जाको पारिवारिक सूत्रबाट प्राप्त सज्जासँग सम्बन्धित पछिल्लो स्थितिलाई पुष्टि गर्न अमेरिकामा बसोबास गरिरहेका करिब एक दर्जन कलाकारलाई साप्ताहिकले टेलिफोन र इमेलमार्फत सम्पर्क गरेको थियो, तर विडम्बना, अमेरिकाबाट भर्खरै स्वदेश फर्किएका हास्यकलाकार नारायण त्रिपाठी, गायक सुदीप गिरी, गायक कन्हैया सिंह तथा अमेरिकामै रहेका सरिष्मा अमात्य, सञ्जीव प्रधान, रवि लामिछाने,



दीपेशकिशोर भट्टराई, सञ्चारकर्मी गौतम दाहाल आदि कसैलाई सज्जा अमेरिकामै छिन् भन्ने कुराको जानकारीसमेत रहेनछ। 'सज्जा अमेरिकामै छिन् र ?' अमेरिकामै रहेका टेलिभिजनकर्मी रवि लामिछानेसँग सज्जाको पछिल्लो अवस्थाका सम्बन्धमा जिज्ञासा राख्दा उनको जवाफ थियो– 'अमेरिकामै छिन् भने बुझेर खबर गर्छु।'

करिब डेढ वर्ष अमेरिका बसेर भर्खरै स्वदेश फर्किएका हास्यकलाकार नारायण त्रिपाठी भन्छन्– 'अमेरिकाको बाल्टिमोर अधिकांश नेपाली कलाकार

बाँकी पृष्ठ ९ मा



साप्ताहिक

मध्यपृष्ठमा

## रीना गुरुङ



## ● क्यासेट ●

### संगीत ख्यालय-२



नेपाल भाषाका गीतहरूको संग्रह 'संगीत ख्यालय भाग २' बजारमा आएको छ। संग्रहमा १४ वटा नेवारी गीत समावेश छन्। संग्रहका गीतहरू वीरेन्द्र पाठक, बद्री वेदना, सगुन ताम्राकार, पवित्रमान शाक्य, सुरेशमान संगामी, शैलेश शाक्य, सुरज ब्रो, त्रिलोचन प्रधान, रजनी शाक्य आदि गायक-गायिकाले गाएका छन्।

### फुर्सद



गायिका मेडिना जोशीका पप गीतहरूको संग्रह 'फुर्सद' बजारमा आएको छ। युवा रेकर्डसको यो संग्रहमा आठवटा गीत छन्। संग्रहका गीतका शब्द तथा संगीत अरूण, तिलक, राहुल प्रधान तथा लक्ष्मी जोशीले तयार पारेका हुन्।

### आश



गायक नरेन लिम्बूका पप गीतहरूको संग्रह 'आश' बजारमा आएको छ। रियाज म्युजिकले बजारमा ल्याएको यो संग्रहमा सांगीतिक समूह आस्थासँग आबद्ध गायक लिम्बूले एकल स्वर प्रदान गरेका छन्। संग्रहका सबै गीतमा शब्द तथा संगीत गायक लिम्बूकै छ।

## ● ग्यालरी ●

### उषिनाको एकल चित्रकला

सिर्जनात्मक महिला समूह नेपालको आयोजनामा राजधानीमा एकल चित्रकला प्रदर्शनी प्रारम्भ भएको छ। हिंजो बिहीबार बबरमहल, काठमाडौंस्थित नेपाल आर्ट ग्यालरी काउन्सिलमा चलिरहेको चित्रकला प्रदर्शनीमा कलाकार उषिना महर्जनले तयार पारेका एकल चित्रहरू समावेश गरिएका छन्। आगामी बुधबार अर्थात् मंसिर १७ गतेसम्म जारी रहने यो प्रदर्शनीमा कलाकार महर्जनले तयार पारेका विभिन्न आकृतिका तेल चित्रहरू राखिएको छ। संस्कृति मन्त्री मीनेन्द्र रिजालद्वारा उद्घाटित उक्त प्रदर्शनी बिहान दस बजेदेखि साँझ पाँच बजेसम्म अवलोकन गर्न सकिन्छ।

### क्यानभासमा काँशी

कलाकार मुकेश श्रेष्ठले तयार पारेका चित्रहरूको एकल प्रदर्शनी यसै साता सम्पन्न भएको छ। बबरमहलस्थित नेपाल आर्ट काउन्सिल ग्यालरीमा भएको प्रदर्शनीमा भारतको काँशीका विभिन्न सांस्कृतिक धरोहर देख्न पाइन्छ। गत शुक्रबार प्रारम्भ भएको उक्त प्रदर्शनीमा राखिएका चित्रहरू अर्धमूर्त शैलीका थिए। केही समय भारतको काँशीमा बसेका कलाकार श्रेष्ठले त्यहाँका मठ, मन्दिर, गंगा नदी, गंगास्नान, देवी-देवता, भक्तजन आदि विविध पक्षलाई आफ्नो चित्रमा उतारेका छन्। प्रदर्शनीमा दुई दर्जन चित्र समावेश गरिएको थियो। प्रदर्शन तथा बिक्री दुवै उद्देश्यले आयोजित उक्त प्रदर्शनीका चित्रको मूल्य १८ हजारदेखि १ लाख ७५ हजार रुपैयाँसम्म छ।

### युद्धपछि जनता तस्बिर प्रदर्शनी

युद्धका सम्झनाहरू पातलिँदै गएको वर्तमान अवस्थामा त्यति बेलाको समय तथा स्थानलाई जानकारी गराउन राजधानीमा फोटो प्रदर्शनी प्रारम्भ भएको छ। मदन पुरस्कार तथा नेपालयले संयुक्त रूपमा आयोजना गरेको उक्त फोटो प्रदर्शनीमा लडाइँमा जनता, फेरि यस्तो नहोस् तथा युद्धपछि जनता नामक पुस्तकबाट चुनिएका तस्बिरहरू राखिएका छन्। तीनवटै पुस्तक पत्रकार कुन्द दीक्षितले सम्पादन गरेका हुन्। काठमाडौंबाट प्रारम्भ भएको यो फोटो प्रदर्शनी इटहरी, इलाम, दमक, हेटौंडा, कावासोती, नेपालगन्ज तथा तानसेनमा समेत गरिने आयोजकहरूले बताएका छन्। दस वर्ष युद्धका कथा, व्यथा, युद्धपछिका जनता तथा परिवर्तनका अवस्थालाई ती तस्बिरहरूले झल्काएका छन्। सोही समारोहमा दीक्षितद्वारा सम्पादित युद्धपछिका जनता भाग तीनको विमोचन समेत गरियो। उक्त पुस्तकमा दस वर्ष युद्ध तथा तत्कालीन नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौतापछिको अवस्थालाई तस्बिरमार्फत उजागर गरिएको छ।

## ● लाइभ ●

### धरानमा तीन कार्यक्रम

मंसिर १३ गते धरानको पब्लिक मैदानमा चोमोजङ्गा फाउन्डेसनले सांगीतिक कार्यक्रम गर्दैछ। एक्स मन्त्र, सिने गुरुङ, राजेशपायल राई आदिको प्रस्तुति रहने उक्त कार्यक्रममा हास्यकलाकारहरूको प्रस्तुतिसमेत रहने बताइएको छ। सोही दिन बेलुका धरानको गरिमा युथ एसोसिएसनले स्पार्कल अफ युथ-२ नामक डान्स पार्टी आयोजना गर्ने भएको छ। एक वर्षअघि यस्तै कार्यक्रम आयोजना गरेको एसोसिएसनले सोही कार्यक्रमलाई निरन्तरता दिँदै पार्टी गर्न लागेको हो। धरानको स्वीमिङ पुलमा १ हजार ५ सय युवायुवतीको जमघट गराउने लक्ष्यका साथ आयोजना गरिएको उक्त पार्टीमा बेस्ट कपल, बेस्ट ड्रेस र बेस्ट डान्सरको पुरस्कार पनि राखिएको छ। उक्त कार्यक्रमको तीन दिनपछि धरानमा अर्को कन्सर्ट हुँदैछ। विश्व एड्स दिवसको अवसर पारेर आयोजना गर्न लागिएको कन्सर्टमा चर्चित ब्यान्डहरू नाइन्टिन सेभेन्टी फोर एडी तथा मुक्ति एन्ड रिभाइभलले धरानका संगीतप्रेमीहरूलाई झुमाउनेछन्।

### पोखरामा खोजि प्रतिभाको

पोखराका संगीत, नृत्य, अभिनय तथा गायनका नवोदित कलाकारहरुलाई खुसीको खबर, नेपाल टेलिभिजनबाट प्रसारणको क्रममा रहेको रियालिटी सो 'खोजी प्रतिभाको' का लागि पोखरा अडिसन आज शुक्रबार सम्पन्न हुँदैछ। पोखरा अडिसनका लागि कार्यक्रम निर्माण समूह हिंजो बिहीबार नै नारायणघाटबाट पोखरा पुगिसकेको छ। पोखरा अडिसनमा कार्यक्रमका उद्घोषक तथा निर्देशक दिनेश डिसी, कोरियोग्राफर रिनाशा राई, संगीतकार सुरेश अधिकारी आदि निर्णायक रहनेछन्। बिहान दस बजेदेखि प्रारम्भ हुने अडिसन साँझ पाँच बजेसम्म चल्नेछ।

### आज डान्स पार्टी

आज साँझ राजधानीमा आयोजना हुने एउटा डान्स पार्टीमा सहभागी युवा-युवतीहरूले लोकप्रिय गायक-गायिकासँग नृत्य गर्न पाउनेछन्। स्नु प्रोडक्सनले आज साँझ दरबारमार्गस्थित भिन्टेज क्याफे एन्ड पबमा आयोजना गर्न लागेको डान्स पार्टीमा सांगीतिक क्षेत्रका चर्चित अनुहारहरूको सहभागिता रहनेछ। 'विन्टर ब्लाष्ट डान्स पार्टी' शीर्षक राखिएको डान्स पार्टी साँझ छ बजेपछि प्रारम्भ हुनेछ। डान्स पार्टीमा नवीन के भट्टराई, सुगम पोखरेल, अनिल सिंह, कमलमान सिंह, मोहित मुनाल, विवेक पोखरेल तथा चलचित्र कलाकार विरेन श्रेष्ठ र अरुणिमा लम्साल पनि सहभागी हुँदैछन्। कलाकारसँग नृत्य गर्न पाइने भएकाले आयोजकले पार्टीको थिम नै 'सेलिब्रेट विद सेलिब्रेटी' राखेका छन्।

## ● रंगमञ्च ●

### ढाकामा नाट्यकर्मीको जमघट

विश्वभरिका नाट्यकर्मीहरू यो साता बंगलादेशको राजधानी ढाकामा भेला भए। ढाकामा सम्पन्न नाट्य महोत्सवमा नर्वेली लेखक हेनरिक इब्सेनका नाटकमा अभिनय गर्नका लागि नेपालसहित विभिन्न १६ देशका कलाकार तथा नाटक समीक्षकहरू ढाकामा भेला भएका थिए।। इब्सेनका नाटकमार्फत उनीहरूले आफ्नो मुलुकको संस्कृति प्रदर्शन गरेका थिए। दश दिनअघि प्रारम्भ भएको नाटक महोत्सव गत सोमबार सम्पन्न भएको हो। महोत्सवमा दुई दर्जन नाटक मञ्चन गरिएको थियो। महोत्सवमा भाग लिन नेपालसहित अष्ट्रेलिया, चीन, इजिप्ट, फ्रान्स, जर्मनी, भारत, इरान, मेक्सिको, मोरक्को, नर्वे, पाकिस्तान, टर्की, बेलायत तथा अमेरिकाका नाट्यकर्मी ढाका पुगेका थिए। 'कलाको भाषा हुँदैन, सीमा हुँदैन, यसले संस्कार, संस्कृति र समाजलाई जस्ताको त्यस्तै प्रतिबिम्बित गर्छ, नाटक महोत्सवमा नेपालको प्रतिनिधित्व गरेका आरोहण गुरुकुलका नाट्य निर्देशक सुनील पोखरेलले महोत्सवको टिप्पणी गर्दै भने– 'महोत्सव तथा दर्शक सहभागिताले यही कुरा स्पष्ट पारेको थियो।' महोत्सवमा अघिल्लो बिहीबार पोखरेलद्वारा निर्देशित नाटक 'मास्टर बिल्डर' (महान् शिल्पी) मञ्चन गरिएको थियो। नाटकमा पुस्तैनी अन्तर, ईर्ष्या तथा त्यसले उत्पन्न गर्ने द्वन्द्व देखाइएको थियो। नाटकको मञ्च व्यवस्थापन तथा प्रयोग गरिएको शास्त्रीय संगीतले प्रशंसा पाएको थियो। 'मास्टर बिल्डर' जीवेश रायमाझी तथा बलबहादुर थापाले अनुवाद गरेका हुन्। नाटकको मूलपात्र हिक्मत सिलवालको भूमिकामा सुनील आफैं प्रस्तुत भएका थिए। हीराको भूमिकामा निशा शर्मा तथा अन्य मुख्य भूमिकामा अरुणा कार्की, पशुपति राई, विष्णुभक्त फुँयाल, प्रवीण खतिवडा प्रस्तुत भएका थिए। नाटकमा रामहरि ढकाल, जीवेश आदि कलाकारले छोटो भूमिका निर्वाह गरेका थिए।

## ● पुस्तक ●

### बिजौला

निर्मल थापाद्वारा लेखिएको उपन्यास 'बिजौला' लाई रंग नेपालले प्रकाशित गरेको हो। उपन्यासमा समाजको विकृति एवं विसंगतिको पाटोलाई एउटा पात्रमार्फत केलाइएको छ। १ सय ६२ पृष्ठको यो कृतिको मूल्य २ सय ९० रुपैयाँ छ।

### एक देवकोटा अनेक आयाम

महाकवि लक्ष्मीप्रसाद देवकोटाले जीवनमा जति कृति लेखे, त्योभन्दा बढी कृति उनीमाथि लेखिएको छ। यसै क्रममा डा. विष्णुराज आत्रेयले महाकवि देवकोटाको जीवनका विविध पाटा केलाउँदै नयाँ पुस्तक 'एक देवकोटा अनेक आयाम' सार्वजनिक गरेका छन्। हिमालय बुक स्टल डिल्लीबजारद्वारा प्रकाशित यो कृतिको मूल्य १ सय ७५ रुपैयाँ छ।


### सृष्टि प्रलयको सँघारमा

प्रकाश आङदेम्बेद्वारा लेखिएको तथा प्रकाशन गरिएको नाट्य कृति सृष्टि प्रलयको सँघारमा सरल भाषामा लेखिएको पठनीय कृति हो। प्रस्तुत पुस्तकमा लेखकले विभिन्न धर्म-संस्कृतिका मिथकीय पात्रहरूलाई आजको समयका पात्रहरूसँग जोडेर नौलो स्वाद प्रस्तुत गरेका छन्। १ सय ११ पृष्ठमा विस्तारित यो कृतिको मूल्य १ सय ५० रुपैयाँ छ।

### हजुरबाको गाउँ

छायादत्त न्यौपानेले रचना गरेका बालनिबन्धहरूको संग्रह 'हजुरबाको गाउँ' जम्को प्रकाशन प्रा.लि.ले प्रकाशित गरेको हो। ४४ पृष्ठको यो पुस्तकमा १५ वटा बालनिबन्ध समेटिएका छन्। यो पुस्तकले बालबालिकामा पढ्ने बानीको विकास गर्ने विश्वास गरिएको छ। पुस्तकको मूल्य ३० रुपैयाँ छ।

## तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## यो साताको पञ्चाङ्ग

मंसिर १२ गते : कीर्तिपुरमा इन्द्रायणी जात्रा, १३ गते : मोक्षदा एकादशी, १६ गते : दत्तात्रय जयन्ती, विश्व एड्स दिवस, १७ गते : धान्यपूर्णिमा, उधौली पूजा, धनेश्वर मेला, विश्व दासप्रथा विमोचन दिवस, १८ गते : अन्तर्राष्ट्रिय अपांग दिवस, विष्णु पादुका श्राद्ध प्रारम्भ, कोसी-कोका संगम मेला।

### मेष

खर्चको गति तीव्र रहनेछ। विवादको सामना गर्नुपर्नेछ। झूटा आरोप पनि लाग्नसक्छ। स्वास्थ्य गडबड हुनेछ भने कुरा काट्नेहरू सक्रिय छन्। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। समय सजग रहनुपर्ने खालको छ। अध्ययनमा मन जानेछैन।

### मिथुन

साता सुधारोन्मुख रहनेछ। समस्या आए पनि सजिलै सुल्झाउन सकिनेछ। धन सञ्चित नभए पनि आम्दानी भने हुनेछ। व्यवसायमा पनि सुधारको लक्षण देखिन्छ। पति-पत्नीबीच बिग्रिएको सम्बन्ध सुध्रनेछ। मंगलबारदेखि खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ। स्वास्थ्य गडबड हुनसक्छ।

### सिंह

स्वास्थ्य गडबड हुनुका साथै घरेलु समस्याले सताउनेछ। प्रतिस्पर्धीहरू सक्रिय रहनेछन्। मनमा तर्क-वितर्कले डेरा जमाउनेछ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। झूटा आरोप लाग्ने सम्भावना छ। आइतबारदेखि सुधारका लक्षण देखिनेछन्। आम्दानीको स्रोत फेला पर्नेछ।

### तुला

साता मध्यम रहनेछ। स्वास्थ्यको ख्याल गर्नुहोला। काममा अवरोध सिर्जना गर्नेहरू प्रशस्तै हुनेछन्। अध्ययनमा सफलता पाउन गाह्रो छ। आइतबार र सोमबार व्यवसाय बढ्ने, यात्रामा लाभ हुने तथा भेटघाटमा रमाउने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### धनु

साता सुधारोन्मुख रहनेछ।। ठूला व्यक्तिसित गरिने संवादले मनको बोझ हल्का हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मान-सम्मान प्राप्त हुनेछ। वैदेशिक कार्यमा सफलता मिल्नेछ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुऱ्याउनुहोला।

### कुम्भ

बोलीको प्रभाव बढ्नुका साथै अरूलाई सजिलै विश्वास दिलाउन सकिनेछ। पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले ठूलो काममा सफलता मिल्नेछ। तपाईंको लगनशीलता एवं इमान्दारिताको सबैले प्रशंसा गर्नेछन्। अध्ययनमा रुचि बढ्नेछ। प्रेम गर्नेहरूका लागि समय अनुकूल रहनेछ।

### वृष

धन आर्जन हुनुका साथै तपाईंमाथि अरूले विश्वास गर्नेछन्। ठूला व्यक्तिसित कुरा गर्ने अवसर जुट्नेछ। पहिलो भेटमै अरूलाई आकर्षित गर्न सकिनेछ। सन्तानको सफलताले मन प्रसन्न बनाउनेछ। तपाईंको इमान्दारिताको धेरैले प्रशंसा गर्नेछन्। आइतबार र सोमबार खर्च, विवाद एवं चिन्ताले सताउनेछ। स्वास्थ्य पनि गडबड हुनसक्छ।

### कर्कट

भाग्यले साथ दिनेछ भने मानसम्मान मिल्नुका साथै व्यवसायमा क्रमशः सुधार आउनेछ। नयाँ मित्रको आगमनले मन हर्षित हुनेछ। सवारी साधन जोर्ने अवसर जुट्नेछ। भेटघाटमा रमाउने अवसर मिल्नेछ। पहिलो भेटमै प्रभावित भै सहयोग गर्न तत्परता देखाउनेहरू प्रशस्तै हुनेछन्। धनमाल हराउन सक्छ, सजग रहनुहोला।

### कन्या

व्यवसाय बढ्नेछ भने रमाइलो यात्रा हुने तथा भेटघाटमा रमाउने अवसर जुट्नेछ। पहिलो भेटमै प्रभावित हुनेहरूले सहयोगको तत्परता देखाउनेछन्। अरूको विश्वास जित्न सकिनेछ। कुरा काट्नेहरू पनि प्रशंसा गर्न थाल्नेछन्। स्वास्थ्य गडबड रहने, चिन्ता बढ्ने, काममा अवरोध आउने देखिन्छ।

### वृश्चिक

सुरुमा सोचे शक्ति बढ्नेछ भने अध्ययनमा मन जानेछ। अरूको विश्वास जित्न सकिनेछ। महत्त्वपूर्ण जिम्मेवारी पाइनेछ। प्रेम गर्नेहरूका लागि समय अनुकूल रहनेछ। व्यवसायमा सफलता पाइनेछ। यात्रा गर्ने तथा भेटघाटमा रमाउने अवसर जुट्नेछ। वैदेशिक कार्यमा सफलता मिल्नेछ। मित्रहरूको सहयोग पाइनेछ। बोलीको प्रभाव बढ्नेछ।

### मकर

अधुरा काम पूरा हुनुका साथै नयाँ काम पाइनेछ। बोलीको प्रभाव, प्रसन्नता एवं पराक्रम बढ्ने योग छ। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। अध्ययन एवं व्यवसायमा सफलता पाइनेछ। जिम्मेवारीपूर्ण यात्रा गर्ने अवसर जुट्नेछ। आम्दानीको नयाँ स्रोत फेला पर्नेछ। भाग्यले साथ दिनुका साथै प्रेम गर्ने अवसर प्राप्त होला।

### मीन

मान-सम्मान तथा भेटघाटमा रमाउने अवसर मिल्नेछ। ठूला व्यक्तिसित हुने अन्तर्क्रियाले मनको बोझ हल्का हुनेछ। पराक्रमको गति तीव्र हुनेछ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने सम्भावना छ। अध्ययन एवं व्यवसायमा सोचेजस्तै सफलता मिल्नेछ। भाग्यले साथ दिनेछ भने महत्त्वपूर्ण जिम्मेवारी पाइनेछ।

# नेपालको भविष्य कसको हातमा छ ?

नेपालको शान्ति प्रक्रिया धरापमा छ । माओवादीले नेतृत्व गरेको सरकारको पतन मूलतः उसको आफ्नै कारणले भएको थियो तर त्यसले राजनैतिक समस्या समाधानको बाटोमा रहेको गहिरो सङ्कटलाई इङ्गित गरेको छ । सहमतिको राजनीतिले क्रमशः ध्रुवीकरणको बाटो समाउँदै गएको छ, जसले गर्दा दुवै पक्षका अति सैन्यवादी तत्त्वहरूले ठाउँ पाउँदै गएका छन् । मध्यमार्गी राजनीतिज्ञहरूले शान्ति-प्रक्रियालाई पछ्याउनुबाहेक अर्को विकल्प नरहेको कुरा सार्वजनिक रूपमा जोड दिँदै आएका छन्, तर अर्कातर्फ मुलुक युद्धतिर फर्कन सक्छ भन्ने कोठेगफ चर्कोसित सुनिन थालेको छ ।

सरकारबाट माओवादीहरू बाहिरिने तात्कालिक कारण सेनाप्रमुखलाई पदबाट बर्खास्त गर्न उनीहरूबाट गरिएको असफल प्रयास थियो । त्यसपछि माओवादी नेता प्रचण्डले नैतिकताका आधारमा प्रधानमन्त्री पदबाट राजीनामा दिए, तर प्रधानमन्त्री र राष्ट्रपतिबीचको शक्ति-सन्तुलनसम्बन्धी विषय भने अझै विवादित छ । माओवादीहरूको राजीनामाका कारण नयाँ सरकारको निर्माण अनिवार्य बन्न पुग्यो र नेपालको अवस्था हेरी त्यो संक्रमण तुलनात्मक हिसाबले छिटो र सहज देखियो । तैपनि मध्यमार्गी नेकपा (एमाले) ले नेतृत्व गरेको नयाँ सरकार स्वभावैले अस्थिर छ । धेरै एमाले नेताहरू नयाँ सरकारलाई खुलेरै अविश्वासको दृष्टिले हेर्छन् र मधेसी जनअधिकार फोरम (फोरम) औपचारिक रूपले फुटेको छ । यी दुई पार्टीको तुलनामा गैरमाओवादी पार्टीहरूमध्ये नेपाली कांग्रेस (नेका) बरु एक ढिको र आन्तरिक प्रजातन्त्र भएको पार्टी देखिन आएको छ ।

सत्तामा छँदा माओवादीहरूले धेरैले अपेक्षा गरेमुताबिक प्रभावकारी ढङ्गले काम गर्न सकेनन् । माओवादी पार्टीभित्रका प्रमुख विचारकहरूले राज्यसत्ता कब्जा गर्न रणनीतिक लक्ष्य र सर्वसत्तावादी शासनको सिद्धान्तलाई उनीहरूले कहिल्यै छाड्दैनन् भन्ने तर्कलाई बल पुऱ्याउने काम नै गरे । त्यसले गर्दा पार्टीले बहुदलीय प्रजातन्त्र अँगालिसकेको छ भन्ने उनीहरूको नेतृत्वको आग्रह पूर्णतः विश्वासिलो देखिएन ।

अर्कातिर सेनाले झन्झन् बलमिचाइँ र राजनैतिक व्यवहार देखाउन थालेको छ । माओवादीलाई ठेगान लाउन सक्ने एक मात्र तोडका रूपमा सेनालाई हेर्नेहरूले सेनालाई प्रोत्साहन र समर्थन दिँदै आएका छन् । गणतन्त्रतर्फको संक्रमणमा सेनाको रौं पनि हल्लिएन, बरु यस अवधिमा सेना अझ फस्टाएको छ । पार्टीहरू काँतर भैदिनाले आफ्नो बजेटमा भारी वृद्धि गर्न सेना सफल भएको छ । आफूले उपभोग गर्दै आएको स्वायत्तता उसले जोगाउन सकेको छ, आफ्नो सैन्यशक्ति यथावत् राखेको छ र युद्धविरामको बर्खिलाफ नयाँ घातक हतियारहरूको आयात गर्न दबाब दिइरहेको छ ।

अहिले उत्पन्न अस्थिरताको कारण मूलतः भारतको परिवर्तित नीति हो । नयाँदिल्ली आफैंले शान्ति-सम्झौता तयार पारेको हो तथा त्यसको जमानीका रूपमा काम गरेको हो र त्यसबमोजिम चल्न सबै पार्टीलाई दबाब दिएको हो । माओवादीको विजयलाई कहिल्यै पचाउन नसकेको र परिवर्तनका लोकप्रिय मागलाई सहज रूपमा लिन नसकेकाले भारतले नेपाली राजनैतिक पार्टीहरूमार्फत हस्तक्षेपकारी काम गर्दै आएको छ । माओवादीद्वारा सत्ता कब्जा भएको वा अराजकता उत्पन्न भएको अवस्थामा त्यससित जुध्न सक्ने सबैभन्दा विश्वासिलो पात्रका रूपमा नेपाली सेनालाई स्याहार्ने काम गरिरहेको छ । जनमुक्ति सेनालाई साङ्केतिक रूपमा भए पनि समायोजन गर्ने प्रश्नमा भारतले कुनै विकल्प नदिई कडा विरोध गर्नाले शान्ति समीकरण असन्तुलित भएको छ जुन पृष्ठभूमिमा काठमाडौंमा गुजुल्टिएको षड्यन्त्रको मञ्चन हुन्छ, त्यो स्थिर छैन र अपरिवर्तनीय पनि छैन । सार्वजनिक सुरक्षा कमजोर छ र अन्य धेरै क्षेत्रमा यस्तै अवस्था छ ।

स्थानीय प्रशासन नाम मात्रको छ भने कतिपय ठाउँमा त्यो शून्य बराबर छ । पार्टी र नागरिक समाजका प्रतिनिधिहरूलाई एक ठाउँमा ल्याउने शान्ति समितिहरू केही जिल्लामा काम गर्दैछन् तर उनीहरूको काममा कुनै सङ्गति मिलेको पाइँदैन । पहिचानको राजनीति तथा अरू नयाँ खाले राजनैतिक आन्दोलनहरूले संवैधानिक प्रक्रियाप्रति अधीरता देखाइरहेका छन्, जसले गर्दा प्रक्रिया नरोकिए पनि तोकिएको समयमा सर्वस्वीकार्य नयाँ संविधान बन्ने सम्भावना क्षीण हुँदै गएको छ ।

शान्ति-प्रक्रियाका सुरुका चरणहरूमा महत्त्वपूर्ण शक्तिका रूपमा रहेको नागरिक समाज अहिले विभाजित र नूर गिरेको अवस्थामा छ । एकपक्षीय देखिएको भारतको दृष्टिकोणले गर्दा अन्तर्राष्ट्रिय सङ्गति आउन सकेको छैन । अन्तर्राष्ट्रिय समूहको अगुवाका रूपमा आफ्नो रणनीतिप्रति अन्तर्राष्ट्रिय खेलाडीहरूको समर्थन लिन सफल भारत अहिले एक्लो-वीर बन्न पुगेको छ । भारतले संयुक्त राष्ट्रको नेपाल नियोगको कुरा काट्ने काम गरिरहेकै छ । माओवादी नेता प्रचण्डले जनमुक्ति सेनाको संख्या कीर्ते ढङ्गले बढाएर नियोगलाई झुक्याएको भनी बोलेको कुराको भिडियो टेप बाहिर आएपछि राष्ट्रसंघीय नियोगको विश्वसनीयतामा आँच पुगेको थियो । संयुक्त राष्ट्र सफलताको जस लिएर यहाँबाट उम्कन चाहन्छ तर पनि परिस्थितिमा सुधार नहुन्जेलसम्म हातहतियारहरूको अनुगमनका लागि गरिएको अनुरोधलाई उसले अस्वीकार गर्न सक्दैन र परिस्थितिमा सुधार ल्याउनमा उसको प्रत्यक्ष हात पनि छैन । त्यसका साथै नाजुक शान्तिको संरक्षण गर्न र भारतको पूर्ण प्रभुत्वबाट नेपाललाई जोगाउन आफूले खेलेको भूमिकाको श्रेय उसले पाउन सकेको छैन । दाताहरू विकासका गतिविधिहरूलाई सुचारु राख्न इच्छुक छन् र शान्ति-प्रक्रियालाई पनि सहयोग गर्न चाहन्छन् तर उनीहरूको धैर्यको बाँध फुट्दैछ, विकास निर्माणका लागि वातावरण बन्न सकेको छैन र अन्तर्राष्ट्रिय आर्थिक सहयोगको रकम धान्न नसकिने गरी फुलेको सुरक्षा क्षेत्रमा खर्च भैरहेको छ । सेनाको संख्या निजामती कर्मचारीको कुल संख्याभन्दा निकै ठूलो छ । नेपाली सेना, क्यान्टोमेन्टमा रहेका जनमुक्ति सेनाका लडाकुहरू र सशस्त्र प्रहरीहरू भएर पनि शान्ति-सुरक्षाको आधारभूत आवश्यकता पूरा हुन सकेको छैन ।

सबै पार्टी अझै पनि गफगाफमै मग्न छन् र सङ्कट टार्न अन्तिम समयसम्म पर्खने परम्परा रहिआएको छ । त्यो कहानी फेरि दोहोरिन सक्छ, तर त्यसो भन्दैमा के कुरा बिर्सनु हुँदैन भने ठूला खेलाडीहरूबीचको मतभेद फराकिलो हुँदै गएको छ र सल्लाह-सहमतिका आधारचाहिँ साँघुरिदै गएका छन् । द्वन्द्वलाई फेरि फर्कन नदिनका लागि खतरालाई प्रस्टसित बुझ्नु आवश्यक छ र त्यसको समाधानका लागि नेपालका राजनैतिक पार्टीहरूबीच असल सम्बन्धको खाँचो छ, साथै प्रक्रियाका लागि ठोस अन्तर्राष्ट्रिय सहयोग आवश्यक छ, जसमा भारतको निर्णायक नेतृत्व हुनु जरुरी छ ।

यसका अतिरिक्त इन्टरनेसनल क्राइसिस ग्रुपले नेपालको भविष्यका लागि सबै राजनैतिक दल, नेपाल सरकार, एकीकृत माओवादी, अन्तर्राष्ट्रिय समुदाय तथा भारत सरकारलाई सुझावहरू सम्प्रेषण गरेको छ । ती सुझावमा इन्टरनेसनल क्राइसिस ग्रुपले नेपालको वर्तमान संकट निवारणका लागि सबै पक्षलाई इमान्दारीका साथ काम गर्नसमेत आग्रह गरेको छ ।

*(इन्टरनेसनल क्राइसिस ग्रुपद्वारा जारी प्रतिवेदनको सारसंक्षेप)*

## नृत्य प्रतियोगितामा मिनील्यान्ड प्रथम

विराटनगर- को भन्दा को कम बनेर प्रतियोगितामा सहभागी भएका नृत्य समूहहरूले आपसमा कडा प्रतिस्पर्धा गरे । गएको शनिबार विराटनगरको वीरेन्द्र सभागृहमा भेला भएका नृत्य टोलीहरूले शिल्डको दाबी गर्न कुनै पनि कसुर छाडेनन् । उनीहरू यस वर्षको चर्तुभुज आशावादी विद्यालस्तरीय लोक नृत्य प्रतियोगितामा सामेल भएका थिए ।

मोरङका १५ विद्यालयबीच भएको कडा प्रतिस्पर्धामा मोरङको पुरानो सदरमुकाम रंगेलीस्थित मिनील्याण्ड सेकेन्डरी बोर्डिङले उपाधि हात पाऱ्यो । प्रथम स्थानमा आउने मिनील्यान्डले डोम जातिको कला-संस्कृति झल्कने नृत्य प्रस्तुत गरेको थियो । वरिष्ठ रंगकर्मी आशावादीको ६५ औं जन्मजयन्तीका अवसरमा सम्पन्न प्रतियोगितामा नेपाली झ्याउरे नृत्य लिएर आएको विराटनगरको भानु मेमोरियल बोर्डिङ दोस्रो तथा झ्याउरे नृत्य नै प्रस्तुत गर्ने विराटनगरकै सनसाइन बोर्डिङ स्कुल तेस्रो भए ।

धिमाल जातिको वेशभूषाका साथ प्रतियोगितामा उत्रिएको मदरल्यान्ड बोर्डिङको टिमले उत्कृष्टको उपाधि पायो भने रत्यौली नृत्य प्रस्तुत गर्ने गौतम बुद्ध मेमोरियलको टोलीले उत्कृष्ट वेशभूषाको उपाधि प्राप्त गऱ्यो । नेपाली मौलिकता र नेपाली ठेटपन प्रस्तुत गरेर गंगा मेमोरियल र अनुशासन देखाएर माउन्ट मकालु पुरस्कृत भए ।



–कमल रिमाल






## ● सम्पादकीय ●


# भ्रष्टाचार नियन्त्रण गर

भ्रष्टाचार हुने मुलुकहरूको सूचीमा नेपालको स्थान कहाँ होला ? आमनेपालीको यो जिज्ञासालाई भ्रष्टाचारका बारेमा अध्ययन–अनुसन्धान गर्दै आएको ट्रान्सपरेन्सी इन्टरनेसनल नामक संस्थाले हालै सार्वजनिक गरेको एक प्रतिवेदनले मेटाइदिएको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको पछिल्लो प्रतिवेदनमा नेपालमा भ्रष्टाचार झन्–झन् मौलाउँदै गएको कुरा उल्लेख छ । विश्वभरिका १ सय ८० मुलुक समेटिएको उक्त प्रतिवेदनमा नेपालको स्थान १ सय ४३ औं नम्बरमा छ । अघिल्लो वर्ष त्यस्तै प्रतिवेदनमा नेपाल १ सय २१ औं स्थानमा थियो । एक वर्षकै अन्तरालमा २२ स्थानले तल झर्नुले पनि नेपालमा भ्रष्टाचारको स्थिति भयावह रहेको देखाउँछ । प्रतिवेदन भन्छ– नेपालमा कमजोर कानुनी व्यवस्था र सरकारी उदासीनताका कारण भ्रष्टाचार मौलाउँदै गएको हो । यसका लागि नेपालको राजनैतिक अस्थिरता, दण्डहीनताको स्थिति, आर्थिक तथा सामाजिक उत्तरदायित्वको अभाव र कतिपय अवस्थामा राज्यको कमजोर उपस्थिति नै मुख्य कारकका रूपमा रहेको ट्रान्सपरेन्सी इन्टरनेसनलको उक्त प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनअनुसार सबैभन्दा उदेकलाग्दो तथ्य के हो भने दक्षिण एसियाली राष्ट्रहरूमा भ्रष्टाचार बढी हुने मुलुकहरूमध्ये युद्धग्रस्त अफगानिस्तान मात्र नेपालभन्दा अगाडि छ । अन्य नेपालका छिमेकीहरू, जो अघिल्लो प्रतिवेदनमा भ्रष्टाचारको मामिलामा नेपालभन्दा अगाडि थिए, उनीहरूले समेत यो वर्ष नेपाललाई पछाडि धकेलेका छन् ।

भ्रष्टाचारको मुख्य कारण जहाँ पनि र जहिल्यै पनि राज्य र राजनैतिक दलहरूको कमजोरीलाई मानिन्छ । पूर्वीय मान्यताअनुसार राजनीति समाजको मस्तिष्क हो, मस्तिष्क नै कमजोर वा भ्रष्ट भयो भने त्यसको असर सम्पूर्ण शरीरले बेहोर्नुपरेजस्तै राज्यलाई आफ्नो विचारले हाँक्ने राजनैतिक दलहरू भ्रष्ट भए भने राज्यका सम्पूर्ण एकाइ भ्रष्ट हुन पुग्छन् । लगभग त्यस्तै स्थितिमा अहिलेको नेपाल छ भन्ने कुरा ट्रान्सपरेन्सी इन्टरनेसनलको पछिल्लो प्रतिवेदनले प्रमाणित गरेको छ । प्रतिवेदन भन्छ– सामाजिक उत्तरदायित्व र राज्यसञ्चालनका विषयमा राजनैतिक दलहरूले गम्भीरतापूर्वक आफूलाई नसच्याउने हो भने नेपालको स्थिति अझ खस्कन सक्छ । प्रतिवेदनको यस्तो चेतावनीलाई हाम्रा राजनैतिक दलहरूले कसरी लिएका छन् ? त्यो उनीहरूका लागि मात्र नभै सम्पूर्ण नेपाल र नेपालीका लागि समेत चासोको विषय हो । अझै पनि हाम्रा राजनैतिक दलहरू आफ्नो राजनैतिक तथा सामाजिक उत्तरदायित्वप्रति सचेत नहुने हो भने हाम्रो समाज भ्रष्टाचारको खाडलमा पुरिँदै जानेछ ।

**समयमै संविधान, साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान ।**

## ● चिठीपत्र ●



# यौनशिक्षाको औचित्य

हाम्रो देश यतिविधि पिछडिनुको कारक तत्त्व यौनशिक्षाको अभाव पनि हो । यहाँ पनि पढाउन् दुई-चार कक्षामै भिरङ्गी, एचआईभी र अरू यौनजन्य रोगहरू । कलिलै उमेरमा चक दिएर कालोपाटीमा छात्र र छात्राहरूलाई आफ्नै लिङ्गको चित्र कोर्न दिऊन् । आफैंले आफ्नो लिङ्गलाई रेखांकन गर्न पाउने शिक्षाबाट कसैलाई वञ्चित नगरौं । बालबालिकाहरूको मानसिकतालाई त्यो दिशामा धकेलौं कि उनीहरूलाई लागोस् कि यौन केही होइन, यो एक तुच्छ भाव हो । उनीहरू यौनको विषयमा कल्पन छोडेर अरू नै सिर्जनातिर भौंतारिउन् । लुकिछिपी नीला चलचित्र नहेरून् र कलेजमा फि तिर्नु छ भनेर अभिभावकलाई झुक्याएर वेश्यालयमा नधाऊन् ।

उसले अभिभावकलाई निर्धक्क भनोस् कि मैले नीलो चलचित्रको स्वाद लिएको छु । यौनलाई एक जिज्ञासाको विषय बनाइएको हुँदा हाम्रो देशमा यसको रहस्य झन् गहिरिएको छ । हाम्रा निम्ति यौन एक अदभूत वस्तु भएको छ । जसको प्राप्तिका लागि हाम्रो मन विकृत र अस्वस्थ सोचमा भौंतारिएको छ ।

हाम्रो समाजमा अभिभावक-वर्गले किशोरावस्थामा उब्जिने यौनिक तरङ्गहरूलाई बेवास्ता गरेर, उमेर नपुग्दै यौनसम्पर्क गरिनु हुन्न भनी उमेरगत छेको लगाइएको छ । यहाँ किशोरावस्थामा गरिने स्वस्थ सम्पर्क पनि अपराधको स्तरमा मूल्यांकन गरिन्छ । फलस्वरूप कतिपय किशोर-किशोरीलाई सानै उमेरमा कुनै यौनजन्य रोग लाग्यो भने उनीहरू आफ्ना परिवारका सदस्यबीच खुलस्त हुन सक्दैनन् । आफ्नो समस्यालाई एक्लै समाधान गर्न खोज्ने, एक्लै चिकित्सकको परामर्श लिने वा उपचारै नगर्ने प्रवृत्तिले कतिपय किशोर-किशोरीले अकालमै ज्यानसम्म गुमाएका छन् ।

एक यौन चिकित्सकका अनुसार उनीकहाँ दैनिक यस्तै यौनजन्य समस्या लिएर २०-२५ जना किशोर आउँछन् । नेपालमा यौनशिक्षाको अभावले कतिपयले उपलब्ध र सुलभ प्रतिरोधात्मक साधनहरू अपनाउन सकेका छैनन् । स्वास्थ्य मन्त्रालयको छिटफुट विज्ञापनसिवाय अरू चेतना शून्य छ । बजारमा कस्तो-कस्तो साधन उपलब्ध छ त्यसका बारेमा थोरैलाई मात्र जानकारी छ । कतिपय किशोर-किशोरीहरू अव्यवस्थित यौनसम्पर्कका कारण यौनरोगहरूले गाँजिएका छन् ।

नयाँ नेपालमा यौनशिक्षाको बाटो प्रशस्त हुनुपर्छ । माध्यमिक स्तरको पुस्तकको दुई-चार पानाले मात्र व्यापक यौनशिक्षालाई थेग्न सक्दैन । आज यौनशिक्षा अरू नै विषयसँग गाँभिएर आउनुभन्दा आफैं एक विषय भएर आउन चाहन्छ । माध्यमिक तहमा 'जनसंख्या तथा स्वास्थ्य' पढाउनुभन्दा 'यौनशिक्षा र स्वास्थ्य' पढाउँदा नयाँ नेपालको शिक्षण प्रणालीको औचित्य प्रस्टिने थियो । कलेज स्तरमा पनि छात्र तथा छात्राहरूलाई यौनशिक्षालाई रोज्न पाउने गरी मानविकीअन्तर्गत यसलाई गाभ्नुपर्छ । यसरी यौनशिक्षालाई विस्तृत बनाएर यसलाई छात्र-छात्राहरूको रोजाइको विषय बनाउन आज कुनै कसर छोड्नु हुँदैन ।

यौनशिक्षाको अभावले यौनचाहना उर्लिने मनोवैज्ञानिक सत्य हो । यौनको रहर जति पनि यहाँका किशोर-किशोरीहरू चुपचाप मनमै दबाएर बस्न बाध्य छन् । चाहना र जिज्ञासा बढ्दा किशोर-किशोरीहरूले नीला चलचित्र र अश्लील पुस्तकको प्रयोगबाट त्यसको पूर्ति गर्न थालेका छन् । यिनै कारणले गर्दा ७० वर्षको बूढोले ७ वर्षकी बालिकालाई बलात्कार गरेको र बाबुले आफ्नै छोरीमाथि करणी गरेका घटना घट्ने गरेका छन् । यी अपराधहरू मौलाउनुमा यौनशिक्षाको अभाव नै कारक देखिन्छ । यहाँ दस वर्षकी बालिकालाई यौनचेतना छैन । फलस्वरूप खराब प्रवृत्तिका व्यक्तिले कामुकताले छाती छामिदिए पनि अपराधभन्दा स्नेह भन्दै उम्किएका छन् । पहिले चेतनाको कमीले पछि डर, धम्की र प्रलोभनले यहाँका कतिपय नारी आफ्नै घरपरिवारका सदस्य र इष्टमित्रबाट बलात्कृत छन् ।

त्यसैले आज यौनशिक्षालाई कक्षाकोठामा हुर्काउनु आवश्यक छ । अभिभावक र सन्तानको बीचमा बहस हुनु आवश्यक छ । अभिभावकहरूले आफ्ना सन्तानको बालसुलभ जिज्ञासा पूर्ति गर्नु आवश्यक छ । सबैको पहुँचमा यौनशिक्षा पुगे अपराध न्युनीकरण हुने मात्र होइन, यौनलाई हेर्ने दृष्टिकोणमा रूपान्तरण आएर, देशका कर्णधारहरू सिर्जनाको बाटोमा डोरिनेछन् ।

**–प्रेमकृष्ण श्रेष्ठ**

## ● तीतो सत्य ●

● मानिस आफू केही गर्न सक्ने, पराक्रम गर्न सक्ने छ भने अर्काको कुरा काटेर र अरूको रिस गरेर बस्नु पर्दैन । जो आफू केही गर्न सक्दैन, ऊ सधै अरूको कुरा काटेर अनि रिस गरेर मात्र बस्छ ।

● मानिसले मानिसलाई दुई तरिकाले सहयोग गर्न सक्छ । कुनै पनि चीज-वस्तु वा पैसा दिएर गरिने सहयोग पहिलो सहयोग हो भने केही अप्ठेरो परिआएको खण्डमा राम्रो बोली-वचन र व्यवहारले गरिने सहयोग दोस्रो सहयोग हो ।

**–पद्मा सिटौला, इटहरा, मोरङ**

● अरूको मुख ताक्नेहरू भोकभोकै मर्छन् भने आफ्नो अगाडि जे-जस्तो काम आइपर्छ वा पाइन्छ लाज-सरम नमानी गर्नेहरूले पेटको ज्वाला शान्त पार्छन् ।

**बिन्दु लामा**

● मानिस अर्कालाई दु:ख दिएर, अरूलाई लडाएर आफू खुसी हुने र पुरुषार्थी बन्ने प्रयास गर्छ, तर अरूलाई दु:ख दिएर पाएको सुख धेरै दिन टिक्न सक्दैन ।

● अरूलाई गिज्याएर रमाउने मानिसले जीवनमा कहिल्यै प्रगति गर्न सक्दैन ।

**– नारायण कुँवर**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***–सम्पादक***

● सहर चर्चा ●

## डिजिटल लेखक



३२ वर्षीय नेपाली युवक सुमित शर्मा समीरले लेखेको पुस्तक बेलायतस्थित कुपरजाल लिमिटेडले प्रकाशन गरेको छ, तर पुस्तकका रूपमा होइन । उनको उक्त पुस्तक अनलाइनमार्फत १० डलर तिरेपछि डाउनलोड गर्न सकिन्छ । त्यसबापत ४ डलर सुमितले पाउँछन् । 'अहिलेसम्म ४६ पटक डाउनलोड भैसकेको छ ।' केही समय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको जागिरमा बिताइसकेका सुमित उत्साहित छन् । हाल आफ्नै निजी संस्था क्विक सिल्भर प्रमोसन एन्ड कन्सल्टेन्सी सञ्चालन गरिरहेका सुमितले 'अनफिनिस्ट जर्नी स्टोरी अफ ए नेसन' शीर्षकमा पुस्तक लेखे । इतिहास, राजनीति, दर्शन र समाजशास्त्रीय कोणबाट लेखिएको उक्त पुस्तकलाई बेलायती प्रकाशकले प्रकाशन गर्दैछ । इन्टरनेटमा www.ideaindia.com_वेबसाइटमा गै सुमित शर्मा समीर सर्च गरिसकेपछि पुस्तक डाउनलोड गर्न सकिन्छ । पुस्तकमा सुमितले आफ्नो जीवनमा देखेका परिवर्तन र ती परिवर्तनका बारेमा उनको व्यक्तिगत विचारलाई संकलन गरेका छन् । लन्डन स्कुल अफ इकोनोमिक्सबाट स्नातक सकेपछि सुमित अहिले नेपालमै काम गरिरहेका छन् ।

● मोडल वाच ●



# लक्ष्मीको मोडलिङ योजना

१७ पूरा गरेर १८ वर्षमा प्रवेश गरेकी लक्ष्मी पुन मोडलिङ क्षेत्रमा प्रवेश गरेको धेरै भएको छैन । गत साउन महिनामा पोखरामा सम्पन्न जनजाति सौन्दर्य प्रतियोगिताका लागि छनौट भएपछि उनले मोडलिङको औपचारिक यात्रा प्रारम्भ गरेकी हुन् । प्रतियोगिताका क्रममा भएको दुई साता लामो प्रशिक्षणले उनलाई यो क्षेत्रबाट अलग हुन दिएन । फलस्वरूप पछिल्ला केही महिनादेखि उनी मोडलिङमै सक्रिय छिन् । ५ फिट ४ इन्च अग्ली लक्ष्मीले उक्त प्रतियोगितामा 'बेस्ट परफर्मेन्स' को उपाधि जितेकी थिइन् । लामाचौर, पोखराकी स्थायी बासिन्दा लक्ष्मी कक्षा १२ मा अध्ययनरत छिन् । केही लोकदोहोरी तथा पपगीतका म्युजिक भिडियोमा अभिनय गर्ने तयारीमा रहेकी लक्ष्मी नृत्यमा पारंगत छिन् । कलेजमा आयोजना हुने सांस्कृतिक कार्यक्रममा नृत्य गरिरहने लक्ष्मी जिन्स तथा टिसर्टकी पारखी हुन् । भविष्यमा राम्रो मोडल बन्ने लक्ष्य लिएकी लक्ष्मी काठमाडौं आएर मोडलिङको थप प्रशिक्षण लिने मनस्थितिमा छिन् । उनी भन्छिन्– 'नेपालको मोडलिङ राजधानी केन्द्रित भएकाले त्यहीं पुगेपछि मात्र मोडलिङमा स्थापित हुन सकिन्छ ।' लक्ष्मीका आकर्षक तस्बिरहरू लभ्लीपोखरा डटकममा हेर्न सकिन्छ ।

## ● मुखाले ●

न्यायपालिकालाई कार्यपालिका र व्यवस्थापिकाले दिएको विषय मात्र तामेल गर्ने निकाय बनाइयो भने नागरिक अधिकार सुरक्षित हुन सक्दैन ।

**मीनबहादुर रायमाझी**

राष्ट्रपतिकै कारण प्रजातन्त्र बाँचेको छ, नेपाली सेना लालसेना हुनबाट जोगिएको छ ।

**प्रकाशमान सिंह**

नेपाली कांग्रेस वर्तमान सरकारको निरन्तरताको पक्षमा छ ।

**सुशील कोइराला**

लोकतन्त्रमा प्रतिबद्ध दलले राज्यसँग समानान्तर हुने गरी सेना र बन्दुक राख्नु हुँदैन ।

**विद्या भण्डारी**

सहमति सिंगापुरमा होइन, सिंहदरबारमा जुटाउनुपर्छ ।

**विष्णु पौडेल**

देश टुक्र्याउन चाहने समूहसँग वार्ता हुँदैन ।

**रकम चेम्जोङ**

बेगमले भन्सार छलीका सामान भित्र्याउन दबाब दिएकी थिइन् ।

**दुर्गाप्रसाद भण्डारी**

नेताहरूले आफ्नो स्वार्थका लागि जनतालाई प्रयोग गरिरहेका छन् ।

**रागिनी उपाध्याय**

सेक्स भिडियोमा महिलालाई मात्र बदनाम गर्न खोज्नु गलत हो ।

**दीप्ति कार्की**

# गलत बाटोमा लाने सबै कुरा छाड्ने प्रयासमा छु


झरना बज्राचार्य, नायिका

सन् १९९७ अघि झरना बज्राचार्य आमकिशोरीझैं एउटी चुलबुले केटी मात्र थिइन्। त्यसै वर्ष भएको मिस नेपाल प्रतियोगिताले उनलाई मिस वर्ल्डमा भाग लिने बाटो खोलिदियो। त्यसपछि उनी अचानक ग्ल्यामरको संसारमा प्रवेश गरिन्। त्यसयताका १२ वर्षमा झरनाले २८ वटा नेपाली चलचित्रमा काम गरिन्। ५० भन्दा बढी म्युजिक खेलिन् भने मोडलिङको अनुभव पनि लिइन्। तीन वर्षअघि हिन्दी चलचित्र 'लभ इन नेपाल' मा काम गरेपछि झरना बलिउड चलचित्र उद्योगमा संघर्ष गर्न मुम्बई पुगिन्। अढाई वर्ष मुम्बई बसे पनि उनको कुनै विशेष काम देखिएन। बरु अचानक एक जना युरोपियन युवकसँग इंगेजमेन्ट भएको खबरले महत्व पायो। इंगेजमेन्ट भएको एक वर्ष बित्न लाग्दा पनि झरनाको विवाह भने भएको छैन। बरु अहिले उनी बौद्ध भिक्षुणी हुन लागेको खबरले बजार तातेको छ। १२ वर्षमा खोलो फर्कन्छ भन्ने उखान उनको जीवनमा मेल खाएको हो ? साप्ताहिकले यसपटक झरनासँग जीवनका आरोह-अवरोहका विषयमा कुरा गर्ने मुड बनायो। काठमाडौंको सीतापाइलाबाट २ किलोमिटर पश्चिम एकान्तवासमा रहेकी झरनालाई भेट्दा उनी फेरी १२ वर्षअघिकै साधारण युवतीको भेषमा भेटिइन्।

**अनुहार, पहिरन र वरपरको वातावरण सबैले तपाईं एउटी ग्रामीण युवतीझैं देखिनुभएको छ, एउटी ग्ल्यामरस हिरोइनको कुनै चिह्न देखिँदैन नि ?**

हिरोइन झरना बज्राचार्य स्क्रिप्टकी कलाकार हो। उसले त्यहाँ त्यही रूपमा देखिनुपर्छ। मानिसको कल्पनामा पनि त्यही छवि छ, तर म यतिखेर आफ्नो घरमा छु। यो पारिवारिक रूप हो।

**बजारमा तपाईं बौद्ध भिक्षुणी हुन लागेको हल्ला छ, यो सादगी त्यसैको अभ्यास हो ?**

म भिक्षुणी हुन लागेकी होइन। न त त्यसको अभ्यास नै गरिरहेकी छु। ध्यानी, ज्ञानी एवं जीवन बुझ्ने प्रयास गर्नु भिक्षुणी हुन खोज्नु होइन। म बेला-बेलामा विपश्यना ध्यानमा जान्छु। त्यहाँ सिकेका कुरा घरमा लागू गर्ने प्रयास गरिरहेकी छु। सबैभन्दा ठूलो कुरा म आफूलाई चिन्ने प्रयास गरिरहेकी छु।

**तपाईं झरना बज्राचार्य, यसमा चिन्न बाँकी के छ र ?**

म केही वर्षअघिसम्म अनजान जीवन बाँचिरहेकी रहेछु। चलचित्रमा देखिनु, मानिसले राम्रो भन्नु, अबेरसम्म पार्टीमा रम्नु, रमाइलो गर्नु नै जीवन हो भन्ने लाग्थ्यो। महत्त्वाकांक्षा पाल्नु र त्यहाँ पुग्नु नै मेरो लक्ष्य थियो। त्यसका लागि म जस्तोसुकै दुःख झेल्न तयार थिएँ।

**एउटी साधारण युवतीमा कुन बेलादेखि महत्त्वाकांक्षा पलाउँदो रहेछ ?**

सामान्यतः अरूले बढी आशा राखिदिँदा मानिस महत्त्वाकांक्षी हुँदो रहेछ। मेरो हकमा के भयो भने म मिस नेपाल भएँ। त्यसैबेला नेपालको प्रतिनिधित्व गर्दै मिस वर्ल्डमा भाग लिनुपर्ने भयो। प्रेसले एकैपटक मिस वर्ल्ड नेपालका रूपमा मलाई यति हाइलाइट गरिदिए कि म पुरानो झरना रहिनँ। सबैले झरनाले केही गर्नुपर्छ, नेपालको नाम राख्नुपर्छ भन्ने आशा गर्न थाले। म अरूका लागि बाँच्न थालें, अरूका लागि नै काम गर्न थालें। सँगै नाम र दाम पनि आउन थाल्यो। यसले मलाई अझ महत्त्वाकांक्षी बनायो। त्यसपछि स्कुलका साथीहरूसँगको सम्बन्ध टाढियो। मिटिङमा जाने, पार्टी ज्वाइन गर्ने, बाहिर लन्च गर्ने, विभिन्न सामग्रीको प्रचार-सामग्रीझैं हुन थाले। यसो गर्दागर्दै म अर्कै झरना हुन पुगें।

**यो त आधुनिक जीवनको अनिवार्य शैली हो, यसमा के आश्चर्य भयो र ?**

आश्चर्य आफूलाई बिर्सनुमा छ। अरूका लागि बाँच्नु, अरूका लागि गर्नुमा छ। अरूका लागि खुशी हुनुपर्ने, आफूलाई हाँस्न मन नलागे पनि हाँस्नुपर्ने, गर्न मन नलागेको काम पनि गर्नुपर्ने। यो बाध्यताको जीवन हो। मलाई लाग्छ, ग्यामरस दुनियाँमा धेरैजसो व्यक्ति आफूलाई बिर्सेर अरूकै लागि बाँचिरहेका छन्।

**यसको अर्थ सबैजसो कलाकारले जीवन बिर्सिरहेका छन् ?**

म अरूको कुरा भन्न सक्दिनँ। यसो भन्ने अधिकार मलाई छैन। म मेरो कुरा गर्न सक्छु। म सांसारिक चमकमा पूर्ण रूपमा होमिएकी रहेछु। म चुरोट खान्थें। वाइन पिउँथें। चाहिने-नचाहिने साथी बनाउँथें। म यति महत्त्वकांक्षी भएछु, समय छँटदै मैले फर्कनुपर्थ्यो। अहिले प्रयास गरिरहेकी छु।

**परम्परागत जीवनशैलीप्रति कसरी वितृष्णा उत्पन्न भयो ?**

जब म मुम्बई गएँ, त्यहाँ गर्नुपर्ने विभिन्न किसिमका स्ट्रगलले मलाई जीवनको वास्तविकताबोध गरायो। मानिस यस्तो भाग दौडमा छन्, जसले काम त दिलाउला, मनमा खुसी दिन सक्दैन। मानिसहरू केका लागि संघर्ष गरिरहेका छन् भन्ने सोच्दासोच्दै म झसङ्ग भएँ। ओहो, म पनि त त्यही गरिरहेकी छु। त्यसपछि मैले तुरुन्तै मुम्बई छाड्ने निर्णय गरें।

**मानिसहरू त काम नपाएपछि फ्रस्टेड भएर मुम्बई छाडेको आरोप लगाउँछन् नि ?**

केही हदसम्म त्यो सत्य हो। कारण म पूर्वमिस नेपाल, नेपालकी स्थापित कलाकार त्यहाँ जस्तो पायो त्यस्तो काम गर्ने कुरा आएन। 'लभ इन नेपाल' पछि मलाई ठूला चलचित्रमा त्यस्तै कामको अफर आउन थाल्यो। यद्यपि म्युजिक भिडियो तथा विज्ञापनबाट प्राप्त हुने पैसाले जीवन राम्रैसँग चलाउन सकिन्थ्यो। कामै नपाएर फ्रस्टेड हुने

बाँकी पृष्ठ ११ मा

Study in UK ...Plan your further Studies in the UK with the Specialist!
Under Tier-4 (PBS)
FREE SEMINAR & SPOT ADMISSION
Every Day from 10:00 am-6:00 pm @ Earth Vision Premises, Bagbazar, KTM.
Please visit with 2 pp-sized Photographs & copies of Academic Certificates for the Spot Admission.
Office will also stay open on Saturday (10:00 am to 4:00 pm)
- Scholarships for all Applicants
- IELTS/TOEFL Optional/Not Needed
- Plus Scholarships for IELTS/TOEFL Score Achievers
- Dependant can also apply Together
- 2 years Post-Study Work after Graduation
- Outstanding Visa Success Rate till date
- Fast Track Offer & Visa Letters

Foundation | Diploma | Bachelor | Master
Courses of Your Choice
Now Apply for Jan/Feb'10 Intakes
IELTS & TOEFL Preparation
Requirement: Min. SLC/+2 or above
Visa to the World... EARTH VISION INT'L EDUCATION
www.earthvision.edu.np | evisionepal@wlink.com.np
Bagbazar, Kathmandu (Near by NCC Bank) Tel: 4-250841, 01-6222925
Hetauda: 9804257021 | Birtamod: 023-621392 | Pokhara: 061-691448
Note: Agents urgently required in almost all major Cities of Nepal. Please contact us at 9803023740 or evisionepal@wlink.com.np

Hellotunes (CRBTs) from DIGITAINMENT



DOWNLOAD ANY HELLOTUNES OF ASTHA
SMS YOUR NAME AND LOCATION TO 5005
WIN FREE AUDIO CD
अघिल्लो साताको Audio CD बिजेताहरुको नाम www.digitainment.com.np मा राखिएको छ। CD लिन आफ्नो परीचय पत्र र मोबाईल फोन लिई यस कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गरीन्छ।

| Song | Singer | NT | Mero Mobile | UTL |
|---|---|---|---|---|
| आँखामा आँसु | आस्था बि. | 0140002218 | 602856 | 7785075 |
| रङ्गिन | आस्था बि. | 0140002219 | 602857 | 7785076 |
| सोच्न | आस्था बि. | 0140002220 | 602858 | 7785077 |
| तिमीनै छौ | आस्था बि. | 0140002221 | 602859 | 7785078 |
| सबै भन्छन् | आस्था बि. | 0140002222 | 602860 | 7785079 |
| कसरी जिउनु | आस्था बि. | 0140002223 | 602861 | 7785080 |

Most Popular Hellotunes

| Song | Singer | NT | Mero Mobile | UTL |
|---|---|---|---|---|
| दर्शन नमस्ते | राजेश पायल राई | 0140001695 | 60267 | 7784351 |
| भिजेका यी | अन्जु पन्त | 0140001977 | 602517 | 7784813 |
| तिमी बिना | राजु डंगोल | 0140001975 | 602462 | 7784799 |
| ऋितुहरुमा तिमी | बुद्ध ना. श्रेष्ठ | 0140002295 | 6021028 | 7785170 |
| हल्ला चलेछ | राजु लामा | 0140002212 | 602843 | 7785056 |

Recommended Hellotunes

| Song | Singer | NT | Mero Mobile | UTL |
|---|---|---|---|---|
| माछा खेल्छ | ऐड्रियन प्रधान | 0140002447 | 6021171 | 7785290 |
| आज मेरो नेपाल | निर्णय र स्मिता प्रधान | 0140002460 | 6021191 | 7785291 |
| दायाँ बायाँ | सविन राई | 0140002547 | 6021293 | 7785419 |
| मलाई अगांली देउ | सविन राई | 0140002540 | 6021286 | 7785411 |
| आमा | नेपथ्य | 0140002548 | 6021295 | 7785420 |
| जङ्गी निशान | नेपथ्य | 0140002554 | 6021297 | 7785422 |
| चिहानकी परी | शिरीष खड्का | 0140002524 | 6021255 | 7785379 |
| रात गुजार्न | Mt. 8848 | 0140002531 | 6021262 | 7785386 |
| मस्की मस्की | Mt. 8848 | 0140002535 | 6021266 | 7785390 |
| पोल्छ मुटु | श्रेया सोताङ्ग | 0140002516 | 6021238 | 7785363 |
| चुपचाप चुपचाप | स्वरुपराज आचार्य र श्रेया सोताङ्ग | 0140002518 | 6021240 | 7785365 |
| काली परी | पुनम पन्त | 0140002449 | 6021172 | 7785293 |
| इसाराले बोलाउनु पर्दैन | आशिफ शाह र मान्डवी त्रिपाठी | 0140002238 | 602889 | 7785108 |
| झम झम इस्टकोट | रोज मोक्तान | 0140002239 | 602890 | 7785109 |
| भुलमा भुल्यो | रविन एण्ड लुजा | 0140002305 | 602990 | 7785129 |
| शहिद | एक्स मन्त्र | 0140002267 | 6021000 | 7785139 |
| नजाउ | पुष्पा गुरुङ्ग | 0140001982 | 602522 | 7784818 |
| देउराली डाँडा नी | प्रसाद श्रेष्ठ | 0140002491 | 6021247 | 7785371 |
| हल्ला नगर | नविन के. भट्टराई | 0140002141 | 602697 | 7784984 |
| फ्राइडे इभिनिङ्ग | सगुन एण्ड द कम्पनी | 0140002148 | 602704 | 7784991 |
| नरु न | रवि बज्राचार्य | 0140002502 | 6021224 | 7785349 |
| आत्मा | नरेन | 0140002231 | 602869 | 7785088 |

आफ्नो गीत संगीत प्रबंधन गराउन चाहने सम्पुर्ण संगीतकर्मी र म्युजिक कम्पनीहरुले ५००५५३० र २२३७३९५ मा सम्पर्क गर्न अनुरोध गरीन्छ ।
Digitainment P. Ltd. नेपालको एकमात्र कम्पनी हो जसले:
१. नेपालका सबै टेलिकमहरु नेपाल टेलिकम, मेरो मोबाईल र यु.टि.यलमा सेवा उपलब्ध गराउँदछ ।
२. भारतका प्रमुख टेलीकमहरुमा नेपाली गीतका CRBT सेवा दिदैं आएको छ ।
३. iTUNES मा नेपाली गीतहरु विश्वव्यापी डिजीटल बितरणको सम्झौता गरीएको छ ।
Brought to you by: DIGITAINMENT PVT. LTD. Chakupat, Patan Dhoka Ph: 5005530, 2237395
iTunes
For More Songs: www.digitainment.com.np
Prismark/09

# प्राक्टिकलमा कसरी 'एटेन्ड' हुने ?



तस्बिर : नवराज बाग्ले

**सागर शर्मा**

विज्ञान संकायमा प्राक्टिकल त थुप्रै गर्नुपर्छ। सिद्धान्तमा पढेका कुरालाई व्यावहारिक रूपमा पुष्टि गर्नका निम्ति प्रायः सबै विज्ञान विषय पढाउने कलेजहरूमा साप्ताहिक शैक्षिक तालिकामा नै प्राक्टिकल गर्ने समय छुट्याइएको हुन्छ। कक्षा ११ मा 'फिजिक्स, केमेस्ट्री र बायोलोजी ल्याब' गरी तीनवटा 'प्राक्टिकल रुम' हुन्छन् र यिनै 'प्राक्टिकल रुम'मा विद्यार्थीहरूलाई प्राक्टिकल गर्न लगाइन्छ। केही कलेजमा बायोलोजी विषयको सट्टामा कम्प्युटर विज्ञानको पाठ्यक्रम लागू गरिएकाले बायोलोजी प्राक्टिकलको सट्टा कम्प्युटर प्राक्टिकल गराइन्छ।

**फिजिक्स प्राक्टिकल**

कक्षामा पढेका सिद्धान्तलाई प्रमाणित गर्ने तथा सो तथ्यलाई अन्य कुरामा लागू गरी सार उपलब्धि प्राप्त गर्ने कार्य फिजिक्सको प्राक्टिकलमा गरिन्छ। यसको प्राक्टिकलमा स-साना कुरामा पनि ध्यान पुर्‍याउनुपर्छ। सामान चलाउँदा 'केयरलेस' गर्नाले केही हानि नभए पनि यसले गर्दा नतिजा तथ्यभन्दा टाढाको आउन सक्छ। फलस्वरूप 'प्राक्टिकल' अर्थहीन हुन सक्छ।

फिजिक्सको प्राक्टिकल गर्दा राम्रोसँग सचेतताका साथ 'रिडिङ' लिने गर्नुपर्छ, साथै क्यालकुलेटर, प्राक्टिकल किताब, कापी, कलम, स्केल, इरेजर, कटर, कम्पास अनिवार्य रूपमा साथमा हुनुपर्छ। प्राक्टिकललाई समय बिताउने थलोका रूपमा लिइयो भने जानी-नजानी केही सामान टुट-फुट हुन सक्छन्, जसको फलस्वरूप जरिवाना तिर्नुपर्ने हुन्छ। धेरै प्राक्टिकलबाट आफ्नो स्वास्थ्यमा खासै असर नपरे पनि विद्युत्सँग सम्बन्धित प्राक्टिकलमा भने विशेष सावधानी अपनाउनुपर्छ। झट्ट केही असर नपरे पनि विद्युतीय उपकरणको जथाभावी प्रयोगले दीर्घकालीन असर पनि पर्न सक्छ। त्यसैले फिजिक्स विषयको प्राक्टिकल गर्दा आफ्नो आँखालाई सक्रिय बनाउँदै देखिने परिवर्तनहरूमा ध्यान दिनुपर्ने हुन्छ।

**केमेस्ट्री प्राक्टिकल**

केमेस्ट्री रसायनहरू परीक्षण गरी उपलब्धि प्राप्त गर्ने खालको प्राक्टिकल हो। यसमा सरलदेखि कडा तथा हानिकारक रसायनसँग पनि खेल्नुपर्ने हुन्छ। त्यसैले केमेस्ट्रीको प्राक्टिकल गर्दा संयम् अपनाउनुपर्छ। अत्यधिक रूपमा 'टेस्ट' गर्नका निम्ति धेरै रसायनको आवश्यकता पर्ने हुँदा अरू प्राक्टिकलभन्दा यो प्राक्टिकल अलि खर्चालु पनि हुन्छ। विशेष सावधानी नअपनाए यसबाट स्वास्थ्यमा ठूलो हानि हुनसक्छ।

केमेस्ट्री प्राक्टिकल गर्दा सजग नहुनाले दुर्घटना भएका प्रशस्त उदाहरण छन्। सानो लापर्बाहीले पनि स्वास्थ्यमा असर पार्न सक्ने हुँदा कडा र हानिकारक रसायनको प्रयोगमा विशेष ध्यान दिनुपर्छ।

**बायोलोजी प्राक्टिकल**

अरू प्राक्टिकलभन्दा बायोलोजी प्राक्टिकल अलि सहज किसिमको हुन्छ। फिजिक्स र केमेस्ट्रीको प्राक्टिकल उठेर गर्नुपर्छ भने बायोलोजीको प्राक्टिकलमा बस्ने व्यवस्था हुन्छ। यो प्राक्टिकलमा बोटबिरुवा तथा जीवजन्तुका अंग, तिनीहरूको जीवनचक्र आदिका बारेमा अध्ययन गर्नुपर्ने हुन्छ।

प्रायः प्राक्टिकलमा जीवजन्तु तथा बोटबिरुवाको सामान्य चिरफार गरी अध्ययन गर्नुपर्ने हुन्छ। केही प्राक्टिकल भनेका दिइएका जीव र बोटबिरुवा हेर्ने र तिनीहरूको जैविक क्रियाकलापको अध्ययन गर्ने पनि हुन्छन्। प्राक्टिकल गर्न सजिलो भए पनि यो कुरालाई आफ्नो कापीमा उतार्न अलि बढी समय खर्चिनुपर्ने हुन्छ। चित्रहरू अत्यधिक मात्रामा बनाउनुपर्ने र थोरै गल्ती भए पनि शिक्षकले हस्ताक्षर नगरिदिनाले पहिलो चरणमा विद्यार्थीलाई बढी नै चिन्ता हुन्छ। धेरै चित्र बनाउँदा र प्राक्टिकलमा देखिएको कुरा लेख्दा थ्यौरीतर्फको पढाइमा ह्रास आउन सक्छ। त्यसैले विद्यार्थीहरूले कापीका सिटहरू कलेजमा नै लाने र प्राक्टिकल सकिएपछिको बाँकी समयमा कक्षामा नै गर्नुपर्छ, साथै समयलाई राम्रोसँग व्यवस्थापन गरी घरमा पनि सोका निम्ति थोरै समय मात्र दिई बाँकी समय अध्ययनमा नै खर्चिनुपर्छ।

बायोलोजीको प्राक्टिकलमा भ्यागुता, गड्यौला आदि चिरफारका लागि प्रयोग हुन्छन्। यी जीव नकुहिउन् भनेर फर्मालिन नामक रसायनमा राखिएका हुन्छन्। यदि यो रसायन आँखामा पर्‍यो भने अन्धो पनि हुन सकिन्छ, यो हातका लागि पनि हानिकारक हुन्छ। त्यसैले चिरफार गर्दा राम्ररी पखालेर मात्र गर्ने तथा प्राक्टिकल सकिसकेपछि साबुन पानीले हात धुने। माइक्रोस्कोप पनि सावधानीपूर्वक चलाउनुपर्छ। जथाभावी रूपमा चलाउँदा यसको लेन्सले काम गर्न छोड्न सक्छ। त्यसैले प्राक्टिकल सहज भए पनि आफ्नो समय व्यवस्थापन र केही उपकरणमा भने सजग नै रहनुपर्छ।

**कम्प्युटर प्राक्टिकल**

कम्प्युटरको प्राक्टिकल कम्प्युटरसँग सम्बन्धित सफ्टवेयर तथा केही रूपमा हार्डवयरका बारेमा पनि जानकारी लिने खालको हुन्छ। प्राक्टिकल कम्प्युटरमै गरिने हुँदा विद्यार्थीहरूले प्राक्टिकल समयलाई मनोरञ्जनको समयका रूपमा पनि लिन्छन्।

कम्प्युटरको प्राक्टिकल अलि सहज किसिमको हुन्छ, साथै प्लस टुमा कम्प्युटरका जटिल प्राक्टिकलहरू समावेश गरिएको अवस्था पनि छैन तर कम्प्युटरको प्रयोगमा लापर्बाही गर्न थालियो भने कम्प्युटर बिग्रनुका साथै महत्त्वपूर्ण 'डाटा' पनि हराउन सक्छन्।

यसरी कलेज जीवनमा विद्यार्थीहरूले समय-तालिकाअनुरुप धेरै प्राक्टिकल गर्नुपर्ने हुन्छ। प्राक्टिकलसम्बन्धी कार्य गर्ने समयको राम्रो व्यवस्थापन नगरे आफ्नो पढाइमा बाधा उत्पन्न हुन पनि सक्छ। त्यसैले प्राक्टिकलको अंकभार पनि धेरै भएकाले, आफ्नो नतिजामा प्रत्यक्ष असर पार्ने हुँदा अनुशासित रूपमा प्राक्टिकल कक्षामा एटेन्ड हुने र सचेत रही दिइएको प्राक्टिकल गर्ने गर्नुपर्छ। प्राक्टिकलसम्बन्धी कार्य गर्ने समय र आफ्नो पढाइको समयलाई राम्रो व्यवस्थापन गरिए प्लस टुको पढाइ पनि विद्यालयजस्तै सहज हुन्छ।

+2/SLC १ बर्ष मै
□ १ बर्ष मै +२ पास गर्न चाहानुहुन्छ ?
□ ८,९,१० पास नगरी SLC दिन चाहानुहुन्छ ?
□ Maths/Science साथै Sent up नदिई SLC पास गर्न चाहानुहुन्छ ?
□ SLC/+2 मा ५ विषय पढे पुग्ने।
□ जागिरे/गृहिणीहरूले घरमै बसी पढ्न सक्ने।
□ TU/HSEB/KU तथा विश्वभर मान्यता प्राप्त।
□ Nepali/English भाषामा परीक्षा दिन सकिने।
पाथ-फाईन्डर ग्लोबल एजुकेशन
पुतलीसडक चोक, काठमाडौं (रिपोटर्स क्लबको अगाडि) 01-2005077

होटल तालिम विशेष छुटमा
2003 मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
३ महिने कुकमा FREE ENGLISH LANGUAGE
थप Industrial Training लाई Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
रयाडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरवोट मार्ग
2040782, 016200757, 98510-93629
रयाडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी
4464720, 9841-891131, 98510-93629

६ महिना मै कक्षा-८
सजिलै पास गरौ
(५, ६, ७, ८ फेल भई विचैमा पढाई छोडेका वा १४ वर्षदेखि माथिका विद्यार्थीहरूले सम्पर्क राख्न सक्ने छन्) यस वैकल्पिक विद्यालयबाट यसै वर्ष २०६६ मा जिल्ला शिक्षा कार्यालयले लिने जिल्ला स्तरीय परीक्षा कक्षा-८ उर्तिण विद्यार्थीहरूले २०६७ सालमा कक्षा-९ नपढी सोझै कक्षा १० मा भर्ना भई SLC दिन पाउने भएको हुँदा सिमित सिटमा नयाँ भर्ना खुल्ला गरिएको छ। माध्यम:नेपाली/अंग्रेजी
स्याण्ड्रा विद्यालय, नयाँबजार, सोह्रखुट्टे, फोन:४३६१७१२
बुद्ध विद्यालय, गोङ्बु, काठमाडौं, फोन:४३६५१५५

नेपालको एक मात्र
HABIBS
Hair & Beauty Academy
LIMITED SEATS
Announces Admission Open for :
Advance Hair Styling
Advance Beauty
Advance Make-Up Course
For More Details Please Contact:
Kasthamandap Bazaar Building, 2nd Floor
Kamaladi, Kathmandu, Ph: 4240431,2004045

निशुल्क होटलतालिम
वेटर/वेट्रेस
साथमा रु ३०००/- भत्ता
उत्कृष्टलाई ७ देखि १० हजार सम्मको जागिरको व्यवस्था
साथै विदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था:- जस्तै ★Cook ★waiter/ss ★Bartender ★Coffee Making ★House Keeping
★साथै अन्य कोर्षहरु विशेष छुटमा धमाधम भर्ना
Wisdom Hotel Training Center
Kalimati Chowk
Phone N.: 01-6223587, 9841327603, 9841032377

Learn to Speak English
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS Language Centre
Golkopakha, Thamel
4359170

सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) -1050/-
मोटोपन घटाउने (Sauna Belt)
अनुहार गोरो बनाउने (Roop Amrit)
स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
डण्डीफोर, चाया पोतो हटाउने (Cream)
धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी अनुभवी प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिइन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँग
Tel :- 4249576

मुहार
बेदाग गोरो मुहारको लागि
रूपअमृत (Antipimple) -1650/-
चाउरीपना हटाउने Cream -1250/-
स्तन बढाउने Cream -1650/-
म्याग्निक ▶ ब्लडप्रेशर ▶ दम प्रा.उपचार
शरीरको उचाई बढाउने -1250/-
शरीरको तौल बढाउने -1000/-
मोटोपना घटाउने -2550/-
No Side effect 100% Guaranteed
केश
झर्ने तुरुन्तै रोकी उमार्ने तेल Rs. 750/-
Before Herbal44 After
आस्था हेल्थ केयर
काठमाडौं, गोशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, इटहरी 025-580944

# नेपालमा जनप्रशासनको अध्ययन

पूर्णप्रसाद मिश्र



नेपालमा प्रशासन क्षेत्रको ज्ञान, क्षमता र सीपको अभिवृद्धि गर्ने उद्देश्यले जनप्रशासन विषयको अध्यापन २०३१ सालतिर प्रारम्भ भएको हो । त्रिभुवन विश्वविद्यालयमा व्यवस्थापन संकायअन्तर्गत स्थापित जनप्रशासन क्याम्पसमा पहिले डीपीए (डिप्लोमा इन पब्लिक एड्मिनिस्ट्रेसन) को अध्यापन गराइन्थ्यो । डीपीएमा भर्ना हुन जुनसुकै विषयमा आई.ए. उत्तीर्ण गरेको हुनुपर्थ्यो । २०३६ सालमा डीपीए बन्द गरेर एमपीए (मास्टर इन पब्लिक एड्मिनिस्ट्रेसन) को अध्यापन प्रारम्भ गरिएको हो । जनप्रशासनमा एमपीएको कक्षा सुरु भएपछि जुनसुकै विषयमा स्नातक उत्तीर्ण गरेका विद्यार्थीहरूले एमपीएमा भर्ना पाउँछन् । एमपीएको शैक्षिक सत्र त्रिभुवन विश्वविद्यालयको शैक्षिक तालिकाअनुसार अन्य विषयमा स्नातकोत्तर सँगै प्रारम्भ हुन्छ ।

**जनप्रशासनमा के-के पढाइन्छ ?**

जनप्रशासनको स्नातकोत्तर एमपीए पनि दुई वर्षे हुन्छ । एमपीए प्रथम वर्ष ५ सय पूर्णांकको हुन्छ । जसमा जनप्रशासनको आधारभूत ज्ञान, जनप्रशासनमा अनुसन्धान पद्धति, विकास प्रशासन, सार्वजनिक, व्यक्तिगत प्रशासन र कार्यालय संरचना, सार्वजनिक आर्थिक प्रशासन र प्रशासनिक कानुनजस्ता विषयहरूको अध्ययन-अध्यापन हुन्छ ।

एमपीएको दोस्रो वर्षमा सार्वजनिक नीति विश्लेषण, सार्वजनिक उद्यम व्यवस्थापन एवं सामाजिक उत्तरदायित्व, अन्तर्राष्ट्रिय प्रशासन, सार्वजनिक प्रशासन व्यवस्थापनका समान विषयहरू अनिवार्य रूपमा अध्ययन-अध्यापन गरिन्छ । त्यसैगरी विकास प्रशासन क्षेत्र, मानवीय स्रोत विकास क्षेत्र, सार्वजनिक आर्थिक क्षेत्र, कानुन र निर्देशन, प्रशासन क्षेत्र र प्रतिवेदन लेखनमध्ये कुनै एक क्षेत्र अथवा प्रतिवेदन लेखनलाई छनौट गर्नुपर्ने हुन्छ । कुनै एक क्षेत्र दुई सय पूर्णांकको हुन्छ भने प्रतिवेदन लेखन १ सय पूर्णांकको हुन्छ ।

**कस्ता-कस्ता विद्यार्थी ?**

जनप्रशासनमा स्नातकोत्तर तह अध्ययन गर्ने प्रायः विद्यार्थी प्रशासनिक क्षेत्रमा काम गरिरहेकाहरू नै छन्, जसमा खरिदारदेखि उपसचिवसम्मका कर्मचारी पर्छन् । सेना, प्रहरी तथा निजी क्षेत्रका प्रशासनमा कार्यरत कर्मचारीहरू पनि जनप्रशासन क्याम्पसमा अध्ययनरत छन् । जनप्रशासनको अध्ययन गर्दा बढुवामा सजिलो पर्ने र सम्बन्धित विषयको ज्ञान, दक्षता एवं सीप हासिल हुने हुनाले पनि कर्मचारीहरूको आकर्षण बढेको हो । लोकसेवा आयोगले लिने अधिकृत परीक्षाको तयारी गरिरहेकाहरू पनि विषय मिल्ने कारणले जनप्रशासन क्याम्पसमा भर्ना हुन्छन् ।

**भवनको समस्या**

२०३१ सालमा स्थापना हुँदा जनप्रशासन क्याम्पस डिल्लीबजारमा थियो । त्यसपछि जनप्रशासन क्याम्पस त्रिभुवन विश्वविद्यालयकै त्रिपुरेश्वरस्थित भवनमा सऱ्यो । २०६० सालसम्म त्रिपुरेश्वरमै रहेको क्याम्पसलाई त्यसपछि जमलमा सारियो । आधुनिक पद्धतिबाट अध्यापनका लागि कम्प्युटरको व्यवस्था भए पनि साँघुरो भवन तथा त्यसको जीर्ण अवस्थाले असजिलो परेको छ ।

**प्राध्यापक पनि छैनन्**

जनप्रशासन क्याम्पसमा भवनको मात्र समस्या होइन दरबन्दीअनुसारका प्राध्यापकसमेत छैनन् । प्राध्यापकदेखि सहायक प्राध्यापकसम्म गरी २९ जनाको दरबन्दी रहे पनि अधिकांश दरबन्दी अहिले पनि रिक्त छ ।

जनप्रशासन क्याम्पसमा बिहानी, दिवा र रात्रि गरी तीन समूहमा जनप्रशासन स्नातकोत्तरको कक्षा सञ्चालन हुन्छ । जनप्रशासनमा स्नातकोत्तर (एमपीए) गर्न चाहने विद्यार्थीले प्रथम वर्षमा भर्ना र परीक्षा शुल्कसहित एकमुष्ट ७ हजार रुपैयाँ तथा द्वितीय वर्षमा ४ हजार ५ सय रुपैयाँ शुल्क तिर्नुपर्छ । जनप्रशासन अध्ययन गर्ने जेहेन्दार र दुर्गम क्षेत्रका विद्यार्थीहरूले छात्रवृत्तिसमेत प्राप्त गर्छन् भने अन्धा, अपांग विद्यार्थीहरूलाई पूर्णरूपमा निःशुल्क अध्यापन गराइन्छ । जनप्रशासन क्याम्पसमा वार्षिक शैक्षिक प्रणालीमा अध्यापन गराइन्छ । दुई वर्षमा (एमपीए) जनप्रशासनमा स्नातकोत्तर अध्ययन पूरा हुन्छ । सबै विषयमा २० पूर्णांकको प्रयोगात्मक परीक्षाको व्यवस्थासमेत गरिएको छ ।

**जनप्रशासनमा निजी क्याम्पस**

२०६० सालदेखि जनप्रशासन विषयमा निजी क्याम्पससमेत खुलेको छ । पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धनप्राप्त काष्ठमण्डप स्कुल अफ पब्लिक अफेयर्स म्यानेजमेन्ट निजी स्तरमा सञ्चालित नेपालको एक मात्र जनप्रशासन अध्यापन हुने क्याम्पस हो । यो क्याम्पस काठमाडौंको तीनकुने सुविधानगरस्थित मेरिल्यान्ड स्कुल भवनमा सञ्चालित छ । रात्रि क्याम्पसका रूपमा सञ्चालित उक्त क्याम्पसमा अध्ययनरत अधिकांश विद्यार्थी प्रशासनिक क्षेत्रमै कार्यरत छन् ।

जनप्रशासनमा स्नातकोत्तर अध्यापन हुने उक्त क्याम्पसमा सेमेस्टर सिस्टमबाट अध्यापन हुन्छ । सेमेस्टर सिस्टमअनुसार छ महिना पढाइ भएपछि परीक्षा हुन्छ । एक सेमेस्टरमा १६ देखि २० साता अनिवार्य रूपमा पढाउनैपर्ने व्यवस्था छ । एक वर्षमा वर्षे र हिउँदे गरी दुई सेमेस्टरसञ्चालन हुन्छ । काष्ठमण्डप स्कुल अफ पब्लिक एफेयर्स म्यानेजमेन्टमा वर्षे र हिउँदे दुवै सेमेस्टरमा नयाँ भर्ना लिइन्छ । यो क्याम्पसमा पनि एमपीएमा भर्नाका लागि कुनै पनि विश्वविद्यालयबाट स्नातक नै उत्तीर्ण हुनुपर्छ ।

त्रिभुवन विश्वविद्यालयको जनप्रशासन क्याम्पसभन्दा काष्ठमण्डप स्कुल अफ पब्लिक एफेयर्स म्यानेजमेन्ट दुई कुरामा फरक देखिन्छ । पहिलो कुरा त्रिभुवन विश्वविद्यालयमा थेसिस अनिवार्य छैन । त्यसको सट्टामा विद्यार्थीले अन्य विषय पनि रोज्न सक्छन् तर पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धनप्राप्त काष्ठमण्डप स्कुल अफ पब्लिक अफेयर्स म्यानेजमेन्टका विद्यार्थीहरूले भने अनिवार्य रूपमा थेसिस गर्नैपर्छ । यो क्याम्पसमा चार सेमेस्टरमार्फत् दुई वर्षमा एमपीए सकिन्छ । जनप्रशासन क्याम्पसमा दुई वर्षे वार्षिक प्रणालीमार्फत् एमपीए सकिन्छ । यसबाहेक दुवै कलेजको पाठ्यक्रम भने समान छ । शिक्षण प्रक्रिया भने जनप्रशासनमा भन्दा पब्लिक अफेयर्स म्यानेजमेन्टमा अलि फरक छ । पब्लिक अफेयर्स म्यानेजमेन्टमा सेमेस्टरको अन्त्यमा सेमिनार आयोजना गरी विद्यार्थीहरूलाई प्रस्तुत गरिन्छ । साथै कक्षामा पनि समसामयिक विषयमा प्रस्तुति दिइन्छ ।

जनप्रशासन क्याम्पसको भन्दा पब्लिक अफेयर्स म्यानेजमेन्टको शुल्क भने ६ गुणा बढी छ । जनप्रशासनबाट साढे ११ हजार रुपैयाँमा पूरा हुने एमपीए पब्लिक अफेयर्स म्यानेजमेन्टबाट पूरा गर्न भने ६१ हजार १ सय रुपैयाँ लाग्छ । पब्लिक अफेयर्स म्यानेजमेन्टबाट सेमेस्टर परीक्षामा सर्वाधिक अंक ल्याई उत्तीर्ण गर्ने एकजनालाई अर्को सेमेस्टरमा निःशुल्क पढाउने व्यवस्था गरिएको छ । दुर्गम क्षेत्रबाट स्नातक पास गरेर आउनेलाई म्यानेजमेन्टका चारै सेमेस्टरमा निःशुल्क एमपीए पढ्ने व्यवस्था गरिएको छ ।


स्वदेश तथा विदेशमा
100% रोजगारमुलक
होटल तालिम
कुक ३० दिन | वेटर/वेट्रेस १५ दिन | कफि मेकिङ १५ दिन
also other training are available.
KMDC Koteshwor
(Kamana Manpower Development Center)
4601878 / 4600335

६ महिना मै +2
तथा Math / Science / Test नदिईकनै
Arts Commerce Science
S.L.C.पास !!
अन्तिम भर्ना !!
(Nios Delhi Board)
American/Nios (+2)
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, +2, A Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने,
कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीर तथा गृहिणीले घरमै पढेरै पनि परीक्षा दिन सकिने,
नेपाली तथा अंग्रजीमा परीक्षा दिन पाईने ।
४/४ महिना मै IA/ICom Pass !!
SLC पास गरी विविध कारणले College पढ्न नपाएका तथा धेरै चोटी Back लागी असफल भएकाहरुका लागि IA/ICom पास गर्ने सुवर्ण अवसर !!
अंग्रेजी, JAPANESE, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु भाषाहरु, साथै Tuition for BBS, BA, +2, CBSE, A"Level and Computer Courses.
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी 5549139
9851021665
बनेपा 011-660994
ओरियन एकेडेमी
सामाखुशी -4388400
9851021071
चावहिल 2290690
नयाँ बानेश्वर 2160822

आयुर्वेदिक पद्धती द्वारा दिर्घरोगको अचूक उपचार
हाडजोर्नी तथा नसा: सबै किसीमका बाथ, आथ्राइटिस, प्यारालाइसिस, साइटिका हड्डीखिइएको, नसा च्यापिएको, हातखुट्टा झमझमाउने, मुख बाङ्गीने, जोंनीहरु दुख्ने, डिस्क प्रोल्याप्स
पेट संवन्धी: ग्यास्ट्रिक, अम्लपित, जण्डिस कोलाइटिस, अपच, कब्जीयत तथा अन्य रोगहरु
मानसिक: डिप्रेसन अनावश्यक डर, भय, अनिन्द्रा, शारिरीक थकान, रिगंटा, तनाव आदि ।
दिर्घरोगहरु: पिनास, पाइल्स, मधुमेह, उच्च रक्तचाप, यूरिक एसिड, दम, आदि ।
यौन: सबै किसिमका यौन दुर्वलता, धातुरोग, सरुवा रोग निःसन्तापन, यौनाङ्ग विकास, महिनावारीमा गडवडी आदि (पुर्ण गोप्यताका साथ)
सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु ।
धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.
धुम्बाराही चोक, रिङ्गरोड भन्दा उत्तर मन्डिखाटार जाने बाटोमा
काठमाडौं फोन : ४३७९०९६, ४३७०५८६


Language / Computer
English: Elementary, Intermediate & Advanced courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive classes..)
Computer: Basic/Advanced/Accnt./Graphic
TOEFL / IELTS / SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Study Abroad: USA, UK Canada, Australia.. Wide range of courses. Free counselling..
Language books/Cassettes/CDs/Video DVDs:
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Eagle Eye UN POL (SAT) prepn. Book with audio CD Price: Rs. 280/-
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Face to Face Language Videos Price: Rs. 160/-
Interactive English Language Videos Price: Rs. 260/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945 OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)

# आजदेखि लोकस महोत्सव



तस्बिर : नवराज वाग्ले

**कुनै स्थानमा सुरक्षित ढंगले राखिएको सामान कसैले चलाएको खण्डमा जानकारी दिने मोसन डिटेक्टर वेबक्यामदेखि अर्को कम्प्युटरको डेस्कटपलाई प्रयोगकर्ताले आफ्नो कम्प्युटरमा तानेर काम गर्न सक्ने रिमोट डेस्कटपजस्तो प्रविधिलाई अवलोकनकर्ताले महोत्सवमा नियाल्न पाउनेछन्।**



● **विदुर खतिवडा**

'गुणस्तरका लागि प्रतिस्पर्धा' नारा तय गरेको राष्ट्रिय प्रविधि महोत्सव लोकसको छैटौं संस्करण आजदेखि पुल्चोक इन्जिनियरिङ क्याम्पसमा प्रारम्भ भएको छ। इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकमा कम्प्युटर, इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल विभागमा अध्ययनरत विद्यार्थीहरूले आयोजना गरेको यो महोत्सव पर्सि आइतबारसम्म चल्नेछ।

'इन्जिनियरिङ अध्ययनरत विद्यार्थीमा रहेको अन्तर्निहित क्षमतालाई प्रस्फुटन गराउन प्रतिस्पर्धात्मक स्वरूपमा यो महोत्सव आयोजना गरिएको हो।' महोत्सव प्रचार समिति संयोजक ज्ञानेश्वर बोहोराले साप्ताहिकलाई भने- 'गणितीय भाषामा लोकसको अर्थ पथ भएकाले प्राविधिक विषयमा अध्ययनरत विद्यार्थीलाई सम्बन्धित विषयमा दक्ष बनाउन लोकस प्राविधिक महोत्सव पथ प्रदर्शक बनोस् भन्ने हाम्रो उद्देश्य हो।'

आयोजकहरूका अनुसार महोत्सवले नेपाली विज्ञान तथा प्रविधिको क्षेत्रमा उल्लेख्य योगदान पु¥याउनेछ। सन् २००३ मा पहिलो पटक आयोजना भएको लोकस महोत्सव पहिलो संस्करणमै सफल सावित भएपछि त्यसयता निरन्तर आयोजना हुँदै आएको छ। 'समयको मागअनुरुप आफूसँग उपलब्ध सीमित स्रोत तथा साधनमा पनि कसरी धेरैभन्दा धेरै उपलब्धि हासिल गर्न सकिन्छ भन्नेतर्फ महोत्सवमार्फत विद्यार्थीहरूको ध्यान आकर्षित गर्न खोजिएको हो।' लोकस २००८-०९ महोत्सव संयोजक आशिष कार्कीले भने- 'यस प्रकारको प्रतियोगितात्मक प्रदर्शनीले विकसित देशहरूले विज्ञान तथा प्रविधिको क्षेत्रमा गरेको प्रगतितर्फ हाम्रो जस्तो अल्पविकसित राष्ट्रलाई डो¥याउन सहयोग पु¥याउँछ भन्ने हाम्रो ठम्याइ छ।'

'प्राविधिक विद्यार्थीलाई स्वस्थ प्रतिस्पर्धाका निम्ति प्लेटफर्मका रूपमा लोकस आयोजना गरिएको हो।' लोकसको मुख्य उद्देश्यका सम्बन्धमा प्रकाश पार्दै प्रचार संयोजक बोहोराले भने- 'विद्यार्थीमा व्यावसायिक सीप, सामूहिक कार्य तथा नेतृत्व विकासका साथै नवीनतम् कार्य गर्ने सृजनात्मक क्षमता लोकस आयोजनाले अभिवृद्धि हुनेछ।'

पुल्चोक इन्जिनियरिङ क्याम्पसका अतिरिक्त इन्जिनियरिङ विषय अध्यापन हुने अन्य एक दर्जन कलेजका विद्यार्थीले जन्माएका नयाँ प्रविधिहरू लोकस महोत्सवको आकर्षण बन्दैछन्, जसमा उपत्यकाबाहिरका क्याम्पस पनि सहभागी छन्। कम्प्युटर हार्डवेयर, सफ्टवेयर, इलेक्ट्रिकल इभेन्ट तथा अन्य प्राविधिक क्षेत्रमा भएका नयाँ प्रगतिका कथा लोकस महोत्सवका अवलोकनकर्ताले थाहा पाउनेछन्। करिब २० हजार दर्शकले अवलोकन गर्ने अपेक्षा राखिएको यो महोत्सवमा इन्जिनियरिङ विषय अध्ययन नगरी आफ्नै प्रयासले विकास गरेका प्रविधिलाई पनि महत्त्व दिइएको महोत्सवका वित्तीय संयोजक लेखनाथ काफ्लेले बताए।

निःशुल्क प्रवेश सुविधा रहेको लोकस प्राविधिक महोत्सवमा यसपटक सफ्टवेयर प्रतियोगिता, हार्डवेयर प्रतियोगिता, इलेक्ट्रिकल इभेन्ट प्रतियोगिता, कार्यपत्र प्रस्तुति प्रतियोगिता, प्राविधिक सामान्यज्ञान प्रतियोगितालगायत भर्च्युअल गेम प्रतियोगिता पनि हुँदैछ। यसका अतिरिक्त विभिन्न विषयमा आधारित सम्मेलन, कार्यशाला तथा अन्तर्क्रिया पनि हुनेछ। आयोजकहरूका अनुसार महोत्सवमा अप्रतियोगिता शीर्षकमा प्राविधिक विषयसँग सम्बन्धित आकर्षक प्रदर्शनी पनि रहनेछ। अनौपचारिक कार्यक्रमअन्तर्गत विभिन्न कम्प्युटर गेम, कोडिङ प्रतियोगिता तथा वेब डिजाइनिङ प्रतियोगिता पनि रहनेछन्।

'यसपटकको मेलाको आकर्षणका रूपमा 'गेट हेल्प टु फिक्स योर कम्प्युटर' प्रदर्शनीलाई लिन सकिन्छ।' प्रचार संयोजक बोहोराले भने- 'जसअन्तर्गत मेलामा आउने सर्वसाधारणले आफ्नो कम्प्युटरमा देखिएका जुनसुकै समस्याका बारेमा त्यहाँ रहेका प्राविधिक विद्यार्थीबाट समाधान खोज्न सक्नेछन्।' सफ्टवेयर प्रतियोगिताअन्तर्गत राष्ट्रिय प्रतियोगिताका उत्कृष्ट प्रोजेक्टहरू प्रतियोगितात्मक प्रदर्शनीमा रहनेछन्। कुनै स्थानमा सुरक्षित ढंगले राखिएको सामान कसैले चलाएको खण्डमा जानकारी दिने मोसन डिटेक्टर वेबक्यामदेखि अर्को कम्प्युटरको डेस्कटपलाई प्रयोगकर्ताले आफ्नो कम्प्युटरमा तानेर काम गर्न सक्ने रिमोट डेस्कटपजस्तो प्रविधिलाई अवलोकनकर्ताले महोत्सवमा नियाल्न पाउनेछन्। सफ्टवेयर प्रतियोगिताअन्तर्गत वेब क्रलर, आइ डिटेक्सन, सपिङ कार्ट, डिपार्टमेन्ट स्टोर म्यानेजमेन्ट, स्नेइक, कबड्डी, एकेडेमिक रुटिन सेड्युलर, अनलाइन बुकसप, बबल गेम शीर्षकमा विभिन्न सफ्टवेयर प्रतियोगिता हुनेछन्।

हार्डवेयर प्रतियोगितामा एडभान्स सेक्युरिटी सिस्टम, अटोनोमस मोबाइल रोबोट इम्प्लिमेन्टिङ इभोलुसनरी स्पाईकिङ न्युट्रोन, कन्ट्रोल अफ सर्किट थ्रु आरएफ, डोमेस्टिक कन्ट्रोल कम सेक्युरिटी, होम सेक्युरिटी, लाइन ट्र्याकिङ भेहिकल, माइक्रो कन्ट्रोलर बेस अटोमेटेड लाइन फलोइङ रोबोट, मोबाइल बग, वाइपर रोबोट, सेक्युरिटी सिस्टम, वायरलेस वाटर मनिटर विद अटोमेटिक स्वीचिङ, रोलिङ डिस्प्ले युजिङ म्याट्रिक्स, रिमोट सेन्सिङ डाटा लगिङ सर्भर, होम एप्लाइन्स कन्ट्रोल सिस्टम, अटोमेटिक वाटरपम्प कन्ट्रोल सिस्टम शीर्षकमा प्रतिस्पर्धा हुनेछ।

त्यसैगरी कार्यपत्र प्रस्तुति प्रतियोगितामा 'इइजी सिग्नल एनालाइसिस एन्ड हार्डवेयर ट्रिगरिङ' शीर्षकको कार्यपत्र आकर्षणमा रहने अपेक्षा गरिएको छ। मस्तिष्क तरगं (ब्रेन वेभ) बाट हार्डवेयरलाइ सञ्चालन गर्ने प्रविधिमा आधारित यो कार्यपत्रले मानिसको मस्तिष्कले सोचेअनुसार हार्डवेयर सञ्चालन हुने विषयलाई वकालत गर्नेछ। त्यस्तै भिस्याट प्रविधि, कन्भोसनल च्यानल कोडिङ, डिस्ट्रिब्युटेड फाइल सिस्टम, फ्रिक्वेन्सी डोमेन एनालाइसिस : कन्सेप्ट एन्ड एनालाइसिस, आउट पुट डिसिजन टु मेक्सिमाइज प्रोफिट अन्डर मनोपोली, स्टिम सेल एन्ड टिस्यु इन्जिनियरिङ विषयका कार्यपत्रले विज्ञानको क्षेत्रमा नयाँ अवधारणालाई प्रतिनिधित्व गर्ने आयोजकहरूले बताएका छन्।

इलेक्ट्रिकल इभेन्ट्स प्रतियोगितामा वायरलेस इलेक्ट्रोसिटी ट्रान्सफर्म आकर्षक प्रोजेक्ट मान्न सकिन्छ, जसअन्तर्गत ताररहित विद्युतीय विस्तारको क्षेत्रमा नयाँ सम्भावनालाई उजागर हुनेछ। यस्तै होल्सहोम इनर्जी सिस्टम, लोकष्ट वाइन्ड मिल, हाइड्रो साइक्लिक पम्प शीर्षकमा पनि प्रोजेक्टहरूबीच प्रतिस्पर्धा हुनेछ।

इलेक्ट्रिक इभेन्ट प्रदर्शनीमा मिलन कार्कीले विकास गरेको केशबाट उत्पादन गर्न सकिने ऊर्जा विषयको प्रविधि प्रदर्शन अर्को आकर्षण रहनेछ। त्यस्तै काठमाडौं इन्जिनियरिङ कलेजका विद्यार्थी अमृतसिंह थापाले विकास गरेको हावाबाट टर्बाइन घुमाउने प्रविधि पनि स्टलमा देखिनेछ। यसबाहेक माइक्रोहाइड्रो सेट, पेल्ट्रिक सेट, हाइड्रोपावर मोडलिङ, पम्प स्टोरेज प्लान्ट मोडलिङ, बायो ग्याँस स्टल, डिफरेन्ट प्रोटेक्टिभ डिभाइस डेमोस्ट्रेसन, कार्टुन एन्ड जनरल इन्फरमेसन अबाउट इनर्जी क्राइसिस एण्ड इलेक्ट्रोसिटीलगायत प्रोजेक्टले पनि आगन्तुकलाई नयाँ-नयाँ प्रविधिका सम्बन्धमा जानकारी गराउनेछ। सफ्टवेयर कम्पनी डिट्टु हकाइले प्रायोजन गरेको लोकस महोत्सवमा सुचना प्रविधि तथा जलविद्युत्का क्षेत्रमा कार्यरत व्यावसायिक संघ-संस्थाका स्टल रहनेछन्। आयोजकहरूका अनुसार इन्जिनियरिङ अध्ययनपश्चात् सम्भावित रोजगारदाता कम्पनीहरूले पनि आफ्ना स्टलहरू मेलामा राख्दैछन्।

● बेव वाच ●

## www.bemboszoo.com

www.bemboszoo.com बालबालिकाहरूलाई लक्षित गरेर सञ्चालनमा ल्याइएको हो। यो साइटको मुख्य विशेषता अंग्रेजी अक्षरअनुसार बालबालिकालाई जनावरहरूका बारेमा जानकारी दिनु हो। यो वेबसाइट एडोबी फ्लास प्लेयर भएको कम्प्युटरमा हेर्न सकिन्छ। यदि उक्त प्लेयर छैन भने डाउनलोड गर्न मिल्ने सुविधा पनि छ। यो वेबसाइटमा गएर पहिलो पेजमै क्लिक गरेपछि अर्को पेज खुल्छ, जहाँ अंग्रेजी अक्षरको 'ए' देखि 'जेड' सम्मका अक्षरहरू चलायमान अवस्थामा आउँछन्। कुनै एक अक्षरमा क्लिक ग¥यो भने उक्त अक्षरबाट उठ्ने जनावरको नाम आउँछ र अक्षरबाटै उक्त जनावरको आकृति तयार हुन्छ। आकृति तयार भएपछि उक्त जनावर कसरी कराउँछ त्यसको आवाजसमेत आउँछ। बालबालिकाहरूलाई केन्द्रित गरेर तयार पारिएको यो वेबसाइटमा युवाहरूले पनि आफ्नो टाइम पास गर्न सक्छन्।

**अर्को कुरा ...**

अमेरिकाको स्यान्डफोर्ड युनिभर्सिटीबाट सन् १९३५ मा ग्याजुएट गरेपछि विलियम (बिल) ह्वलेट र डेभिड (डेभ) प्याकर्डले सानो वर्कसप खोलेर आफ्नो पढाइको इन्टर्नसिप प्रारम्भ गरे। उनीहरूको काममा सहयोग गर्न सोही विश्वविद्यालयका प्रोफेसर फेडरिक टरम्यानले निरीक्षण गरे। ५ सय ३८ अमेरिकी डलरमा स्थापना भएको उक्त वर्कसपले राम्रो आम्दानी गर्न थालेपछि डेभिड र विलियमले कम्पनी खोल्ने सोच बनाए। उनीहरूले कम्पनीको नाम आफ्नो थरबाट राख्ने निर्णय त गरे, तर ह्वलेट-प्याकर्ड राख्ने कि प्याकर्ड-ह्वलेट राख्ने भन्ने विषयमा उनीहरूबीच मत विभाजन भयो। यसका लागि उनीहरूले टस गरे। टसमा डेभिड प्याकर्डले जिते। उनले कम्पनीलाई सफलतामा पु¥याउनुपर्छ भनेर ह्वलेट-प्याकर्ड नाम नै राख्ने निर्णय गरेर ह्वलेट-प्याकर्ड कम्पनी स्थापना गरे। सानो बत्तीबाट हुने तापक्रम नियन्त्रण गर्ने प्रविधि निर्माण गरेर प्रारम्भ भएको ह्वलेट-प्याकर्डले अहिले कम्प्युटर मनिटर, डिजिटल क्यामेरा, ल्यापटप, प्रिन्टर्स, स्क्यानर, सर्भरदेखि टेलिभिजन सेटसम्म उत्पादन गर्छ। अमेरिकाको क्यालिफोर्नियामा प्रधान कार्यालय रहेको यो कम्पनीमा ३ लाखभन्दा बढी कर्मचारी छन्। यो कम्पनीले सन् २००८ मा १० अर्ब ४७ करोड ३० लाख अमेरिकी डलर खुद नाफा गरेको थियो।

## पिसाब परीक्षण र घाँटीको क्यान्सर

सामान्य तरिकाबाट गरिएको परीक्षणबाट पनि घाँटीभित्र विकास हुन लागेको क्यान्सर रोगको पहिचान गर्न सकिने भएको छ। अनुसन्धानकर्ताहरूका अनुसार घाँटीमा लाग्ने कतिपय प्रकारका क्यान्सर अत्यन्तै मधुर गतिमा विकास भैरहेको हुन्छ भने तिनको उपचार छिटो गर्नुपर्ने हुन्छ। कतिपय विरामी भने शंकाकै भरमा घाँटीको सर्जरी अथवा रेडिएसन-उपचार सुरु गर्छन्। पिसाब परीक्षण गर्दा एउटा त्यस्तो प्रकारको तत्त्व देखिने गरेको छ, जसले घाँटीमा अत्यन्त मधुरो गतिमा क्यान्सरको विकास भैरहेको देखाउँछ। घाँटीमा लाग्ने प्रोस्टेट क्यान्सर पुरुषमा मात्र लाग्छ। सुरुमा पिसाब परीक्षण गर्दा देखिने यो लक्षण हानिकारकजस्तो नदेखिए पनि यो प्राणघातक क्यान्सर हो भने ठम्याइ रोगको उपचार तत्कालै थाल्नुपर्ने हुन्छ। २ सय ६२ वटा पिसाबका नमुना संकलन गरी पिसाबमा शरीरले उत्पादन गरेका १ हजार १ सय २६ वटा मोलेकुलसको परीक्षण अनुसन्धानकर्ताहरूले गरेका थिए। उक्त परीक्षणमा वयस्क ट्यूमरमा पाइने गुणहरूसँग सुरुको अवस्थाको रोगको तुलनात्मक अध्ययन गरिएको थियो। अमेरिकाको मिचिगन विश्वविद्यालयका अनुसन्धानकर्ताहरूले यससम्बन्धी अनुसन्धान सकिन अझ पाँच वर्ष लाग्ने जानकारी गराएका छन्।

## भिटामिनले स्मरणशक्तिको ह्रास रोक्ने

माछा, दूध तथा मासुमा पाइने भिटामिन बी-१२ ले बुढ्यौलीमा हुने स्मरणशक्तिको ह्रास रोक्न सकिने कुरा हालै गरिएको एउटा अनुसन्धानात्मक सर्वेक्षणले देखाएको छ। प्राप्त जानकारीअनुसार बुढ्यौलीमा भिटामिन बी-१२ को लेभल पर्याप्त भएमा ६ गुणा स्मरणशक्ति बढ्ने अनुसन्धानकर्ताहरूले उल्लेख गरेका गरेका छन्। अध्ययनमा भिटामिन बी-१२ ले स्मरणशक्तिलाई खुम्चिन नदिने उल्लेख गरिएको छ। बुढ्यौली अवस्थामा मस्तिष्क ठीक नरहनु बिर्सने रोगको मुख्य लक्षण हो। बिर्सने रोगलाई सन्तुलित आहार पद्धतिबाट प्राप्त हुने भिटामिन उपचारबाट रोक्न सकिने अनुसन्धानकर्ताहरूको दाबी छ। बेलायतको अक्सफोर्ड विश्वविद्यालयका अनुसन्धानकर्ताहरूले पाँच वर्ष लगाएर ६१ र ८७ वर्षका वृद्धहरूको १ सय ७ वटा मस्तिष्कको नमुना परीक्षण गरेर उक्त कुरा पत्ता लगाएको बताइन्छ। कलेजो र सेलफिस भिटामिन बी-१२ का महत्त्वपूर्ण स्रोत हुन्।

# पाल्पा सराइमा गोर्खा पल्टन



विद्यालयनजिकै चौरमा गाउँभरिका युवा भर्ती हुन लाइनमा उभिएका छन् । विद्यालयमा ४ बजे छुट्टी हुन्छ । नीरमान साथीहरूसँग त्यही बाटो भएर घर फर्कंदैछ । उनी साथीहरूसँग भन्छन्, 'ए साथी हो ! आज यहाँ के हुँदैछ ?' साथीले भर्ती खुलेको जानकारी गराउँछ । बाबुबाजेको पालामा स्कुल नभएको, त्यसैले उनीहरूले पढ्न नपाएको कुरा गर्दै निरमान हिंड्छ , केटाहरू उसैलाई एकटक हेरिरहन्छन् ।

निरमानको घरको अवस्था निकै नाजुक छ । घरमा बाबुको मृत्यु भैसकेको हुन्छ, आमा र एक जना दिदी छन् । उसले सेनामा भर्ती नभै हुँदैन । कक्षा १० मा पढ्ने नीरमान् अर्थात् प्रशान्त तामाङ बेलायती सेनामा भर्ती हुन्छ । पाल्पाको कसेनी गाविसस्थित भूतपूर्व सैनिकहरूको बस्ती फूलबारीमा छायांकन भैरहेको चलचित्र 'गोर्खा पल्टन'मा लाहुरे प्रशान्त तामाङलाई बनाइएको छ । प्रशान्तकै वास्तविक जीवनसँग पनि मेल खाने यो चलचित्रको अधिकांश छायांकन पाल्पामै हुने लेखक तथा निर्देशक नारायण रायमाझीले बताए ।

आठ वर्षको हुँदा बाबु गुमाएर कक्षा १० मा पढ्दा प्रशान्त भारतीय प्रहरीमा भर्ती भएका हुन् तर यो चलचित्रमा चाहिँ उनी बेलायती सेनामा कार्यरत हुनेछन् । आठवटा गीत रहेको यो चलचित्रमा नायिक सोनिया केसी, रन्जिता गुरुङ, सुनिल थापा, गोपाल भुटानी, कविता आले, सोनी गुरुङ, गिरीप्रसाद पुन आदि कलाकारले पनि अभिनय गरिरहेका छन् ।

–माधव अर्याल

# उनलाई केहीगर्नु छ

चलचित्रमा छोटा लुगा लगाएर अभिनय गर्ने नायिकाको खोजी गर्नेहरूलाई एउटा खुसीको खबर छ । चलचित्रकर्ममै करियर बनाउने उद्देश्य लिएकी एउटी नायिका सक्दो खुल्ने पक्षमा छिन् । धुम, लभस्टोरी २०६६ लगायत आधा दर्जन चलचित्रमा अभिनय गरेकी सञ्जिता गुरुङ सफल नायिका हुन संघर्षरत छिन् । पहिलो चलचित्र 'अनागरिक'मा सोझी गाउँले युवतीको चरित्र निर्वाह गरेकी सञ्जिता अहिले 'हटस्टार' हुने धुनमा छिन् ।

सञ्जिताले पछिल्ला केही चलचित्रमा छोटा पहिरनमा अभिनय गरेकी छिन् । आफूभन्दा अग्रज केही नायिका छोटा पहिरन लगाएकै कारण चर्चामा आएको महसुस गरेकी सञ्जिताले पनि सबैभन्दा सजिलो उपाय छोटो वस्त्रमै देखेकी छिन् । केही निर्देशक उनको योजनामा पूरै सहमत छन् । नायिकालाई ग्ल्यामरस बनायो भने चलचित्रको व्यापार राम्रै हुन्छ भन्नेहरूलाई सञ्जिता पनि एउटा उपाय हुन सक्छिन्, किनभने उनी कथाले मागेजति दिन तयार छिन् ।



तस्बिर : नेटनसा डटकम

# अवसर खोज्दै जतिन



शारिरिक सुगठनका कारण आकर्षक देखिए पनि त्यसैलाई आधार बनाएर चुप लागेर बस्यो भने उपलब्धि शून्य हुने रहेछ भन्ने कुरा जतिन ताम्राकारले आठ वर्षपछि बुझे । सन् २००१ देखि मोडलिङ क्षेत्रसँग आबद्ध ताम्राकारले जसै यो कुराको ज्ञान हासिल गरे त्यसपछि संघर्षकै निम्ति उनी काठमाडौं हानिए । सन् २००२ मा मिस्टर नेपाल प्रतियोगितामा सँगै उत्रिएका तत्कालीन मिस्टर नेपाल जीवन लुइँटेलले गरेको प्रगति देखेपछि उनलाई पनि यतिखेर पर्दामा देखिने रहर पलाएको छ । आउटलुकमै हिरो देखिने जतिनले मिस्टर नेपाल २००२ मा मिस्टर फोटोजेनिकको उपाधि पोल्टामा पारेका थिए । 'मिस्टर नेपालमा मिस्टर फोटोजेनिक भएपछि जन्मथलो विराटनगरमै बसेर मोडलिङ र अभिनयको यात्रामा सक्रिय रहन्छु भन्ने सोचका साथ विराटनगरमै बसें,' जतिनले साप्ताहिकसँग भने- 'तर अवसरको पर्खाइमा थुप्रै वसन्त बिते पनि कलिउड इन्ट्रीका निम्ति विराटनगरको बसाइ उपलब्धि भएन ।' गायक प्रकाश पौडेलको पछिल्लो म्युजिक भिडियो 'जलपरी...'मा अभिनय गरेका जतिनले प्रबलदीप विश्वास, जी सुवेदी आदि कलाकारको म्युजिक भिडियोमा पनि अभिनय गरेको बताए । चलचित्रमा लभर ब्वाइको भूमिकामा आफूलाई फिट हुने देख्ने जतिन पेसागत रूपमा रेडियो प्राविधिक हुन् । विराटनगरको स्काइ एफएममा काम गरेका जतिन हाल गोपीकृष्ण समूहको रेडियो फिल्मीमा कार्यरत छन् । विराटनगरमा रहँदा करिब एक दर्जन फेसन शोको ऱ्याम्पमा उत्रिएका जतिनले दर्जनौं शोमा कुशल कोरियोग्राफरको भूमिका पनि निर्वाह गरिसकेका छन् ।

# फेरि साथसाथ



निर्देशक सोभित बस्नेत तथा नायिका रेजिना उप्रेतीबीच सम्बन्ध बिग्रिएको धेरैलाई थाहा होला । उनीहरूको सम्बन्ध बिग्रिएको चलचित्रकर्मीलाई त थाहा थियो नै, दर्शकले समेतले तथ्य थाहा पाइसकेका थिए । चलचित्रकर्मीहरू पनि भन्थे- 'उनीहरूको सम्बन्ध बिग्रियो । अब बाटोमा भेट्दा पनि बोल्दैनन् कि ?' रेजिना स्वयंले पनि भनेकी थिइन्, सोभितको चलचित्र त ५ करोड दिए पनि खेल्दिनँ । उनीहरूको सम्बन्धका बारेमा चासो राख्नेहरूका लागि एउटा नयाँ खबर छ । यी निर्देशक र नायिकाले फेरि एउटै चलचित्रमा काम गर्ने भएका छन् ।

सोभितले निर्देशन गर्ने नयाँ चलचित्र 'राज' मा रेजिना मुख्य भूमिकामा छिन् । त्यो पनि दोहोरो भूमिकामा, 'हो, हामीले राजमा रेजिनालाई काम गराउने निर्णय गऱ्यौं, लिखित सम्झौता भैसक्यो ।' निर्देशक सोभितले भने । राजमा अनुबन्ध भएपछि खुसी देखिएकी रेजिनाले भूमिका राम्रो भएकाले पुन सोभितसँगै काम गर्न लागेको धारणा व्यक्त गरिन् । लगभग आठ वर्षदेखि दोस्ती जमाउँदै आएका सोभित र रेजिनाबीच विगत दुई वर्षयतादेखि बेला-बेलामा मनमुटाव हुँदै आएको छ । पछिल्लो पटक 'चिनो' मा काम गरेपछि उनीहरूको सम्बन्ध चिसिएको थियो । सम्बन्ध चिसिनुको कारण बनेकी थिइन् अर्की नायिका एवं मोडल सुनिता गन्धर्व । सोही चलचित्रमा काम गर्दागर्दै सोभित र सुनिता नजिकिएपछि रेजिनाले सोभितसँग भेटघाट बन्द गरेकी थिइन् भने रेजिनाको मेख मार्न सोभितले कन्यादानमा रञ्जना शर्मालाई अभिनय गराएका थिए । सोभित रञ्जनाको दोस्ती बढेपछि दुवैको आलोचना गर्दै हिंडेकी रेजिना अहिले भने पुनः सोभितकै प्रशंसा गर्न थालेकी छिन् ।



# जोडी जम्यो जीवन-ऋचाको

सबैभन्दा बढी विज्ञापनमा अभिनय गर्ने नायकका रूपमा चिनिन थालेका जीवन लुइँटेल पछिल्लो समयमा पुनः चलचित्रमा सक्रिय भएका छन् । पछिल्लो समयमा उनले निर्देशक विकास आचार्यको चलचित्र 'नाइँ नभन्नु ल' मा अभिनय गरेका छन् । प्रेमकथामा आधारित यो चलचित्रमा जीवनले ऋचा सिंह ठकुरीका रूपमा एउटी नयाँ नायिकाको साथ पाएका छन् । म्युजिक भिडियोहरूमा अभिनय गर्दै चलचित्र क्षेत्रमा प्रवेश गरेकी ऋचालाई पनि जीवनसँगको जोडी सुखद लागेको छ । चलचित्रको पर्दाका लागि मात्र होइन, स्वरांकन कक्षमा पनि जीवन-ऋचाको जोडी सुहाएको चर्चा चल्न थालेपछि निर्देशक आचार्य पनि दंग छन् । 'जोडी मिलेका नायक-नायिकालाई एउटै चलचित्रमा अभिनय गराउन गाह्रो छ,' आचार्य भन्छन्– 'नाइँ नभन्नु ल' मा जीवन र ऋचाको रूपमा जोडी मिलेका नायक-नायिकालाई अभिनय गर्न पाएकोमा खुसी छु ।' ऋचाका बारेमा जीवनको धारणा पनि सकारात्मक छ । उनी भन्छन्– 'नायिकाका रूपमा उनको भविष्य उज्ज्वल देख्छु ।' ऋचा पनि के कम ? उनको तर्क छ– 'दर्शकले मन पराइसकेका नायकसँग काम गर्न पाएकाले पहिलो चलचित्रबाटै स्थापित हुन्छु जस्तो लागेको छ ।'


तस्बिर : नवराज बाग्ले

## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म १९ वर्षीय युवक हुँ । म बी.ए. प्रथम वर्षमा अध्ययनरत छु । एक वर्षअघि एउटा नयाँ नम्बरबाट मिसकल आएको थियो । फोन गर्दा एउटी युवती बोलेकी थिइन् । उनकै अनुरोधअनुरूप मैले उनलाई नियमित फोन गर्न थालें । उनले पनि बेलाबखत फोन गर्न थालिन् । बिस्तारै हाम्रो कुराकानी दैनिकजसो हुन थाल्यो, तर भेटघाट नभएकाले हामी एक-अर्काका लागि अपरिचित नै थियौं । मैले उनका बारेमा सबै कुरा सोधिसकेको थिएँ । उनले भनेकी थिइन्– उनी ११ कक्षामा पढ्दैछिन् र उनी अविवाहित हुन् । सबै कुरा थाहा पाएपछि मैले उनलाई मन पराउन थालिसकेको थिएँ । मैले त्यो कुरा बताउँदा उनले पनि मलाई मन पराउने र माया गर्ने बताएकी थिइन् । आठ-नौ महिनापछि अर्थात् चार महिनाअघि मैले उनलाई भेट्न बोलाएँ, तर उनी आइनन् । लामो अनुरोधपछि उनी आउने भइन् । हाम्रो भेटघाट भयो । त्यसको केही समयपछि उनको आफन्तबाट थाहा पाएँ कि उनी विवाहित र एक सन्तानकी आमा हुन् । त्यो कुरा मैले आफैंले पनि देखें । श्रीमान्ले छाडेकाले उनी माइत बस्दै आएकी थिइन् । उनीहरूको प्रेमविवाह भएको रहेछ । उनलाई सोधेपछि यी कुरा पनि थाहा पाएँ । अहिले पनि उनको र मेरो फोनमा कुरा भैरहन्छ । मैलेभन्दा उनले नै बढी सम्झन्छिन् । उनले पहिले बताएका कुरा जस्तो कि पढाइ, नाम, ठाउँ, वैवाहिक स्थिति आदि झूटा रहेछन् । उनी अहिले पनि चाहन्छिन् कि म उनलाई अपनाऊँ र जीवनभर साथ दिऊँ, तर म भने उनलाई माया मार्न र बिर्सन पनि सक्दिनँ, अपनाउन र साथ दिन पनि सक्दिनँ । यो अवस्थामा म के गरूँ ? यदि यसरी नै हाम्रो सम्बन्ध अघि बढिरह्यो भने पछि कस्तो अवस्था होला ? मैले नयाँ बाटोतिर लाग्दा के होला ? के प्रेम गरेपछि साँचो प्रेम गरेको देखाउन विवाह नै गर्नु आवश्यक छ ?**

**–काले**

कहिलेकाहीं प्रेम यसरी पनि हुँदो रहेछ, चलचित्रको कथाजस्तो । तपाइँले यसलाई आफ्नो समस्या बनाउनुभन्दा पनि पहिले उनले किन तपाईंसँग झूटो बोलिन् ? भनेर बुझ्नु आवश्यक छ। फेरि उनले किन तपाईंलाई नै मिसकल गरिन् ? उनको तपाइँसँग नजिकिने पूर्वयोजना त थिएन ? यस्ता कैयन् प्रश्न तपाईंको पत्र पढेपछि मेरो मनमा आए । यस्ता प्रश्न तपाईंको मनमा पनि आए होलान् । के यी प्रश्नको जवाफ खोज्ने प्रयत्न गर्नुभयो ? उनको श्रीमान्ले छाडेको त थाहा पाउनुभयो, तर किन ? जवाफ खोज्नुभयो कि भएन ? यी सबै कुराको जवाफ सोधेर वा अन्यत्रबाट पत्ता लगाएपछि मात्र सम्बन्ध अघि बढाउने कि नबढाउने भन्ने कुराको निक्यौंल गर्नु राम्रो हुन्छ ।

संभवतः उनी कसैको सहाराको खोजीमा छिन् । तपाईंमा उनले सहारा दिन सक्ने पाइन् । मिसकल लाग्नु र त्यसबाट कुरा बढेर तपाईंहरूबीच प्रेम हुनु संयोग पनि हुन सक्छ । अर्को कुरा, तपाईंको उमेर र पढाइको अवस्था बुझ्दा तपाईं विवाहयोग्य भैसक्नुभएको छैन । तपाईंको त करियर बनाउने बेला छ । कुरा बुझ्नुभयो होला अनि अन्त्यमा प्रेम गरेपछि विवाह गर्नु सामाजिक दायित्व हो । प्रेमलाई खेलाँची मान्नु हुँदैन ।

## ● फिल्मी खबर ●

### दशगजाको इन्डक्ल्याप

नायक तथा निर्माता नवल खड्को चलचित्र 'दशगजा' को छायांकन सम्पन्न भएको छ । छायांकन सम्पन्न भएको घोषणा गर्न गत बिहीबार राजधानीमा आयोजित इन्डक्ल्याप कार्यक्रममा निर्माता खड्काले चलचित्रको छायांकनका क्रममा नेपाल-भारत सीमामा भोग्नुपरेको समस्या अवगत गराएका थिए । दयाराम दाहालद्वारा निर्देशित यो चलचित्रमा चलचित्र छायांकनका क्रममा भारतीय प्रहरी तथा एजेन्टहरूले गरेका षड्यन्त्र, अवरोध तथा दबाबका कारण भोग्नुपरेका समस्याका बारेमा कार्यक्रममा जानकारी गराइएको थियो । समारोहमा निर्देशक दाहाल, राजनीतिकर्मी चेतनजंग हिमाली, मणि थापा, सीमाविद् साध्यबहादुर भण्डारी, जनपक्षीय चलचित्रकर्मी मञ्चका अध्यक्ष देशभक्त खनाल, चलचित्र कलाकार संघका अध्यक्ष रमेश बुढाथोकी आदिले सीमा विवादका बारेमा आ-आफ्ना धारणा व्यक्त गरेका थिए । यो चलचित्रमा राजेश हमाल, निखिल उप्रेती, नवल खडका, रञ्जिता गुरुङ, शुभद्रा अधिकारी, प्रेम सुब्बा, विशाल विष्ट, रमेश बुढाथोकी, उमेश मायालु आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् ।

### चलचित्रसम्बन्धी वृत्तचित्र

४४ वर्ष लामो इतिहास बोकेको नेपाली चलचित्र क्षेत्रको खस्कादो अवस्था तथा यसको श्रीवृद्धिका लागि गर्नुपर्ने कार्यहरूका विषयमा आधारित रहेर एउटा वृत्तचित्र निर्माण गरिने भएको छ । सञ्चारकर्मी आर.डी. श्रृंखलाको प्रस्तुति, मुनाल शिशिरको लेखन/निर्देशन तथा रिजन शर्मा 'रमण' निर्माता रहने उक्त वृत्तचित्रको शीर्षक 'द ड्र ब्याक्स अफ नेपाली सिनेमा' राखिएको छ । द विकल्प क्रिएसन प्रा.लि.को ब्यानरमा निर्माण हुने यो वृत्तचित्रको यसै साता राधजानीमा आयोजित एक समारोहमा शुभसाइत गरिएको छ । वृत्तचित्रका निर्देशक मुनालले नेपाली चलचित्र उद्योगलाई विदेशी चलचित्रसाग प्रतिस्पर्धा गर्न सक्ने भिजन दिइनुका साथै चलचित्रका खराब पक्ष बुझ्न करिब ४ वर्ष लागेको उल्लेख गर्दै समग्र नेपाली चलचित्रको स्थिति खराब हुनुमा समग्र चलचित्रकर्मी नै दोषी रहेको बताए ।

### शुक्रबारदेखि निशाना

लामो समयदेखि प्रदर्शनको मिति सर्दै आएको चलचित्र 'निशाना' शुक्रबारदेखि पोखराको विन्ध्यवासिनी चलचित्र मन्दिरमा प्रदर्शन भैरहेको छ । 'निशाना' ले काठमाडौंका अष्टनारायण, गुणलगायतका चलचित्र भवनमा छ साता पूरा गरी सातौं सातामा प्रवेश गरेको निर्देशक सुरेशदर्पण पोखरेलले बताए । चलचित्र 'निशाना' स्टन्ड नायक निखिल उप्रेतीद्वारा निर्मित चलचित्र हो । नायक उप्रेतीले यसअघि चलचित्र 'सावधान' को निर्माण गरिसकेका छन् ।

### मेरो के गति हुने हो ?

'जीवनरेखा', 'मनमा माया' र 'ए पण्डित बाजे' आदि चलचित्रको


तस्बिर : मोडल संसार डटकम

निर्माण गरिसकेका निर्माता मधुसँदन सिलवालले अर्को चलचित्र 'मेरो के गति हुने हो ?' को निर्माण प्रारम्भ गरेका छन् । गत साता छायांकन सुरु गरिएको यो चलचित्रका निर्देशक सुनिल पाण्डे हुन् । सामाजिक परिवेशमा हास्यरस मिसाई तयार पारिने यो चलचित्रमा शिव श्रेष्ठ, निखिल उप्रेती, रमित ढुंगाना, दिलीप गौतम, झरना थापा, उषा पौडेल, नीर शाह, नागेन्द्र रिजाल, आदि कलाकारको भीड छ । चलचित्रमा शम्भुजित बाँसकोटाको संगीत, युवराज राईको छायांकन, रामजनकको द्वन्द्व तथा वसन्त श्रेष्ठ एवं राजु शाहको नृत्य निर्देशन रहनेछ ।

# गलत बाटोमा लाने सबै कुरा छाड्ने प्रयासमा छु

पृष्ठ ५ बाट जारी

अवस्था थिएन । जुन दिन मलाई यो संघर्षको अर्थ छैन भन्ने लाग्यो, त्यसै दिन नेपाल फर्कने निर्णय गरे । नेपाल फर्किएपछि जीवन बुझ्न ध्यान गर्न थालें । आफ्ना कुलतहरू त्याग्न थालें । अहिले जीवन सही ठाउँमा आउँदैछ भन्ने लाग्छ ।

**जाँड, रक्सी छाड्नुभयो ?**

छाडें, ध्यान गर्न थालेपछि मलाई जति पनि गलत काम हुन् भन्ने लाग्यो, ती छाड्दै गएँ। मैले चुरोट पनि छाडें। यद्यपि म चेनस्मोकर थिइनँ। मासु पनि छाडें। अझै पनि म आफ्नो जीवनलाई गलत बाटोमा लाने सबै कुरा छाड्ने प्रयासमा छु।

**तपाईंको कमजोरी के हो ?**

पहिले म आफ्नो कमजोरी देखाउन चाहन्नथें। म यति महत्त्वाकांक्षी थिएँ कि आफ्नोकमजोरी लुकाउनुमा गर्वगर्थें अहिलेत्यसलाई सच्याउने प्रयासमा छु ।

**तपाईंको बेलायती युवकसँग इन्गेजमेन्ट भएको खबर सुनिएको थियो, तर विवाह भएन, किन ?**

इन्गेजमेन्ट भएको खबर सत्य हो, तर ऊ अहिले युनिभर्सिटीमा अध्ययनरत छ । उसको पढाइ सकिएपछि विवाह गर्ने कुरा छ, तर म अहिले के महसुस गर्छु भने जीवन अनिश्चित छ। अहिले म जे सही मानिरहेकी छु त्यो सही नहुन सक्छ। त्यसलै यो विवाह नहुन पनि सक्छ।

**अध्यात्मको बाटोमा हिंडेपछि तपाईंले बुझेको कुरा के हो ?**

सबै कुरा परिवर्तनशील छ। केही स्थिर छैन। जुन कुरा सधैं आफ्नो साथमा हुँदैन, त्यसका लागि किन आशक्ति बढाउनु ?

**तपाईं दुःख-सुखबाट माथि उठिसक्नुभएको हो ?**

दुःख-सुख दुवै परिवर्तनशील छन् । एकछिनअघि जुन कुराले खुसी बनाएको थियो, त्यही कुराले एकछिनपछि दुःखी बनाउँछ भने दुःखमा किन रुने, खुसी हुँदा किन मात्तिने ? यद्यपि दुःख-सुख जीवनभरि रहन्छन्, चिन्ता लिनुहुँदैन भन्नेसम्म बुझ्न थालेकी छु ।

**जीवनशैलीमा केही परिवर्तन गर्नुभयो कि पहिलेजस्तै छ ?**

केही फरक छ। हिजो ब्रान्डेड सामग्रीले मेरो शरीर सजिन्थ्यो। अहिले यही हुनुपर्छ भन्ने लाग्दैन। मेरो विचारमा ब्रान्ड मानिसको आवश्यकता होइन, आवश्यकताचाहिं मानिसको आवश्यकता हो ।

**सादा जीवनशैली अँगालेपछि खर्च कटौती गर्न थाल्नुभएको हो ?**

खर्च कटौती गर्छु भनेर लागेकी छैन। यद्यपि पहिले आफूलाई मन परेको कुरा नगरी छाड्दिनथें, अहिले त्यो मेरो आवश्यकता हो कि होइन, सोच्छु।

**कलाकारिता छाडिदिने ?**

छाड्दिनँ, मनपर्ने मानिसले राम्रो काम ल्याए भने गर्छु। कलाकार भन्दैमा सबै काम गर्ने पक्षमा भने छैन।


**–अश्विनी कोइराला**



# आमा बन्ने चाहना

कम्बोडियायी पप गायिका शकिरा चाँडोभन्दा चाँडो आमा बन्न चाहन्छिन् । उनले आफूलाई प्रेमी एन्टोनियो डी ला रुयाको बच्चाकी आमा बन्न हतार भएको कुरा बताएकी छिन् । एउटा अन्तर्वार्तामा उनले भनेकी छिन्– 'म जति सक्दो चाँडो आमा बन्न इच्छुक छु ।' ३२ वर्षीया सकिरा तथा एन्टोनियाको इन्गेज्मेन्ट भएको पनि चार वर्ष भैसकेको छ तर औपचारिक विवाहको साइत भने अहिलेसम्म जुर्न सकेको छैन । 'म र एन्टोनियो दुवै बच्चा चाहन्छौं', सकिराका अनुसार उनलाई दुईवटा तथा एन्टोनियोलाई तीनवटा बच्चा जन्माउन मन छ । सकिराले आगामी वर्ष आफ्नो नयाँ गीति संग्रह सार्वजनिक गरे लगत्तै आमा बन्ने दाबी गरेकी छिन् । 'गीति संग्रह प्रकाशित गर्नुअघि मैले केही सांगीतिक टुर समेत गर्नुपर्ने भएकाले अहिले नै बच्चा जन्माउन सम्भव छैन, सकिरा भन्छिन्– 'मेरो आमा बन्ने चाहनालाई शब्दमा व्यक्त गर्न सक्दिनँ, यो अब मेरो शारीरिक आवश्यकता बन्दै गएको छ ।'






# भर्खर १७

उनको रूप र स्वरको निकै प्रशंसा हुन्छ । जति सुन्दर मुहार उति सुरिलो स्वर भनेर उनका टिनएजर प्रसंसकहरू मुक्तकण्ठले प्रशंसा गर्छन् । पछिल्लो पुस्तामा माइली सर्वाधिक ख्याति कमाएकी गायिका तथा अभिनेत्री हुन् । यहाँसम्म कि उनको ख्याति एट्टिजको संगीत समूह बिटल्सभन्दा बढी भएको चर्चा गरिन्छ । त्यसैले त टाइम म्यागजिनको वर्ष २००८ का विश्वका एक सय जना प्रभावशाली व्यक्तित्वको सूचीमा उनी परेकी थिइन् । ट्विटरमा आफ्नो एकाउन्ट बन्द गर्नेदेखि लिएर १९ वर्षीय अष्ट्रेलियन अभिनेता लियाम हेम्सवर्थसँगको निकटताका कारण उनको चर्चा धेरै भएको थियो । मज्जाको कुरा के भने युवापुस्ताकी हृदयकी ढुकढुकी साइरस बल्ल स्विट सेभेन्टिन भएकी छिन् । यही नोभेम्बर २३ तारिखमा उनले आफ्नो सत्रौं जन्मदिन आमा टिस र केही साथीहरूसँग मनाइन् । उनको जन्मदिनका अवसरमा हलिउडका विभिन्न वेबसाइटले उनलाई बधाइ पठाउन अनुरोध गरेका थिए । जसमा करोडौं प्रशंसकका शुभकामना प्रेषित भएको बताइन्छ ।

# को हुन यी ?


तस्बिरमा देखिएका मानिसलाई चिन्नुभयो ? यिनलाई यो तस्बिरबाट मात्र चिन्न सकिन्न होला । यी हुन् अमिताभ बच्चन । अभिनय जीवनको उत्तरार्द्धमा अमिताभ फरक शैलीको भूमिका निर्वाह गर्न उत्सुक थिए । फरक त फरक अति फरक भूमिकामा उनी चलचित्र 'पा' मा देखिँदैछन् । आगामी डिसेम्बर महिनाको पहिलो साता सार्वजनिक हुन लागेको चलचित्र 'पा'को सबैभन्दा रमाइलो पक्ष अमिताभका सुपुत्र




अभिषेक बच्चन पनि यसमा छन् र उनी अमिताभको बुबाको भूमिकामा छन् । विश्व चलचित्र इतिहासमा चलचित्रको पर्दामा पहिलो पटक कुनै छोरा आफ्नै बाबुको भूमिकामा देखिँदैछन् । चलचित्रको कथा यस्तो छ, एक तेह्रवर्षीय बालक 'प्रोजेरिया' रोगका कारण उमेरभन्दा पाँच गुणा बूढो देखिन्छ । त्यो भूमिका अमिताभले निर्वाह गरेका छन् । चलचित्रमा अभिषेक उनका पिता बनेका छन् भने अभिनेत्री विद्या बालन उनकी आमाको भूमिकामा छिन् । अमिताभ आफैंले निर्माण गरेको यो चलचित्रका लागि उनले विशेष मेकअप गरेका छन्, जसका कारण उनको रूप यस्तो देखिएको हो । हेरौं, यो नौलो प्रयोगलाई दर्शकले कत्तिको मन पराउने हुन् ?

# स्टेजमै लडेपछि

अमेरिकन म्युजिक अवार्ड्स समारोहमा गीत प्रस्तुत गर्न पुगेकी अमेरिकी नायिका तथा गायिका जेनिफर लोपेज पुनः एक पटक छापा माध्यममा छाएकी छिन् । यसपटक उनी स्क्यान्डलका कारण नभई स्टेजमा लडेर चर्चामा आएकी हुन् । सांगीतिक कार्यक्रममा गीत गाउन जाने क्रममा उनी स्टेजमै लडेकी थिइन् जसबाट उनको ढाडमा चोट लागेको छ । आइतबार जेनिफर आफ्ना नयाँ गीति संग्रहको एउटा गीत 'लोबोटिन्स' प्रस्तुत गर्न मञ्चमा प्रस्तुत भएकी थिइन् । उनी पुरुष नर्तकहरूसँग आफ्नो प्रस्तुति दिइरहेकी थिइन् । नृत्य गर्ने क्रममा एउटा कौशल देखाउनु उनका लागि ठूलो भूल सावित भयो । स्टेजमा मानव पिरामिडमा चढ्ने प्रयास गर्ने क्रममा शारीरिक सन्तुलन बिग्रिएर उनी भुइँमा पछारिएकी थिइन् । उक्त दुर्घटनापछि चिकित्सकले उनलाई केही साता आराम गर्ने सल्लाह दिएका छन् ।



# मनीषा अब जयाकी बुहारी

लामो समयदेखि सिल्भर स्क्रिनबाट टाढा रहेकी अभिनेत्री मनीषा कोइराला चाँडै नै दमदार भूमिकामा देखिनी भएकी छिन् । रेवती बर्माको 'आप के लिए हम' चलचित्रमार्फत् उनी पुनः पर्दामा देखिन लागेकी हुन् । चलचित्रमा मनीषाले नकारात्मक भूमिमा निर्वाह गर्दैछिन् । त्यो पनि अभिनेता रणवीर सौरीकी पत्नी तथा अभिनेत्री जया बच्चनकी बुहारीका रूपमा । लामो अन्तरालपछिको आगमन, त्यो पनि जया बच्चनसित, त्यसैले मनीषा आफ्नो भूमिकाबाट निकै उत्साहित भएको बताइन्छ । त्यसो त नकारात्मक भूमिका मनीषाका लागि नौलो होइन । यसअघि उनले मणि रत्नमको 'दिल से' मा आतंकवादीको चरित्र निर्वाह गरेकी थिइन् ।



# इशा पनि लगनगाँठो कस्दै

लगभग एक साताको अन्तरालमा बलिउडकर्मीहरूले दुई जना अभिनेत्रीको विवाहभोज खान पाउने भएका छन् । झ्याइँ पार्ने मौसमको सदुपयोग गर्दै वैवाहिक जीवनमा प्रवेश गर्नेहरूको सूचीमा अभिनेत्री शिल्पा सेट्ठीपछि खल्लास गर्लको परिचय बनाएकी अभिनेत्री इशा कोप्पिकर पनि छिन् । इशाको विवाह रेस्टुराँ व्यवसायी टिमी नारंगसित हुन लागेको हो । इशा र टिमीको लगन शिल्पाको विवाह भएको एक सातापछि अर्थात् नोभेम्बर २९ तारिखमा हुँदैछ । शिल्पाको विवाह भने २२ नोभेम्बरमा सम्पन्न भएको थियो ।



## केवल एक प्रश्न

# तपाईंलाई जिन्दगीमा बढी डर कहिले र किन लागेको थियो ?

०४७ सालमा कमाएजति सप्पै लगानी गरी चलचित्र 'युगदेखि युगसम्म' बनाएको थिएँ। त्यो चलचित्र चल्छ कि चल्दैन ? लगानी डुब्ने पो हो कि ? भनेर असाध्यै डर लागेको थियो।

**छविराज ओझा (चलचित्र निर्माता)**

आठ वर्षअघि स्कुल पढ्दा एउटा केटाले मलाई लभलेटर पठाएको थियो। जीवनमा पहिलोपल्ट कसैले लभलेटर पठाएकाले म निकै डराएकी थिएँ। चिठीभित्र उसले के लेखेको होला भनेर निकै डर लागेको थियो। खोलेर हेर्दा त उसले तिमी फूल भए मेरो गमलामा रोपिदिन्छु भनेर लेखेको रहेछ। त्यतिबेला डर लागे पनि अहिले हाँसो उठ्छ।

**मल्लिका कार्की (गायिका)**

धेरै भएकै छैन, मेरो बाइकको एक्सिडेन्ट भयो। खुट्टा भाँचिएर अप्रेसन गर्नुपर्‍यो। त्यो बेला डाक्टरले दिएको एउटा औषधीको रियाक्सन गरेर म झन्डै चिप्लिएको...। पाँच मिनेटमा म यो संसारमा रहन्नथेँ। भगवान्को दयाले डाक्टरहरूको चार मिनेटको प्रयासले रियाक्सनबाट मुक्त भएँ र बाँचे। त्यो चार मिनेट म यति डराएँ कि वर्णन गर्न सक्दिनँ।

**बिजु बज्र (संगीतकार)**

खै.. कहिले डर लाग्या थियो, सम्झनै सकिनँ। बुबा (गायक स्व. बुद्धि परियार) को अन्तिम अवस्थामा म उहाँको छेउमै थिएँ। उहाँको स्थिति देखेर म असाध्यै डराएको थिएँ।

**धर्मेन्द्र सेवान (गायक)**

गाउँमा छ कक्षा पढ्दा भर्खर पौडिन सिकेको थिएँ। गाई चराउन जाँदा एउटा गहिरो दहछेउ पुगेँ। एक्लै दहमा पौडिन थालेँ। बीचमा पुगेपछि थाकेछु। वारि आउन सकिनँ, पारि पनि जान सकिनँ। एकान्तमा बचाउने पनि कोही थिएनन्। डुबिने भइयो भनेर निकै डर लाग्यो। एकाएक भगवान्को नाम जपें र हिम्मत जुटाएर किनारामा आएँ।

**बेनीमाधव भट्टराई (गीतकार)**





तस्बिर : नेटनसा डटकम

**शुभेच्छा थापा**
नायिका

● मेरो अनुभव ●

# फिजिकल फिटनेस

तीन महिनाअघिसम्म मेरो तौल ६१ किलोग्राम थियो। यो अन्तरालमा मैले आफ्नो तौल १० किलो घटाएँ। पहिलो महिना ६ किलोग्राम घटाएपछि मेरो हौसला बढ्यो, अनि दुई महिनामा थप ४ किलोग्राम घटाएर मैले आफ्नो तौल ५१ किलोग्राम बनाएकी छु। त्यसका लागि हरेक बिहान पाँच बजे उठ्छु र जगिङ जान्छु। नयाँ बानेश्वरको घरबाट दौडँदै भद्रकाली मन्दिर परिक्रमा गरेर अनामनगरको बाटो हुँदै एक घण्टाजतिमा घर पुग्छु। घरमा चिया पिएर फ्रेस भएपछि सात बजे डान्स क्लास जान्छु। डान्स क्लासमा एक घण्टा नाचेपछि मेरो नियमित व्यायाम सकिन्छ। सातामा एक-दुई पटक साउना बाथ लिन क्लब जाने गरेकी छु। त्यसबाहेक मैले अरू एक्सरसाइज गरेकी छैन। चलचित्रमा नायिका भएपछि फिजिकल्ली फिट रहनु आवश्यकता हो। अनुहार मात्र होइन, शारीरिक रूपमा पनि सुन्दर देखिनु यो पेसामा अत्यन्तै आवश्यक मानिन्छ। त्यसका लागि मैले धेरै मेहनत गरेकी छु।

बिहान घरबाट एक्लै निस्कँदा कसैले नचिनोस् भनेर मास्क र टोपी लगाएकी हुन्छु। तैपनि एक्लै केटी बिहान दौडेकी देखेर जिस्क्याउने मानिसहरूसँग कहिलेकाहीं जम्काभेट भैहाल्छ। उनीहरूलाई वेवास्ता गर्ने गरेकी छु। फिट रहन खानपिनमा पनि ध्यान दिनु आवश्यक हुन्छ। म तीन दिनमा एकपटक भात खान्छु। अरूबेला रोटी मात्र खाने गरेकी छु। भोको बसेर दुब्लाइन्न, कमजोर भइन्छ। त्यसैले दिनभरि फलफुल, जुस आदि खाने गरेकी छु। हप्तामा एक दिन मासु पनि खान्छु। एकैपटक धेरै खाने बानीले तौल बढ्छ। बरु स्वादका लागि त्यस्ता कुरा खाने र थोरै खाने बानी मेरो छ। विदेशमा राम्रो देखिन नायिकाहरूले वक्षस्थल र हिपको सर्जरी गरेको कुरा सुनेकी छु। म त्यस्ता कृत्रिम उपाय अपनाउँदिनँ। बरु व्यायामबाटै आफूलाई फिट राख्छु। मेरो उचाइ ५ फिट ६ इन्च छ। अब मेरो लक्ष्य आफ्नो तौल ४७ किलोग्रामसम्म झार्नु हो। मोटो र थुलथुले शरीर कसैका लागि पनि राम्रो कुरा होइन, त्यसैले म सबैलाई फिजिकल्ली फिट रहने सल्लाह दिन्छु।



## ● तीन प्रश्न ●



अभिनय, संगीत तथा निर्देशन गरी तीनै क्षेत्रमा आफूलाई प्रमाणित गरिसकेका हास्यकलाकार तथा गायक प्रकाश ओझा केही वर्षको अन्तरालपछि पुनः सानो पर्दामा फर्किएका छन्। इटहरीमा छँदा मदानी समूहमा रहेर नाट्यकर्मी तथा गायकका रूपमा सक्रिय ओझालाई पछि कान्तिपुर टेलिभिजनबाट प्रसारण भएको हास्यश्रृंखला "तितेकरेली" ले लोकप्रिय बनायो। 'झत्काइदिन्छु बाख्राको खोर पनि...' लगायत थुप्रै हास्यगीतका गायक ओझाले तीतेकरेलीमा अभिनय मात्र होइन, निर्देशन पनि गरेका थिए। सानो पर्दाबाट पाएको लोकप्रियताकै कारण उनले चलचित्र 'दाइको ससुराली गाउँ' मा नायकको भूमिका निर्वाह गर्ने अवसर पाए। *साप्ताहिक*का लागि नियमित रूपमा चुट्किलासमेत लेखिरहेका कलाकार ओझाले थुप्रै म्युजिक भिडियोको निर्देशन गरेका छन्। सांगीतिक कार्यक्रममा समेत हास्यकलाकार तथा गायकका रूपमा सक्रिय सहभागिता जनाउने कलाकार ओझा यति बेला भने तराई टेलिभिजनबाट पुनः दर्शकमाझ पुग्न थालेका छन्। उनको निर्देशन तयार भएको नयाँ टेलिश्रृंखला 'गाई कि त्रिशूल' प्रत्येक शुक्रबार राति ८ बजे प्रसारण भैरहेको छ। चाँडै नै उनको निर्देशनमा 'हाँसिदेऊ दुई फेर' तथा 'छोटे डन' शीर्षकका दुई नयाँ कार्यक्रम तराई टेलिभिजनबाटै प्रसारण हुने क्रममा छ। अचानक सानो पर्दामा पुनः व्यस्त भएका ओझासँग *साप्ताहिक*को तीन प्रश्न :

**लामो समयपछि सानो पर्दामा फर्कनुभयो, कस्तो अनुभव गर्दै हुनुहुन्छ ?**

म्युजिक भिडियोमार्फत म सानो पर्दाकै वरिपरि थिएँ तर लामै ग्यापपछि टेलिश्रृंखलामार्फत दर्शकमाझ आउँदा रमाइलो लागिरहेको छ ।

**तीतेकरेलीदेखि गाई कि त्रिशूलसम्म के-के काम गर्नुभयो ?**

वास्तवमा दर्शकका लागि केही नयाँ तथा मौलिक कार्यक्रम लिएर आउनुपर्छ भन्ने लागेर त्यसैको तयारी गर्दागर्दै दुई-तीन वर्ष बितेको पत्तै भएन । भर्खरै प्रसारण प्रारम्भ भएका कार्यक्रमको विषयवस्तुको खोजी तथा तयारीमै दुई वर्ष बित्यो ।

**एकै पटक तीनवटा नयाँ कार्यक्रममार्फत आउन लाग्नुभएछ, कस्ता छन् कार्यक्रम ?**

तीनैवटा कार्यक्रम एक-अर्काभन्दा पृथक् छन् । 'गाई कि त्रिशूल' हास्यश्रृंखला हो । 'छोटे डन' मा मेरो लेखन तथा निर्देशन मात्र रहनेछ । बान्द्रे अर्थात सुरज चापागाई छोटे डन बन्दैछन् । 'हाँसिदेऊ दुई फेर' चाहिं दुई-दुई मिनेट लामो भिडियो चुट्किलाका रूपमा आउनेछ ।

## ● सानो पर्दा ●

### नयाँ टेलिभिजन च्यानल

नेपाली आकाशमा एउटा अर्को नयाँ च्यानल थपिएको छ । नेसनल च्यानलले गत कात्तिक २५ गतेदेखि परीक्षण प्रसारण प्रारम्भ गरेको छ । 'युवापुस्ता तथा राष्ट्रका लागि' नाराका साथ प्रसारण प्रारम्भ भएको यो च्यानलले मंसिरको पहिलो सातादेखि नियमित प्रसारण प्रारम्भ गर्ने जनाएको छ । च्यानलले प्रारम्भिक चरणमा समाचार, समाचारमूलक कार्यक्रम, शिक्षा, मनोरञ्जन तथा सूचनामूलक कार्यक्रमहरू प्रसारण गर्नेछ । परीक्षण प्रसारणसँगै दर्शकले बालबालिकासम्बन्धी कार्यक्रम नयाँ पुस्ता, कला तथा संस्कृतिमा आधारित कार्यक्रम लालित्य, साहित्यिक कार्यक्रम शब्दाक्षर, सांगीतिक कार्यक्रम म्युजिक इन्फो, खेलकुद कार्यक्रम प्रतिस्पर्धा, ऐतिहासिक विषयवस्तुको कार्यक्रम हिजो, भविष्यमा आधारित कार्यक्रम सम्भावना, टक शो कार्यक्रम टल्क अबाउट पर्सनालिटी तथा टक शोमै आधारित कार्यक्रम 'शुभरात्रि' जस्ता कार्यक्रम हेर्न पाउनेछन् ।

### होचो कदको चिन्ता छैन

सानो पर्दाका दर्शकका लागि बिन्दा दुलाल परिचित अनुहार हो । टेलिश्रृंखलाहरूमा अभिनय गरिसकेकी बिन्दालाई निर्देशकहरू प्रायः हास्यश्रृंखलामै अभिनय गराउन रुचाउँछन् । 'मेरो कद होचो भए पनि कलाकारिताले आफ्नो उचाइ बढाइरहेकी छु,' उनी भन्छिन्– 'कद होचो भएकैले मैले अभिनय क्षेत्रमा कम समयमै स्थापित हुने अवसर पाएकी छु ।' बिन्दाले '५२ घुस्सा ५३ ठक्कर', 'मेरी बास्सै', 'नलेखिएको साइनो', 'लगन जुर्लाजस्तो छ', 'वाक्क ब्याक्क दिक्क', 'भैगो नि त' जस्ता टेलिश्रृंखलाहरूमा अभिनय गरेर दर्शकलाई हँसाइसकेकी छिन् । उनले ठूलो पर्दाको 'सुन्दर मेरो नाम' चलचित्रमा पनि अभिनय गरेर आफ्नो कलाकारिताको दायरा फराकिलो बनाइसकेकी छिन् । बिन्दा होचा-पुड्का कलाकार संघमा आबद्ध भएर थुप्रै सांस्कृतिक कार्यक्रममा नृत्य तथा प्रहसन पनि प्रस्तुत गरिसकेकी छिन् ।

### टेलिभिजनकर्मीको बर्थडे



गत साता दुई जना लोकप्रिय टेलिभिजनकर्मीले आफ्नो बर्थडे मनाए । हास्यकलाकार हरिवंश आचार्यले अघिल्लो शुक्रबार आफ्नो ५२ औं बर्थडे मनाए भने टेलिभिजनकर्मी दिनेश डिसीले पनि अघिल्लो मंगलबार एउटा अनौपचारिक कार्यक्रममा बर्थडे केक काटे । हरिवंश आचार्यको बर्थ डे रेडियो अडियोको प्रांगणमा एक दर्जनभन्दा बढी हास्यकलाकार तथा सञ्चारकर्मीमाझ मनाइएको थियो भने डिसीको बर्थ डेका लागि नवोदित नायक हसन राजा खानको डिजाइनमा तयार पारिएको केक काटिएको थियो । डिसीको बर्थ डे मनाउन हसन राजाका अतिरिक्त दीपकराज गिरी, दीपाश्री निरौला, राजेशपायल राई, रोज मोक्तान आदि उपस्थित थिए ।

## ● विदेशबाट ●

### सुरज बडजात्याको नयाँ श्रृंखला

राजश्री प्रोडक्सनले निर्माण गर्ने चलचित्रमा हिन्दू परम्परा, संस्कार तथा नैतिक मूल्यहरूलाई विशेष ध्यान दिइन्छ । जिटिभीले राजश्रीको त्यही संस्कारलाई दर्शकमाझ प्रस्तुत गर्ने भएको छ । राजश्री प्रोडक्सनले जिटिभीका लागि नयाँ धारावाहिक निर्माण गरेको छ, 'यहाँ मैं घर-घर खेली...' । गत मंसिर २ गते सोमबार प्रसारण प्रारम्भ भएको यो धारावाहिक सोमबारदेखि शुक्रबारसम्म राति ८:४५ बजे प्रसारण हुन्छ । धारावाहिक एउटा ठाकुर परिवारको कथामा आधारित छ । यो धारावाहिकमा आलोकनाथ, स्मिता जयकर तथा सहानी धामीले मुख्य भूमिका निर्वाह गरिरहेका छन् ।

### रियालिटी शोमा साहिद र रितेश

बलिउडका दुई चकलेटी नायक साहिद कपुर तथा रितेश देशमुख पनि रियालिटी शोमा आउने भएका छन् । स्टार प्लसबाट प्रसारण हुने क्रममा रहेको नयाँ म्युजिकल रियालिटी शोको सञ्चालन गर्ने जिम्मा उनीहरूलाई दिइएको छ । छायांकन प्रारम्भ भैसकेको उक्त शोका लागि उनीहरूले गीत पनि गाउनेछन् । साहिद तथा रितेश दुवैले रियालिटी शो सञ्चालन गर्ने प्रस्तावलाई चुनौतीका रूपमा लिएको बताएका छन् ।

### हिमेश पुनः सानो पर्दामा



बलिउडका नायक, गायक तथा संगीतकार हिमेश रेशमिया पुनः एकपटक सानो पर्दामा छाउनेछन् । स्टार प्लसबाट प्रसारण हुने नयाँ रियालिटी शोका लागि उनलाई क्याप्टेनका रूपमा छनौट गरिएको छ । उक्त शोमा छवटा सांगीतिक समूह रहनेछन् । ती समूहमध्ये एकको क्याप्टेनमा हिमेशलाई छनौट गरिएको हो । हिमेशका अतिरिक्त बलिउड संगीतका चर्चित व्यक्तिलाई समेत उक्त कार्यक्रममा सहभागी गराइनेछ । मंसिर महिनाको अन्तिम सातातिर प्रसारण प्रारम्भ हुने उक्त कार्यक्रममा शान, श्रेया घोषाल तथा मीका पनि सहभागी छन् । उनीहरूले छुट्टाछुट्टै समूहको क्याप्टेनसिप गर्नेछन् ।

## जम्का भेट

हास्यकलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य दर्शकमाझ महका रूपमा चिनिन्छन्। महजोडीका रूपमा उनीहरूले सहयात्रा गरेको तीन दशक हुन लागेको छ। यस क्रममा उनीहरूले दर्जनौं गाईजात्रे कार्यक्रम, थुप्रै टेलिश्रृंखला तथा केही नेपाली चलचित्रमा प्रभावकारी अभिनय गरेर दर्शकलाई हँसाइसकेका छन्। अभिनय तथा कलाकारिता मात्र होइन, महजोडीलाई देशको पनि उत्तिकै चिन्ता छ। सामाजिक कार्यमा समेत उत्तिकै तल्लीन महजोडी नागरिक समाजको आन्दोलनमा पनि सहभागि भैरहन्छन्। यति बेला उनीहरूलाई नेपालको नयाँ संविधानको चिन्ता छ। समयमै नेपालको संविधान नबन्ने हो कि भन्ने कुराले उनीहरूलाई चिन्तित बनाएको हो। विगत तीन वर्षदेखि महजोडीले कान्तिपुर टेलिभिजनसँग सहकार्य गरेर 'मह टाइम' सञ्चालन गरिरहेको छ। यही सहकार्यलाई निरन्तरता दिंदै आज शुक्रबारदेखि कान्तिपुर टेलिभिजनको 'मह टाइम' मा मह जोडी बिल्कुलै नयाँ विषयवस्तुमार्फत प्रस्तुत हुँदैछन्। यसअघि नै दर्शकहरूले मन पराइसकेको टेलिश्रृंखला 'मदनबहादुर हरिबहादुर' को तेस्रो श्रृंखलामार्फत उनीहरु दर्शकमाझ पुग्न लागेका हुन्। 'मदनबहादुर हरिबहादुर स्कुलमा' शीर्षकको १२ भाग लामो यो नयाँ श्रृंखला प्रसारणको क्रममा कान्तिपुर टेलिभिजन परिसरमा भेटिएका महजोडीसँग *साप्ताहिक* संवाददाता *कृष्ण भट्टराई*को जम्काभेट :



**मदनबहादुर हरिबहादुरको तेस्रो श्रृंखलाको मुख्य विषय के हो ?**

आमनेपाली जनतालाई नेपालको संविधान भनेको के हो, कस्तो हुनुपर्छ, के-के कुरा समेटिनुपर्छ भन्ने मात्र होइन, समयमा संविधान लेखिनुपर्छ भन्ने कुराको जानकारी दिनु नै यो श्रृंखलाको मुख्य विषय हो ।

**नयाँ श्रृंखलामा स्कुलको पनि प्रसंग जोड्नुभएछ नि ?**

हामीले पहिलो पटक यही श्रृंखलामार्फत 'संविधान स्कुल' निर्माण गरेका छौं । यो स्कुलमा संविधानका बारेमा जानकारी राख्ने शिक्षकले संविधानका बारेमा जान्न खोज्ने विद्यार्थीलाई पढाउनेछन् ।

**स्कुलमा तपाईंहरू कुन-कुन भूमिकामा देखिनुहुनेछ ?**

स्कुलमा मदनबहादुर अर्थात् मदनकृष्ण शिक्षकका रूपमा प्रस्तुत हुनेछन् भने हरिबहादुर अर्थात् हरिवंश विद्यार्थीका रूपमा !

**पहिलो पटक शिक्षक र विद्यार्थीका रूपमा प्रस्तुत हुँदा कत्तिको रमाइलो भयो ?**

साह्रै नै रमाइलो भयो । संविधान पढाउने शिक्षक तथा संविधान पढ्ने विद्यार्थीको भूमिका निर्वाह गर्ने क्रममा हामीले पनि संविधानका बारेमा धेरै कुरा जान्ने अवसर पायौं ।

**श्रृंखलामा 'संविधान-सन्देश' मात्र हुनेछ कि दर्शक हँसाउने विषयवस्तु पनि छन् ?**

हामीले अहिलेसम्म निर्माण गरेका श्रृंखलाहरूमध्ये सबैभन्दा बढी दर्शक हँसाउने श्रृंखला नै यही हुनसक्छ । यो श्रृंखलामा २० प्रतिशत संविधान सन्देश छ भने बाँकी ८० प्रतिशत त हास्यरस छ ।

• चलचित्र •

# दे दनादन




अक्षयकुमार सिंगापुरमा एउटी धनाढ्य महिला अर्चनापुरन सिंहका एक कामदार तर धेरै विकल्पका रूपमा रहेका हुन्छन् । उनी अर्चनाको भान्छेदेखि ड्राइभर, बगैंचे, सुरक्षा गार्ड आदि सबै काम गर्छन् । संसारमा रहेका अन्य व्यक्तिहरूले झैं अक्षयकुमारले पनि सुन्दर भविष्यको चाहना राखेका हुन्छन्, तर भाग्यले साथ नदिएको बेला जे गरे पनि हुँदैन भनेजस्तै हुन्छ । यद्यपि उनी टन्न पैसा कमाएर आफ्नी प्रेमिका कट्रिना कैफसँग विवाह गर्ने चाहना राख्छन् । जबकि कट्रिनाले नै उनलाई आर्थिक सहायता गरिरहेकी हुन्छिन् । अक्षयका परममित्र सुनिल धनी हुने सपना सँगालेर सिंगापुर आउँछन् र त्यहाँ कुरियरको काम गर्न थाल्छन् । यसैक्रममा उनी धनी युवती समिरा रेड्डीसँगको प्रेममा पर्छन् । समीरासँग विवाह गर्न सुनिलले पैसा टन्न कमाउनुपर्ने बाध्यता आइलाग्छ । अर्कातिर ऋणमा डुबेका व्यवसायी परेश रावलको चाहना ऋणमुक्त हुन आफ्नो छोरा चंकी पाण्डेको विवाह कुनै धनाढ्यकी एक्ली छोरीसँग गर्ने र दाइजोमा थुप्रै रकम ऐंठने हुन्छ । उनले त्यस्ती केटी पनि भेट्छन्- समिरा रेड्डी । आफ्नी प्रेमिकासँग अरूले नै विवाह गर्ने भएपछि सुनिलले अक्षयको सहायता लिन्छन् अनि उनीहरू मिलेर परेशको विरुद्धमा लाग्छन् । हास्यप्रधान यो चलचित्रका निर्देशक प्रियदर्शन हुन् । हास्यचलचित्र बनाउन माहिर प्रियदर्शनले यसअघि अक्षय, सुनिल र परेशलाई लिएर सफल हास्य चलचित्र 'हेराफेरी'को निर्देशन गरेका थिए । यो चलचित्रमा हेराफेरीकै जस्ता हास्यप्रधान घटनाहरू छन् । आज शुक्रबार सार्वजनिक हुने यो चलचित्रमा नेहा धुपिया, अदीति गोवारिकर, असरानी, जोनी लिभर, मनोज जोशी, राजपाल यादव, टिनु आनन्द, शरद सक्सेना, हिमानी शिवपुरी आदि कलाकारको पनि महत्त्वपूर्ण भूमिका छ । चलचित्रमा प्रितम चक्रवर्ती, आरडीबी तथा एड ब्वाइजको संगीत सुन्न पाइन्छ । प्रियदर्शनको निर्देशनमा बनेको हास्य चलचित्र भएकाले यो चलचित्रले दर्शक जुटाउन सक्छ ।

# ग्याङ्स



पोखराका युवा चलचित्रकर्मीहरूले निर्माण गरेको चलचित्र 'ग्याङ्स' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि हुने भएको छ । वासुदेव पोखरेलद्वारा निर्देशित यो चलचित्रको निर्माण तिलकबहादुर मल्ल तथा मोहन कार्कीले गरेका हुन् । चलचित्रमा अमन केसी, राजेश बस्नेत, श्यामकुमार नेपाली, सुमन सापकोटा, सुरेश बलामी, सेनाज गुरुङ, बिजिता बिजुक्छे, श्रृजु उदास, युवराज गिरी, एलबी थापा, राजु अधिकारी, राज केसी, बब केसी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । निर्देशक पोखरेलले नै छायांकन गरेको यो चलचित्रमा नट्टी ब्वाइको संगीत छ भने सानुकुमार महर्जनले द्वन्द्व निर्देशन गरेका छन् । सुनिल गिरीद्वारा नृत्य निर्देशन गरिएको यो चलचित्रको अधिकांश छायांकन पोखरामै गरिएको हो ।

एन एक्सपोज फिल्म्सको ब्यानरमा तयार पारिएको यो चलचत्रि पृथक् धारमा निर्माण भएको छ । चलचित्रमा बेरोजगारी, अवसरको कमी तथा गरिबीले कस्तोसम्मको अवस्था निम्त्याउँछ भन्ने विषयलाई चित्रण गरिएको छ । एक्सनका दृश्य अत्यधिक प्रयोग गरिएको यो चलचित्रको कथामा नयाँपन भएकाले यसले दर्शकको मन जित्ने कुरामा निर्माण पक्ष ढुक्क छ । पोखराका मोडललाई अभिनय गराइएको यो चलचिमा पाँच जना युवाको संघर्षको कथा समेटिएको छ । चलचित्र पोखरा, दाङलगायत उपत्यकाबाहिरका चलचित्र भवनहरूमा प्रदर्शन हुनेछ ।

# निन्जा एस्सेसिन्स



रायजो एक खतरनाक हत्यारा हुन् । सडकमा फालिएका रायजोलाई ओजुनु क्लान नाम गरेका एक अपराधीले पालेका हुन्छन् । उनले नै रायजोलाई खतरनाक हत्यारा बनाएका हुन् । उनी क्लानको अपराधी समूहमा काम गरिरहेका हुन्छन् । एकपटक क्लानले रायजोका एक जना अति मिल्ने साथीको विभत्स हत्या गरिदिन्छ । अब रायजो आफ्नो साथीको हत्याको बदला लिन आफ्नो धर्मपिता क्लानको विरुद्धमा लाग्छन् । अपराधी समूहको नाइके क्लानलाई सखाप पार्नु एक्लो रायजोका लागि ढुंगा चपाउनुजत्तिकै हुन्छ, तर पनि उनी उपयुक्त समय पर्खन थाल्छन् । त्यो अवधिमा उनले केही प्रशिक्षण लिन्छन् । मिका कोरेट्टी युरोपको एक जासुसी संस्थाकी एजेन्ट हुन्छिन् । रायजोले एकपटक उसको ज्यान बचाउँछन् । त्यसपछि क्लानको अपराधी जालो भत्काउन उनले रायजोलाई सहायता गर्न थाल्छिन् । रायजोले चाइनिज फाइटर निन्जाले लुकीलुकी गर्ने गुरिल्ला आक्रमणशैलीलाई अपनाउँछन् । अन्ततः धेरै प्रयासपछि उनले आफ्नो लक्ष्य पूरा गर्छन् । एक्सन चलचित्रका रूपमा यो साता सार्वजनिक हुन लागेको चलचित्र 'निन्जा एस्सेसिन्स'मा द्वन्द्व तथा हत्याका भयानक दृश्यहरू समेटिएका छन् । १ घण्टा ४० मिनेटको यो चलचित्रको पृष्ठभूमि जर्मनीको बर्लिन सहरलाई बनाइएको छ । रायन, निओमी हेरिस, बेन माइल्स, किर युने आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेको यो चलचित्रका निर्देशक जेम्स मेकट्रिग हुन् ।



सर्वाधिक बिक्री हुने
साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : ठिकठाक डटकम




रिना
गुरुङ

## साताको स्वर



### रुपक डोटेल

**सपनी राम्रो देखिनँ....कस्तो प्रकारको गीत हो ?**

नेपाली लोकफ्युजन हो। ठेट नेपाली शब्दमा पश्चिमा शैलीको संगीत प्रयोग गरेर तयार पारिएको गीत हो। सुगम संगीतमा आधारित गीत भए पनि श्रोताहरूले यो गीतमा लोकदेखि पप फ्लेभरसम्म पाउनुहुन्छ।

**गीतका लक्षित श्रोता को हुन् ?**

सपना देख्ने शिशुदेखि वृद्धसम्म सबैलाई यो गीतले समेट्छ, तर विशेष गरी गीत-संगीतमा झुम्ने युवापुस्ताका निम्ति यो गीत ढुकढुकी बनेको छ।

**गीतले यत्तिको चर्चा पाउला भन्ने थियो ?**

नेपाली सांगीतिक उद्योगमा छाप छोडे पनि यत्तिको चर्चामा रहला वा दर्शक-श्रोताको मन जित्ला भन्ने थिएन। एक महिनाभित्रै ३० हजार सिआरबिटी डाउनलोडले म अत्यन्तै खुसी छु।

**गीत लोकप्रिय हुनुमा शब्द, संगीत र स्वर कुन पक्ष सबल भएजस्तो लाग्छ ?**

आलोकश्रीको रचना रहेको यो गीतलाई सबैको मुखमा झुन्डिने बनाउन उहाँले नै बेजोड संगीत दिनुभएको हो।

**म्युजिक भिडियो कस्तो लाग्यो ?**

उत्कृष्ट छ, गीत राम्रो भएकाले भिडियो पनि राम्रो बनाउन पोखरा र नारायणगढमा पनि छायांकन गरिएको थियो।

## म्युजिक अपडेट

### चितवनमा कन्सर्ट

आधा दर्जन लोकप्रिय कलाकारले चितवनमा सम्पन्न औद्योगिक मेलामा आयोजित सांगीतिक कार्यक्रममा गीत-संगीत प्रस्तुत गरेका छन्। गत कात्तिक २५ गते प्रारम्भ भएको मेला गत शनिबार सम्पन्न भएको थियो। सांगीतिक कार्यक्रममा चितवनलाई नै कर्मथलो बनाइरहेका गायकद्वय सुदन गैरे तथा शशांक कँडेलले उपस्थित दर्शक-श्रोताको मन जितेका थिए। कार्यक्रममा राजधानीबाट गएका रामचन्द्र काफ्ले, हिमाल सागर, भरत सिटौला, किरण घिमिरे माइकल आदि गायकले पनि आफ्ना लोकप्रिय गीत प्रस्तुत गरेर मेलाको रौनक बढाए।

### आँधीखोला लोकताराको घोषणा

एलादी, स्याङ्जाका शिवकुमार गुरुङले आँधीखोला लोकतारा एवार्ड-२०६६ जितेका छन्। सामुदायिक रेडियो आँधीखोला, स्याङ्जाले स्थापनाको दोस्रो वार्षिकोत्सवका अवसरमा आयोजना गरेको गायन प्रतिभाको खोजी प्रतियोगितामा गुरुङले उपाधि प्राप्त गरेका हुन्। प्रतियोगितामा उनले ७५ जना प्रतियोगीलाई उछिनेका थिए। प्रतियोगितामा तीनदोबाटे, स्याङ्जाकी गीतादेवी ढकालले उपविजेताको एवार्ड हासिल गरिन्। पश्चिमाञ्चल क्षेत्रभित्रका विभिन्न जिल्लाबाट सहभागी प्रतियोगीमध्ये विभिन्न चरणमा गरी गत शनिबार उत्कृष्ट पाँच जना गायक-गायिकालाई निर्णायक प्रतियोगितामा सहभागी गराइएको थियो।

### कोरियामा नेपाली म्युजिक भिडियो

चलचित्रमा अभिनय गरिरहेकी नायिका चन्द्रा घिसिङ गायिकाका रूपमा समेत उत्तिकै चर्चित छिन्। सांगीतिक कार्यक्रमका क्रममा कोरिया पुगेर उनले आफूमा रहेको गायन कला प्रस्तुत गरेकी छिन्। 'मंगोलियन गर्ल' शीर्षकको पहिलो गीतिसंग्रह बजारमा ल्याउने तयारी गरिरहेकी घिसिङ गत साता सांगीतिक कार्यक्रमका क्रममा कोरिया पुगिन्। कार्यक्रमकै क्रममा उनले संग्रहको एउटा गीतको म्युजिक भिडियो समेत छायांकन गर्न भ्याइन्। 'तिमीलाई माया गरी...' को म्युजिक भिडियोमा चन्द्रा स्वयंले अभिनय गरेकी छिन्। लामो समयदेखि संगीत-साधनामा जुटेकी घिसिङले भारतको इलाहाबादस्थित प्रयाग संगीत समितिबाट शास्त्रीय संगीतमा बिम्युज (संगीत विरासत) गरेकी छिन्।

### नेपथ्यको नयाँ एल्बम

करिब तीन वर्षपछि सांगीतिक समूह 'नेपथ्य' को नयाँ गीतिसंग्रह 'मेरो देश' श्रोतामाझ आएको छ। गत शनिबार यो संग्रहलाई सार्वजनिक गरिएको हो। नेपथ्यका गायक अमृत गुरुङले प्रेस विज्ञप्ति जारी गर्दै नयाँ गीतिसंग्रहमा देशको वर्तमान अवस्थालाई लक्षित गर्दै माया-पिरतीको सट्टा देशप्रेम तथा शान्तिको भावना समेटिएको बताएका छन्। 'मेरो देश' शीर्षक रहने उक्त गीतिसंग्रहमा आठवटा गीत सुन्न सकिन्छ। संग्रहको आवरणमा नेपालको राष्ट्रिय झन्डा राखिएको छ। संग्रहले विगत आठ वर्षदेखि गाइरहेको 'रातो र चन्द्र सूर्य' गीतलाई प्रतिनिधित्व गर्ने भएकाले राष्ट्रिय झण्डालाई आवरण पृष्ठमा राख्न लागिएको गायक गुरुङले बताएका छन्। बृहत् शान्ति-सम्झौता तेस्रो वर्षमा प्रवेशको मितिमा सांगीतिक शुभकामनास्वरूप 'मेरो देश' सार्वजनिक गरिएको संग्रहको बजार व्यवस्थापक नेपालयले जनाएको छ।

### नेता बने गायक गुरुङ

आफ्नो समूहको नयाँ गीतिसंग्रह सार्वजनिक भएकै दिन नेपथ्यका गायक अमृत गुरुङ नेता बनेका छन्। एसियाका २१ युवा नेताको समितिमा नेपालका तर्फबाट गायक तथा संगीतकार गुरुङ छनौट भएका हुन्। २० एसियाली मुलुकका १ सय ५० युवामध्ये नेपालका तर्फबाट छनौट भएका अमृतले गत शुक्रबार एसिया सोसाइटीको चौथो वार्षिकोत्सवमा मलेसियाको क्वालालम्पुरमा आयोजित एक समारोहमा सहभागिता जनाइसकेका छन्। समारोहमा गायक गुरुङले नेतृत्वको बदलिँदो रूप : अभाव र अवसर विषयक बहसमा आफ्नो धारणा व्यक्त गरेका थिए। संगीतको माध्यमबाट शान्तिको सन्देश छर्दै नेपालका ७० जिल्ला भ्रमण गर्दै लोकगीत, संगीत तथा संस्कृतिको अनुसन्धानमा जुटेका गायक गुरुङ नेपालका चलचित्रकर्मी, सांसद, मानव-अधिकारकर्मी, व्यापारी, सुरक्षाकर्मी लगायत विभिन्न क्षेत्रका युवाहरूमध्येबाट छनौटमा परेका हुन्। गुरुङले सांगीतिक समूह नेपथ्यमार्फत नेपाली लोक तथा रकसंगीतलाई मिश्रण गरी गीत-संगीत प्रस्तुत गर्दै आएका छन्।

### गीतकारको दाबी

गीतकार भूपेन्द्र खड्काले एउटै गीत रचना गरेबापत ३० हजार रुपैयाँ पारिश्रमिक लिएको बताएका छन्। यसअघि एउटा गीत रचना गर्ने गीतकारले बढीमा ५ हजार रुपैयाँ पाउँथे। निर्माणाधीन चलचित्र 'ब्याच नम्बर सिक्सटिन' का लागि पाँचवटा गीत रचना गरेर आफूले एकमुस्ट १ लाख ५० हजार रुपैयाँ पारिश्रमिक लिएको दाबी गीतकार खड्काको छ।

### सांगीतिक जमघटमा शास्त्रीय संगीत

भारतका विभिन्न सहरमा अध्ययनरत नेपाली संगीतकर्मीले अघिल्लो बिहीबार राजधानीको एक स्थानमा भेला भएर आफ्नो प्रतिभा प्रस्तुत गरे। विश्व विद्यार्थी दिवसका अवसरमा भारतीय सांस्कृतिक केन्द्रले आयोजना गरेको सांगीतिक समारोहमा उनीहरू एकै स्थानमा भेला भएका थिए। तबलावादक पण्डित होमनाथ उपाध्यायको तबलावादन, चन्दनीप्रसाद काफ्लेको हार्मोनियमवादन तथा सुबिमा श्रेष्ठको कत्थक नृत्यले समारोहको वातावरण रमाइलो बनेको थियो। नृत्य रसमा रमाइरहेकाहरूलाई दुर्गाप्रसाद खतिवडाको बाँसुरी, रोशन नेपालको गिटार तथा अञ्जु उप्रेतीको सितारवादनले थप लठ्याएको थियो। उनीहरूको प्रस्तुतिपछि कार्यक्रमलाई संगीतकर्मी गुरुदेव कामतले संगीतमय बनाए। उनले शास्त्रीय संगीतमा आधारित गजलगायनमार्फत दर्शकलाई मुग्ध बनाएका थिए। समारोहमा उनले मेहन्दी हसनदेखि गुलाम अलिसम्मका लोकप्रिय गजल गाएका थिए। कामतलाई जीवन राईले तबलावादन तथा लक्ष्मण थापाले गिटारवादनमा साथ दिएका थिए। हार्मोनियममा प्रस्तुत भएका कामतले केही नेपाली गजलसमेत गाए।

### राजेशको रेकर्ड

गायक राजेशपायल राईले आफ्नो पछिल्लो गीतिसंग्रह 'दर्शन नमस्ते' को बिक्रीले नयाँ कीर्तिमान कायम गरेको छ। दसैंअघि बजारमा आएको यो संग्रहले श्रोताको मन जित्न सफल भएकोमा राजेशपायलले खुसी व्यक्त गरेका छन्। हालसम्म संग्रहको १० हजार प्रति सिडी बिक्री भैसकेको उनले बताएका छन्।

### रामकृष्णको परिवर्तित शैली

गायक रामकृष्ण ढकालले गाएका भजनहरूको नयाँ गीतिसंग्रह तपाईंको हातमा पऱ्यो भने अचम्म नमाने हुन्छ। सुगम संगीतका यी स्थापित गायक अचेल भजन गायक बनेका छन्। आध्यात्म डुबेका रामकृष्णले भगवानका भजन तथा जीवन दर्शनकका गीतमा रुचि बढाएका छन्। आगामी एक महिनापछि नै उनले गाएका भजनहरूको पहिलो संग्रह सार्वजनिक हुँदैछ। संग्रहमा कालिप्रसाद रिजालले रचना गरेका भजन रहनेछन्, जसलाई किरण कँडेलले संगीतबद्ध गरेका छन्। दुई वर्षअघि जगतगुरु कृपालुजी महाराजका एकल हिन्दी भजनहरूको संग्रहमा स्वर प्रदान गरिसकेका रामकृष्णको आगामी संग्रह नेपाली भाषाको पहिलो भजन संग्रह हुनेछ। 'उपासना' शीर्षकको यो संग्रहमा गायिका आनी छोइङ डोल्माको पनि स्वर सुन्न सकिनेछ। भजन-संग्रह प्रकाशित भएलगत्तै रामकृष्ण आधुनिक गीतको आफ्नो नयाँ गीतिसंग्रहको काममा व्यस्त हुनेछन्।

## अफबिट



गायक अनिल सिंह आफ्नो दुईवर्षे छोरा अश्वितको बर्थ डे पार्टीमा श्रीमती श्रीतिसँग। तस्बिर : साइबरसंसार डटकम

## विदेशबाट



### महामूर्ख बियोन्स

एक इतिहासकारले लोकप्रिय पपगायिका बियोन्स नोल्सलाई महामूर्खको उपाधि प्रदान गरेका छन्। ती इतिहासकारका अनुसार उनले जीवनमा बियोन्सभन्दा बढी मूर्ख महिला देखेके छैनन्। इतिहासकारले बियोन्सलाई महामूर्ख भन्नुपर्ने एउटा भित्री कारण छ। एक समाचारमा जनाइएअनुसार ती इतिहासकारले बियोन्सलाई प्राचीन मिश्रको इतिहास बुझाउन एउटा पुस्तक उपहारका रूपमा प्रदान गरेका थिए, तर बियोन्सले उक्त पुस्तक उपहारका रूपमा ग्रहण गर्न त के आफूलाई इतिहासमा कुनै रुचि नभएको बताएपछि ती इतिहासकारले बियोन्सलाई महामूर्खको उपाधि दिएका रहेछन्।

### मारियाका कुरा

३९ वर्षीया मारिया केरीले लन्डनको एउटा सपिङ मलको क्रिसमस इभेन्टमा सहभागी हुने करार गरेकी छिन्, तर करारसँगै उनको अनावश्यक सर्तले आयोजकहरू समस्यामा परे। क्रिसमस इभेन्टका लागि उनले २० वटा बिरालाका सेता बच्चा तथा १ सयवटा परेवाको माग गरेपछि आयोजकलाई समस्या परेको हो। अमेरिकी गायिका मारिया केरीले आफ्नो कार्यक्रममा सहभागी हुने दर्शकहरूले आफूलाई ठूलो सेलिब्रेटीलाई जस्तो व्यवहार गर्नुपर्ने, कार्यक्रम भव्य हुनुपर्ने तथा उनलाई निरन्तर रूपमा कडा सुरक्षा प्रदान गर्नुपर्ने माग राखेकी छिन्। उता आयोजकहरूले उनका कुनै पनि माग पूरा नगर्ने बताएका छन्। मारियाले नै समारोहका लागि अर्थहीन माग राखेको बताइन्छ। कार्यक्रमका क्रममा आफूलाई बिरालोको बच्चाबाट घेर्नु तथा उद्घाटन समारोहमा ५० जोर परेवा उडाउनुपर्ने उनको माग पूरा गर्न आयोजकहरूलाई धौ-धौ छ। यसबीच आयोजकले स्वास्थ्य तथा सुरक्षा अधिकारीको सहयोगबाट कार्यक्रममा जनावर तथा पन्छीलाई सहभागी गराउन नपाउने नियम बनाउन लगाएपछि मारियाको कुनै पनि माग पूरा नहुने भएको हो।

## ब्याण्ड




कान्तिपुर टेलिभिजनबाट प्रत्येक बुधबार राति प्रसारण भैरहेको सांगीतिक समूहहरूको प्रतिस्पर्धा 'स्प्राइट ब्यान्ड च्यालेन्ज' को रोमाञ्चकता बढिरहेको छ। गत बुधबारदेखि अन्तिम चरणमा पुगेका विभिन्न छवटा समूहबीच प्रतिस्पर्धा भैरहेको छ। अन्तिम छमा पुग्न सफल सांगीतिक समूहहरू 'डेड बोन', 'द टाइम', 'कलश', 'साउन्ड कडल्स', 'इन्फेक्टेड' तथा 'बाप्टिज्म' हुन्।

निर्णायक ६ मा पुग्न सफल भएका सांगीतिक समूहहरूमध्येको एक 'द टाइम' मा एउटा अनौठो संयोग छ। समूहका चार जना संगीतकर्मीमध्ये तीन जना एउटै परिवारका दाजुभाइ हुन्। बाँकी एक जना मात्र परिवारबाहिरका छन्। समूहमा अजर श्रेष्ठ (सितारवादक तथा गिटारिष्ट), अक्षय श्रेष्ठ (गिटारिष्ट तथा गायक) तथा अभय श्रेष्ठ (ड्रमर) दाजुभाइ हुन्। परिवारबाहिरका राकेश मानन्धर भने बेस गिटारिस्टका रूपमा सक्रिय छन्।

पूर्वीय तथा पाश्चात्य संगीतलाई फ्युजन गरेर नयाँ शैलीको संगीतमार्फत श्रोताको मन जितिरहेको 'द टाइम' 'प्रोग्रेसिभ' शैलीको संगीत-सिर्जनाका कारण पनि चर्चित छ। एकै प्रकारको संगीत नभै भिन्न-भिन्न संगीतलाई एकपछि अर्को गर्दै बजाउने कला नै प्रोग्रेसिभ म्युजिक भएको समूहका संगीतकर्मीहरू बताउँछन्। स्थापनाकालदेखि हालसम्म पाँच दर्जनभन्दा बढी सांगीतिक कार्यक्रममा सहभागिता जनाइसकेको यो समूहले पहिलो गीतिसंग्रहको तयारी पनि पूरा गरिसकेको छ। ब्यान्ड च्यालेन्ज प्रतियोगितामा उत्कृष्ट हुने दौडमा सहभागी भएको यो समूहले दर्शक तथा श्रोतामाझ आफ्नो पक्षमा मत दिन आग्रहसमेत गरेको छ।



तस्वीर : एजेन्सी

## बिकिनी परेड

गिनिज बुक अफ वर्ल्ड रेकर्डमा एकै पटक सर्वाधिक युवा-युवतीले बिकिनी र ब्रिफ लगाएर परेड गरेको कीर्तिमान कायम गर्न मानिसहरू अस्ट्रेलियामा भेला भएका थिए। आयोजक समितिले उक्त परेडमा २ सयभन्दा बढीले सहभागिता गरेको जनाएको छ।

## आफैं मापन गर्ने अभियान



अधिकांश पुरुषलाई आफ्नो लिंग सानो छ कि भन्ने पीर परिरहेको हुन्छ। यो सम्भवत: पुरुषलाई हुने विश्वव्यापी चिन्ता पनि हो। पुरुषहरूको यस्तो किसिमको समस्या बुझेपछि थाइल्यान्डको जनस्वास्थ्य मन्त्रालयले पुनर्प्रशोधित कागजमा लिंगको मोटाइ मापन गर्ने स्केल नि:शुल्क वितरण गर्न थालेको छ। जनस्वास्थ्य मन्त्रालयले 'कन्डम फर अल' कार्यक्रमअन्तर्गत उक्त स्केल वितरण गरेको जनाएको छ। पुरुषहरूको लिंगको सही मापन नभएका कारण कतिपय अवस्थामा सानो आकारका कन्डम फुट्ने र ठूला आकारका कन्डम यौनसम्पर्कका बेला खुकुलो हुनेजस्ता समस्याले यौनरोगहरू बढेको पाएपछि सरकारले यो अभियान थालेको हो। सरकारले ४९ देखि ५६ मिलिमिटर मोटाइ मापन गर्ने कागजको स्केल वितरण गरेको छ। यो अभियानमार्फत अहिले मन्त्रालयले पुरुष र महिला यौनकर्मीहरूलाई प्रारम्भिक परीक्षणका रूपमा राखेको छ। थाइल्यान्डको सरुवा रोग नियन्त्रण शाखाका अनुसार कन्डमको सही प्रयोग हुन नसकेर सन् २००३ मा १७ प्रतिशत पुरुष समलिंगीलाई एचआईभी भएको थियो। यो संख्या बढेर सन् २००५ मा २८ प्रतिशत पुगेको थियो भने सन् २००७ मा ३२ प्रतिशत भएको थियो। सन् २०११ सम्ममा कन्डमको सही प्रयोग गराएर एचआईभी नियन्त्रण गर्ने यो अभियानमा मन्त्रालयले २० करोड भाट खर्च गर्ने भएको छ। लिंग मापनबाट आएको निष्कर्षलाई लिएर सरकारले थाई पुरुषहरूलाई मिल्ने आकारको कन्डम निर्माण गर्ने कुरा बताएको छ।



## अन्त्यमा...

अस्ट्रेलियामा हालै देशव्यापी सर्वेक्षण गर्दा मदिरापान गर्ने छात्राहरूमा असुरक्षित यौनसम्पर्क बढिरहेको तथ्य सार्वजनिक भएको छ। गत वर्षको तुलनामा मदिरापान गर्ने १२ वर्षमुनिका छात्राहरूको संख्या ६० प्रतिशतले बढेको पाइयो। ला टोबों युनिभर्सिटिको पहलमा भएको सर्वेक्षणमा साथीहरूको संगतमा मदिरापान गर्ने छात्राहरूमा असुरक्षित यौनसम्पर्कको मात्रा पनि बढिरहेको पाईयो। ३ हजारभन्दा बढी छात्रछात्रामा गरिएको सर्वेक्षणमा १० वर्षभन्दा कम उमेरका एक चौथाइले र १२ वर्षमुनिका ५० प्रतिशतले मदिराको सुरमा यौनसम्पर्क राख्ने गरेको बताए। मदिराको सुरमा असुरक्षित यौनसम्पर्क राख्ने छात्रछात्रामा ३० प्रतिशतले दुईभन्दा बढीजनासँग यौनसम्पर्क राखेको बताए। यस्तै किसिमको सर्वेक्षण सन् २००० मा हुँदा यस्तो किसिमको घटना २० प्रतिशत मात्र थियो।

## मोबाइल स्ट्रिपरमा रोक

पहिलो विश्व



लसभेगास सहरलाई अमेरिकनहरूले पनि सर्वाधिक फरवार्ड सहरका रूपमा हेर्छन्। पैसा छ भने लसभेगासमा के पाइँदैन ? नि:शुल्कदेखि चर्को मूल्य तिरेर चौबीसै घन्टा मनोरञ्जन गर्न पाइने यो सहरमा हालै एउटा कानुन आएपछि ठूलै हलचल मच्चियो। भयो के भने लसभेगासका स्ट्रिपिङ क्लबहरूले आफ्नो व्यापार बढाउन विभिन्न उपाय अपनाएका थिए, जसमा उनीहरूले चलायमान होर्डिङ बोर्डदेखि लाइभ स्ट्रिपरहरूको समेत प्रयोग गरे। लाइभ स्ट्रिपर प्रयोग गर्दा उनीहरूले ट्रकमा सिसाको कोठा बनाएर सडक-सडक घुमाउँदै ग्राहकलाई आफ्नो क्लबसम्म पुऱ्याउन थाले। यो अभियानले व्यापारीहरूलाई लाभान्वित नै तुल्यायो। सडकमा गुडिरहेको ट्रकमा लाइभ स्ट्रिपरहरू हेर्दा धेरैलाई आनन्द भए पनि केहीलाई नमज्जा भयो। नमज्जा मान्नेहरूको उजुरीकै आधारमा स्थानीय प्रशासनले ट्रकमा हुने लाइभ स्ट्रिपरहरूमाथि प्रतिबन्ध लगायो। स्ट्रिपर क्लबका सञ्चालकहरूको दाबा के थियो भने सडकमा बिकिनी र ब्रिफ लगाएर हिंड्नेहरूले भन्दा बढी शरीर ढाकेर हामीले प्रदर्शन गर्न हुने कि नहुने ? तर स्ट्रिपरका सञ्चालकहरूले यसले समाजमा सुधार आउँछ भने हामी यसलाई रोक्छौं


## नारीको मंसिर अंक



# पर्यटन प्रवर्द्धनमा स्थानीय सक्रियता





**विप्लव भट्टराई**

इलाम- सम्भावना पर्याप्त भए पनि भौतिक पूर्वाधार, प्रचार-प्रसार एवं पर्यटकीय संस्कारको अभावमा अपेक्षाकृत विकास नभएपछि स्थानीयवासी नै पर्यटनलाई बढावा दिन जुटेका छन्। पूर्वी श्रीअन्तु र समालवुङका बासिन्दाले लगातार छ पटक महोत्सव आयोजना गरेर अन्तुलाई पर्यटकीय गन्तव्यका रूपमा चिनाइसकेका छन्। सूर्योदय हेर्न मुलुककै उत्कृष्ट स्थान मानिएको अन्तुमा भौतिक पूर्वाधार विकासदेखि पर्यटकको रासोबासो मिलाउनसम्म स्थानीय बासी खट्ने गरेका छन्।

'यस पटक महोत्सवको आयोजना गर्ने टुङ्गो नलागे पनि दिनहुँजसो आउने पर्यटकलाई पर्याप्त सत्कार गर्न सक्रिय छौं,' अन्तु पर्यटन विकास केन्द्रका अध्यक्ष धनकुमार आले भन्छन्। हराभरा डाँडाकाँडा र दृश्यावलोकनका कारण इलाम आन्तरिक र बाह्य पर्यटकको रोजाइमा पर्ने गरेको छ। अन्तुमा पर्यटक आवागमन सुरु भएको छ। मौसममा सुधार आएपछि आन्तरिक र बाह्य पर्यटक आउने क्रम सुरु भएको हो। सूर्योदय, सूर्यास्त, हिमश्रृंखला र नेपाल एवं भारतका थुप्रै स्थानलाई आँखाअघि नै नियाल्न सकिने अन्तुक्षेत्र प्राचीन शासक लेप्चा जातिको लोपोन्मुख संस्कृति, कृषिबाट सुधारिएको जीवनशैली, व्यावासयिक फूलखेती, थुम्काथुम्कामा मौलाएको 'ग्रीन कार्पेट' आदिले पर्यटकको आकर्षण बढेको हो।

अन्तु पोखरीको सुधार गर्दै स्थानीयवासीले दुईवटा डुङ्गा चलाएपछि पर्यटकले थप आनन्द लिएका छन्। 'चियाबारी र सल्लाघारीबीचको पोखरीमा बोटिङ्गको आनन्द नै छुट्टै छ,' इलाम बजारका रमेश श्रेष्ठले भने। हरेक डाँडाबाट मुस्काएको कञ्चनजंघा हिमाल अनि सिमापारिका दार्जीलिङ, करसाङ, मिरिकजस्ता सहरलाई हत्केलामा सजाएभैंm देखिने भएकाले पनि मंसिरको यो पारिलो घामसँगै अन्तुले पर्यटकलाई लोभ्याएको छ।

जातीय झाँकी, पुरातात्त्विक वस्तुको संग्रहालय पुष्प र कृषि प्रदर्शनीले पनि पर्यटकलाई आनन्द प्रदान गरेको छ। अन्तु पर्यटन विकास केन्द्रले पर्यटकको बस्ने-खाने प्रबन्ध मिलाएको छ।

चियाको पर्याय बनेको कन्याममा स्थानीयवासी पहिलो पटक महोत्सव सञ्चालन गर्न अहोरात्र खटे। हराभरा चियाबगान, लोपोन्मुख लेप्चा जातिको संस्कृतिलगायत ऐतिहासिक, प्राकृतिक सुन्दरताले पनि कन्यामको सम्भावना बढेकाले गाउँका जागरूकहरू जुर्मुराएका हुन्।

पर्यटन विकासको चाहना अन्य क्षेत्रमा पनि फैलिएको छ। पश्चिमी सिद्धिथुम्कामा गत वर्षदेखि महोत्सव सञ्चालन गर्न थालेका स्थानीयवासीले यस पटक पर्यटन केन्द्र नै दर्ता गराएका छन्। उनीहरूले पर्यटन विकासलाई मुख्य सूचीमा राख्दै गाउँदेखि सदरमुकामसम्म विकासको वातावरण बनाउँदै लगेका छन्। पर्यटकीय थलो भएकै कारण दुर्गम भए पनि केन्द्रीय प्रसारण लाइनको बिजुली, मोटरबाटोजस्ता पूर्वाधार विकास भैसकेका छन्। 'स्थानीय निकायको पहलमा सम्बन्धित निकायले साथ दिए छिट्टै यो क्षेत्रले पर्यटनको माध्यमबाट काँचुली फेर्नेछ,' स्थानीय विष्णु काफ्लेको विश्वास छ।

सदरमुकाम इलाम बजारबाट २० किलोमिटर पश्चिममा स्थित सिद्धिथुम्का डाँडा सूर्योदय र सूर्यास्त तथा हिमश्रृंखला तराईका फाँटको दृश्यावलोकनका लागि अब्बल छ। ऐतिहासिक खान्द्रुङ गुफा, पञ्चमी बजार, अजम्बरी डाँडा पनि पर्यटकीय दृष्टिले महत्त्वपूर्ण छन्।

उत्तरी माईपाखेरी क्षेत्र रामसार क्षेत्रमा सूचीकृत भएपछि त्यस भेकमा पर्यटन विकासको आशा पलाएको छ। अहिलेसम्म सरकारी स्तरबाट खासै कार्यक्रम नल्याइए पनि स्थानीयवासीले पोखरी क्षेत्रको सुन्दरता घट्न दिएका छैनन्।

सीमावर्ती सन्दकपुर क्षेत्रमा भारत भएर ठूलो संख्यामा पश्चिमा र बंगाली पर्यटक पुगे पनि नेपालतर्फबाट उल्लेख्य रूपमा पर्यटक पुऱ्याउन सकिएको छैन। माबुबाट कालपोखरी हुँदै सन्दकपुर नजिकको बिखे भन्ज्याङसम्म मोटर सञ्चालन गर्न सक्ने गरी भर्खरै मात्र सडक निर्माण भएको छ।

३ हजार ६ सय ३६ मिटरको उचाइमा रहेको सन्दकपुरबाट सगरमाथा, कंचनजंघा आदि हिमश्रृंखला र सूर्योदय राम्रोसँग देख्न सकिन्छ भने यो क्षेत्र धार्मिक एवं जैविक विविधताले पनि महत्वपूर्ण छ।

पश्चिमी गजुरमुखीमा पर्यटन प्रर्वधनकै लागि स्थानीय बासिन्दाले पूर्णे मेला धूमधाम लगाए भने माङमालुङवासी पनि एकीकृत पर्यटन विकासका लागि तम्तयार छन्। उत्तरी हाँगेथाम, जौवारीजस्ता क्षेत्रको विकासका लागि त्यस क्षेत्रका बासिन्दा पर्यटन केन्द्र गठन गरेर विकाससम्बन्धी गतिविधि सञ्चालन गर्न क्रियाशील छन्।

स्थानीय बासिन्दाहरूको चासोअनुसार नै जिविसको पर्यटन उपसमितिमार्फत पूर्वाधार विकास, होटल व्यवस्थापनजस्ता क्षेत्रमा ५० लाख रुपैयाँको प्याकेज कार्यान्वयन भएको छ। पर्यटन बोर्डले पनि केही सहयोग गरे पनि थप सहयोगको अपेक्षामा इलामबासी छन्।

'पर्यटन विकासको चेतना पुगिसकेको छ,' पर्यटन विकासमा चासो राख्ने युद्ध वैद्य भन्छन्, 'सही मार्ग निर्देशन गर्ने पर्यटन गुरुयोजना र सरोकारवालाहरूको भरोसा चाहिएको छ।'

# सूर्योदय हेर्न डाँडामा पर्यटक

**युवराज गौतम**

इलाम- दिनभर तुवाँलोले ढाके पनि बिहानीपखको मिर्मिरेमा आकाश सफा छ। नीलगगनमा कहीं-कतै बादलको टुक्रा देख्न पाइँदैन। मंसिरको कठ्यांग्रिने जाडो अनि जतातत‍ै लछ्याप्रै शीतले ढाकेको छ, तर पनि इलामका हरिया थुम्काहरूमा सूर्योदयको दृश्यालोकन गर्ने पर्यटकलाई जाडो र शीतको परवाह छैन। बंगालको खाडीबाट उदाउँदो सूर्यको पहिलो झुल्को हेर्ने पर्यटकहरू थुम्काहरूमा यत्रतत्र भेटिन्छन्।



कात्तिकको पहिलो सातादेखि मंसिरको अन्तिमसम्म आकाश खुला हुने भएकाले यो समय सूर्योदय दृश्यावलोकनका लागि उपयुक्त मानिन्छ। यो मौसममा इलामको कन्याम, अन्तु, सिद्धिथुम्का, सन्दकपुर, पशुपतिनगर आदि अग्ला डाँडामा आन्तरिक पर्यटकहरू झुम्मिएका छन्। डाँडाबाट १५ देखि ३० मिनेटसम्म कलिलो सूर्यको झुल्का हेरेर पर्यटकहरू आनन्द लिइरहेका छन्। यही मौका छोपेर स्थानियवासीले महोत्सवको आयोजना गरिरहेका छन्। सूर्योदय तथा सूर्यास्त हेर्ने उपयुक्त मौसमकै अवसरमा कात्तिकको २१ गतेदेखि तीनदिने कन्याम महोत्सव सम्पन्न भैसकेको छ। समुन्द्री सतहबाट करिब १७ देखि १८ सय मिटरको उचाइको कन्याममा मौसमको फाइदा उठाउँदै भव्य महोत्सव सम्पन्न भएको छ। कन्यामका अनिष राई भन्छन्- 'महोत्सवले कन्यामको मिर्मिरे र देउराली डाँडाको प्रचारमा सघाउ पुगेपछि यहाँ आउने पर्यटकको संख्या वृद्धि भएको छ।' 'बिहानीपखको चिसो सिरेटोमा पनि यहाँको देउराली र मिर्मिरे डाँडामा सूयोदय हेर्ने पर्यटक प्रशस्तै हुन्छन्,' उनले भने।

सूर्योदयको दृश्यावलोकनका लागि ख्याति कमाएको अन्तुडाँडामा भारतीय पर्यटकहरूको भीड छ। नेपाल-भारतको सिमानामा अवस्थित अन्तुमा आन्तरिक पर्यटकहरू पनि गाडी रिजर्भ गरेर पुग्ने गरेका छन्। यतिबेला दैनिक २ सयभन्दा बढी पर्यटक डाँडामा जम्मा हुने गरेको रुद्र घिमिरे बताउँछन्। २ हजार ३ सय २८ मिटर उचाइको अन्तुमा पनि मंसिर १५ गते महोत्सव गर्ने कार्यक्रम तय भएको छ। १ हजार मिटर मात्र उचाइको सिद्धिथुम्कामा ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मंसिर ५ गतेदेखि तीनदिने महोत्सव सम्पन्न भएको छ। सिद्धिथुम्का चुली र अजम्बरे डाँडा सूर्योदय तथा सूर्यास्तका लागि उपयुक्त मानिएकाले त्यसको बृहत्तर प्रवर्द्धन गर्ने योजना महोत्सव आयोजक समतिको छ।

लेकाली भेगमा पर्ने सन्दकपुर सूर्योदयका लागि उपयुक्त मानिन्छ। यस क्षेत्रका अग्ला डाँडामा यतिबेला दोस्रो तथा तेस्रो मुलुकका पर्यटकहरूको भीड लागेको छ। पशुपतिनगरस्थित फाटक डाँडा र बौद्धधामको डाँडा पनि सूर्योदयको दृश्यावलोकनका लागि उपयुक्त स्थान मानिन्छन्। सूर्योदय हेर्न आउने पर्यटकहरूले यहाँका डाँडाबाट रमणीय चियाबारी, तराईका समथर फाँट, कञ्चनजंघा र कुम्भकर्ण हिमश्रृखंलाको दृश्यावलोकन गरेर आनन्द लिन्छन्। 'पेइङ गेस्ट' वा 'होम-स्टे' को अवधारणा सुरु गरिएको इलाममा सूर्योदयको दृश्यावलोकनका लागि भने दुवै अवधारणा अपनाइएको छ।

## हुस्सुभित्र संगीत र प्रहसन



नयाँबजार (इलाम)– बिहानीको पारिलो घामले नयाँबजारलाई न्यानो तुल्याए पनि मध्याह्नतिर हुस्सुले छोप्यो। हिउँ खस्लाजस्तो भयो। जाडोले सबैको मुटु कमायो, तर रौनक बेग्लै भएपछि जाडोको अनुभव कसैले गरेनन्। बालागुरुको शालिक मुनितिर बनाइएको मञ्चमा दर्शकहरू ओइरिए। सीमापारि दार्जीलिङका दर्शकको बाक्लो उपस्थिति भयो। मौसमले साथ नदिए पनि नयाँ बजारमा लागेको बालाचर्तुदशी मेलाको अन्तिम दिन आयोजित सांगीतिक कार्यक्रममा साँझसम्म दर्शकहरू झुमिरहे, नाचिरहे। राजधानीबाट आएका चर्चित हास्यटेलिश्रृखंला 'मेरी बास्सै'का कलाकारहरूको प्रहसनमा स्थानीय दर्शक पेट मिची-मिची हाँसे र रमाइलो गरे। मारुनी र लोकभाकामा दर्शक तताउन खप्पिस स्थानीय कलाकार इन्द्र गुरुङको प्रस्तुतिमा दर्शकहरू खुसीले गद्गद् भए र सँगै गाए अनि नाचे। गुरुङले चारवटा गीत सुनाए र सबैलाई नचाए।

स्थानीय स्तरका सबैजसो कार्यक्रममा जम्न पुग्ने वरिष्ठ गायक कुवेर राईले 'बिझायो मायाले' गीत सुनाउँदा सबै भावुक बने। 'टाढा भए के भो मायालु झम्झना आलै छ,' गीत गाएर बिदा माग्दा कुवेरलाई दर्शकले छोडेनन्। उनलाई 'मायाले मूलबाटो भुलेछ' गीत गाउन लगाए र सबैले सँगसँगै गाए। युवा गायक कमल श्रेष्ठ र कृष्ण भट्टराईको गीतमा तन्नेरी पुस्ता मस्त भए।

हुस्सुले गाँजेको मञ्चमा कुञ्जना घिमिरे (सुन्तु) र झरना सुब्बाको नृत्यले दर्शकलाई अझ तातायो। नयाँबजार युथ क्लबले कार्यक्रमको आयोजना गरेकाले सबै नयाँ उत्साह पलाएको थियो। क्लबले गायकद्वय राई र गुरुङलाई सम्मान गऱ्यो।

कार्यक्रमको अन्त्यतिर मञ्चमा देखा परेका हास्यकलाकार केदार घिमिरे, सीताराम कट्टेल र कुञ्जना घिमिरेले दर्शकलाई पेट मिचीमिची हँसाए। उनीहरूले स्थानिय स्तरको विकासमा जिल्लाका तीन सभासद झलनाथ खनाल, सुवास नेम्वाङ्ग र कुलबहादुर गुरुङले उतिसारो ध्यान नदिएकोमा चोटिलो व्यङ्ग्य प्रहार गरे।

उता ग्रामीण क्षेत्रको पर्यटकिय स्थल सिद्धिथुम्कामा लागेको तीनदिने महोत्सवको अन्तिम दिन आइतबार 'मेरी वास्सै' को टोली र स्थानीय कलाकारहरूले महोत्सवको रौनक थपे। महोत्सवको समापनमा आइपुगेका हास्यकलाकारहरूले स्थानीय स्तरको समस्या र गणतन्त्र कार्यान्वयन नभएको विषयमा चोटिलो व्यंग्य प्रहार गरे।

# मिस नेवाःको अडिसन



**साप्ताहिक समाचार**

गएको शनिबार होटल मल्लको प्राङ्गणमा एउटा बेग्लै चहलपहल देखियो। जाडो मौसममा पारिलो घामको आनन्द लिइरहेका होटलका पाहुनाहरूबीच त्यो दिन करिब ४ दर्जन नेवार युवतीको उपस्थिति थियो। मिस नेवाः उपाधिका लागि आफ्नो दावेदार प्रस्तुत गर्न आवेदन दिएका युवतीहरूले निर्णायकका रूपमा रहेका ब्यांकर भाइराजा तुलाधर, कार्टुनिस्ट रविन सायमी, होटल व्यवसायी के.एम. रन्जितकार, प्राध्यापक प्रेम हिरा तुलाधर, डा. शिक्षिता श्रेष्ठ र यूएफओका ब्रान्ड कन्सल्टेन्ट सचिन श्रेष्ठका सामु आ-आफ्नो क्षमता र आत्मविश्वास देखाए। निर्णायकहरूले आवेदन दिएकाहरूको नेवार कला-संस्कृतिका सम्बन्धमा सचेतता, नेपाल भाषासम्बन्धी ज्ञान तथा प्रतियोगितामा उनीहरूको सहभागिताको उद्देश्य सुनेर मूल्याङ्कन गरेका थिए।

नेप्लिज फेसन होमले प्रारम्भ गरेको मिस नेवाः प्रतियोगिताको पाँचौं संस्करणको कार्यक्रमका लागि गत शनिबार होटल मल्लमा आवेदन दिएका करिब ४ दर्जन नेवार युवतीले अडिसन दिएका थिए। अडिसन दिएकाहरूमध्ये अधिकांश काठमाडौं, ललितपुर र भक्तपुरनिवासी थिए। यसबाहेक दोलखा, धादिङ, तेह्रथुम तथा ओखलढुंगाबाट पनि अडिसनमा सहभागिता भएको थियो।

पुस १५ गते प्रज्ञाभवनमा सम्पन्न हुने पाँचौं संस्करणको मिस नेवाः प्रतियोगिताका लागि अडिसन चरणबाट ३६ जना सहभागी छनौट गरिएको आयोजक संस्था नेप्लिज फेसन होमले जनाएको छ। प्रतियोगितामा राजु नापितले नेपाल भाषासम्बन्धी प्रशिक्षण दिनेछन् भने स्वागत नृत्यको तयारी रोहिया महर्जनले गराउनेछिन्। कोरियाग्राफीको जिम्मेवारी रोजिन शाक्यले पूरा गर्नेछन्।

## अब पालो तामाङ किशोरीहरूको

**साप्ताहिक समाचार**

१३ देखि १९ वर्ष उमेर समूहका किशोर-किशोरीहरूको प्रतिभा, आत्मविश्वास, व्यक्तित्व तथा तामाङ समुदायको सांस्कृतिक एवं जातीय पहिचानको सेरोफेरोमा मिस टिन तामाङ-२००९ शीर्षकमा तामाङ किशोरीहरूको प्रतिस्पर्धा हुने भएको छ। एभरेस्ट फेसन होमको आयोजनामा आगामी पुस १० गते जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न हुने उक्त प्रतियोगिताका लागि आवेदन दिएकाहरूमध्येबाट गत साता सम्पन्न अडिसनबाट डेढ दर्जन प्रतियोगी छनौट गरिएको छ। अन्तिम छनौटमा पर्न सफल सहभागीहरूको प्रशिक्षण नेपाल पुलिस क्लबमा भैरहेको छ।

# संगीत उत्सवमा कोमल वली

बुटवल– कहिले 'पोइल जान पाम' त कहिले 'झ्वांक तन्नेरी' जस्ता गीतका कारण चर्चित गायिका कोमल वलीले शनिबार बुटवलमा आयोजित एउटा सांगीतिक कार्यक्रमलाई तताइन्। लामो समयपछि बुटवलका दर्शक-श्रोतामाझ हाटबजारलाइनस्थित कान्ति मा.वि. प्राङ्गणमा कोमलको प्रस्तुतिमा रमाउँदै यहाँका लोकसंगीतका पारखीले उनीसँगै नाचेर-गाएर साथ दिए। 'ह्वाइटमिसचिफ संगीत उत्सव' शीर्षकको कार्यक्रममा कोमलले 'कालो कोट', 'झ्वाँक तन्नेरी', 'के भनौं र खोई' र 'पोइल जान पाम' गरी चारवटा गीतमार्फत कठ्याङ्ग्रिएको मौसमलाई बिर्साउँदै आफ्ना प्रशंसकहरूलाई तताइन्।

आफ्ना गीतको गलत अर्थ लगाइएको गुनासो गर्दै कोमलले प्रष्टीकरण दिएपछि कन्भिन्स भएका दर्शकहरूले 'पोइल जान पाम' र 'झ्वाँक तन्नेरी' लाई वान्समोर भन्दै हुटिङ गरेका थिए। कोमलको प्रस्तुति हेर्न अन्य दर्शकसँगै सेना र प्रहरीका अधिकृत तथा जवानहरूको उल्लेख्य उपस्थिति थियो। कोमलसँग अटोग्राफ लिने र फोटो खिचाउने प्रशंसकहरूको तँछाडमछाड पनि हेर्नलायक थियो।




कार्यक्रममा अर्को आकर्षण बनेको एमटी ८८४८ ब्यान्डले 'वीरताको चिनो', 'चिउरी फूल', 'जेठी-माइली', 'जिन्दगी', 'मस्कीमस्की' आदि आधा दर्जन देशभक्ति र राष्ट्रप्रेमले ओतप्रोत गीत प्रस्तुत गरेर पप संगीतपारखीको मन जित्यो।

स्थानीय गायिका सीता राना र चन्द्रा गुरुङको आयोजना र इभेन्ट म्यानेजर गणेशदेव पाण्डेको संयोजनमा भएको कार्यक्रममा अशोक सेन एन्ड फ्रेन्ड्स, प्रेम लामिछाने मगर, पुश्कल शर्मा, राजेश घिमिरेले गीत तथा जीएसबी ब्वाइज ग्रुपले नृत्य प्रस्तुत गरेका थिए।

# बिर्तामोडमा 'फस्ट हेन्डसम नेपाल'

अनारमनी- सञ्जीवनी मिडिया सर्भिसेज प्रा.लि.को सहकार्यमा कञ्चनजङ्घा एफएमले प्रतिभावान् पुरुषको खोजी गर्ने उद्देश्यले 'फस्ट हेन्डसम नेपाल' कार्यक्रम गर्ने भएको छ। 'पालो अब नयाँ पुस्ताको' भन्ने नाराका साथ आयोजना गर्न लागिएको कार्यक्रममा मेची अञ्चलका चारवटै जिल्लालाई समेटिनेछ। क्षेत्रीय तथा राष्ट्रिय गरी दुई चरणमा प्रतिभा खोजी गरिने यो कार्यक्रममा १६ देखि ३० वर्षसम्मका पुरुषबीच स्पर्धा गराइने कार्यक्रम संयोजक दीपेन्द्र पौडेलले बताए।

सहभागी प्रतियोगीमध्ये रेडियोको तरङ्ग र प्रत्यक्ष प्रतिस्पर्धाबाट मेची अञ्चलबाट एक जना छनौट गरिने पनि उनले बताए। १५ वटा एफएम रेडियोले १५ जना र सञ्जीवनीले ललितपुर, भक्तपुर र काठमाडौंबाट पाँच जना प्रतिभाको छनौट गरी एक जनालाई ह्यान्डसम नेपाल घोषणा गर्नेछ। अञ्चलबाट छनौट भएकालाई ह्यान्डसम कञ्चनजङ्घा घोषणा गरी काठमाडौं पठाइनेछ। 'मोडलिङ राउन्डबाहेक बाँकी सबै ब्रेन कन्टेस्ट हुनेछ', पौडेलले कार्यक्रमका सम्बन्धमा जानकारी दिँदै भने, 'हामीले रेडियोबाट पहिलो पटक रिअलिटी शो गर्न लागेका हौं।'

**– हिमाल खरेल**

# कलेज एम्बेस्डरका लागि अडिसन

**साप्ताहिक समाचार**

काठमाडौं, भक्तपुर र ललितपुरका विभिन्न ४० वटा कलेजमा अध्ययनरत करिब ५ दर्जन छात्रछात्राले गत शनिबार कलेज एम्बेस्डर प्रतियोगिताका लागि आफूलाई सम्भावित प्रतिस्पर्धीका रूपमा उभ्याएका थिए, जसमध्ये छात्रतर्फ २२ जना र छात्रातर्फ २२ जना गरी जम्मा ४४ जनाले अडिसन चरण पार गर्न सफल भएका छन्। आउँदो मंसिर २७ गते जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न हुने 'कलेज एम्बेस्डर-२००९' शीर्षकको यो प्रतियोगिताका लागि छानिएका सहभागीहरूले मुख्य उपाधिका लागि आ-आफ्नो दाबेदारी प्रस्तुत गर्नेछन्।

ग्रीन आर्ट्स मिडियाको आयोजनामा सञ्चालन हुने प्रतियोगिताको यो तेस्रो संस्करण हो। यसअघि प्रवेश क्षेत्री र आस्था पौडेल तथा रुबिन खड्का र प्रेश्का उदासले कलेज एम्बेस्डरको उपाधि जितिसकेका छन्। कार्यक्रमका आयोजक एवं कोरियोग्राफर अनिला श्रेष्ठका अनुसार यसपटक प्रतियोगीहरूलाई आधारभूत प्रशिक्षणका साथै डाइनिङ र वाइनिङ एटीकेटसम्बन्धी विशेष प्रशिक्षण पनि दिइनेछ। यसका अतिरिक्त सामाजिक कार्यक्रममा सहभागी गराएर सामाजिक उत्तरदायित्व बोध गराउने उद्देश्यले प्रतिस्पर्धीहरूलाई बालबन्दिर र भक्तपुर वृद्धाश्रमको भ्रमण पनि गराइनेछ।

# मिस टिन हुने मौका



**साप्ताहिक समाचार**

के तपाईं १४ देखि १९ वर्ष उमेर समूहकी किशोरी हुनुहुन्छ? के तपाईं आफूभित्रको प्रतिभा उजागर गर्न चाहनुहुन्छ? के तपाईं आफ्नो व्यक्तित्व विकास गर्न रुचाउनुहुन्छ? के तपाईं आफ्नो आत्मविश्वास बढाउन चाहनुहुन्छ? के तपाईंमा लाइमलाइटमा आउने चाहना छ? यदि यी सबै प्रश्नको उत्तर सकारात्मक छ भने तपाईंका लागि एउटा त्यस्तै अवसरले प्रतीक्षा गरिरहेको छ। प्रसंग हो श्री ऋद्धिसिद्धि मिस टिन- २०६६ शीर्षकमा हुने टिनएज युवतीहरूप्रति लक्षित प्रतियोगिताको।

यसअघि मिस टिन काठमाडौं र मिस लिटिल काटमाडौं प्रतियोगिता सञ्चालन गर्दै आएको मुभी हाउसको आयोजनामा आगामी पुस २५ गते सुन्धारास्थित आर्मी अफिसर्स क्लबमा प्रतियोगिताको फाइनल इभेन्ट सम्पन्न हुने आयोजक संस्थाका सन्तोष सापकोटाले जानकारी दिएका छन्।

यो प्रतियोगिताको प्रशिक्षण अवधिमा सहभागीहरूलाई व्यक्तित्व विकास, नेतृत्व विकास, अनुशासन, कार्यक्षमता तथा आत्मविश्वास अभिवृद्धि, सामूहिक सहकार्य, सामाजिक उत्तरदायित्व आदि विषयबाहेक प्रतियोगिताका लागि आवश्यक क्याटवाक, बोल्ने शैली, प्रस्तुतीकरणजस्ता आधारभूत तालिम पनि प्रदान गरिनेछ। राजधानीबाहेक मोफसलका विभिन्न क्षेत्रबाट समेत प्रतिनिधित्व हुने बताइएको यो प्रतियोगिताका लागि आवेदन फारम भर्ने समय अझै केही दिन बाँकी छ।



## सचित्र






## खाइलाग्दो ज्यान

शरीर प्रदर्शनको होडबाजीमा नेपाली चलचित्रका नायकहरू

**क्रमशः राजेश हमाल, निखिल उप्रेती, विराज भट्ट, जीवन लुइँटेल, आर्यन सिग्देल र सुमन सिंह**








## पुस १ गते बाँडिदैछ

# केटिभी चलचित्र एवार्ड

• कृष्ण भट्टराई

काठमाडौं– लामो समयको प्रतीक्षापछि दोस्रो केटिभी चलचित्र एवार्ड २०६६ को वितरण मिति तय भएको छ। आगामी पुस १ गते बुधबार सोल्टी होटलको बलरुममा हुने एउटा रंगीन समारोहबीच वर्ष २०६५ मा प्रदर्शन भएका उत्कृष्ट चलचित्रलाई पुरस्कृत गरिनेछ। एवार्डका लागि विभिन्न विधामा मनोनीत भएका चलचित्र तथा चलचित्रकर्मीहरूको मनोनयन सँची गत भदौ महिनामै सार्वजनिक भैसकेको छ।

एवार्ड वितरण समारोह नजिकिँदै जाँदा चलचित्रकर्मीमा एक प्रकारको उत्साह छाएको छ। यस पटकको एवार्डमा पहिलो पटक आफूले निर्माण गरेको चलचित्र 'मिस्टर मंगले' सर्वाधिक २१ विधामा मनोनीत भएपछि नायक तथा निर्माता विरेन श्रेष्ठ व्यग्रताका साथ एवार्ड वितरण समारोह कुरिरहेका छन्। श्रेष्ठ भन्छन्– 'हालसम्म विश्वकै कुनै पनि चलचित्र सर्वाधिक २१ विधामा मनोनीत भएको रहनेछ। अत्यधिक विधामा मनोनीत भएकै कारण अत्यधिक एवार्ड जित्ने कुरामा उत्तिकै विश्वस्त छु।' उपत्यकाबाहिर राम्रो व्यापार गर्न सफल 'मिस्टर मंगले' बाट निर्देशक किशोर राना (निर्देशक), विरेन श्रेष्ठ (नायक), अरुणिमा लम्साल (नायिका), दिवस उप्रेती (सह-नायक), अंशु महर्जन (हास्यकलाकार), शक्ति लम्साल (हास्यकलाकार), युगेश रायमाझी (कथा, पटकथा, संवाद), विपिन मल्ल (सम्पादन), महाराज थापा (पार्श्व संगीत), रामशरण उप्रेती (छायांकार) आदि एवार्डका लागि मनोनीत भएका छन्।

करिब तीन घण्टा लामो रमाइलो कार्यक्रमका बीच ३१ वटा विधाका एवार्ड वितरण गरिने आयोजक संस्थाका मनोज केसी बताउँछन्। केसीका अनुसार कार्यक्रमलाई भव्य रूपले सम्पन्न गर्ने सम्पूर्ण तयारी भैसकेको छ। कार्यक्रममा अरुणिमा लम्साल, विरेन श्रेष्ठ, उषा पौडेल, ऋचा घिमिरे, दिवस उप्रेती आदि नायक-नायिकाले आकर्षक नृत्य प्रदर्शन गर्नेछन्। समारोहमा आकर्षक नृत्य प्रदर्शन गर्नैका लागि उनीहरू विगत दुई महिनादेखि नृत्यको प्रशिक्षणमा व्यस्त छन्। कान्तिपुर टेलिभिजनबाट प्रत्यक्ष प्रसारण हुने यो कार्यक्रममा सांगीतिक प्रस्तुति तथा हास्य कार्यक्रम पनि समेटिनेछन्।

नेपाल चलचित्र प्रविधिक संघले दोस्रो पटक आयोजना गर्न लागेको एवार्ड समारोहमा सर्वोत्कृष्ट चलचित्रका लागि कडा प्रतिस्पर्धा हुने भएको छ। यो विधामा 'म तिमीबिना मरिहाल्छु', 'सिलसिला', 'मौसम', 'नसिब आफ्नो' तथा 'मिस्टर मंगले' मनोनीत भएका छन्। दर्शकहरूको रुचिका आधारमा भुवन केसीको 'म तिमीबिना मरिहाल्छु' सर्वोत्कृष्ट चलचित्रको प्रबल दाबेदार भएको कुरामा अधिकांश चलचित्रकर्मी एकमत छन्। स्वयं निर्माता भुवन केसी पनि आफ्नो चलचित्र प्रतिस्पर्धी अन्य चलचित्रको तुलनामा उत्कृष्ट भएको बताउँछन्।

सर्वोत्कृष्ट चलचित्रपछि सर्वोत्कृष्ट निर्देशकको विधामा पनि चर्को प्रतिस्पर्धा हुँदैछ। दयाराम दाहाल (म तिमीबिना मरिहाल्छु), राजेन्द्र उप्रेती (सिलसिला), श्याम भट्टराई (मौसम), नारायण पुरी (मृत्युञ्जय) तथा किशोर राना (मिस्टर मंगले) सबैले निर्देशकको एवार्ड आफैंले पाउने दाबी गरेका छन्। सामान्यतः जुन चलचित्र सर्वोत्कृष्ट ठहरिन्छ, त्यसैका निर्देशकले सर्वोत्कृष्ट निर्देशकको एवार्ड पाउने चलन छ।

नयाँ निर्देशकतर्फ भने शंकर घिमिरे (विष), विमल पौडेल (जनयुद्ध), विकास आचार्य (नसिब आफ्नो), रञ्जित राना (सहारा) तथा नरेन्द्र थापा (देशदेखि विदेशसम्म) बीच प्रतिस्पर्धा हुँदैछ। भुवन केसी (म तिमीबिना मरिहाल्छु), विरेन श्रेष्ठ (मिस्टर मंगले), आर्यन सिग्देल (मौसम), निखिल उप्रेती (जय शिवशंकर) तथा विराज भट्ट (सिलसिला) सर्वोत्कृष्ट नायकका लागि प्रतिस्पर्धा गर्दैछन्। यो विधामा भुवन केसी तथा विरेन श्रेष्ठबीच कडा प्रतिस्पर्धा हुने सम्भावना छ।

सर्वोत्कृष्ट नायिकातर्फ झरना थापा (म तिमीबिना मरिहाल्छु), अरुणीमा लम्साल (मिस्टर मंगले), ऋचा घिमिरे (देशदेखि विदेशसम्म), सञ्चिता लुइटेल (मृत्युञ्जय) तथा रेखा थापा (नसिब आफ्नो) बीच प्रतिस्पर्धा हुँदैछ।

नवनायक तथा नवनायिकातर्फको प्रतिस्पर्धा पनि कम रोचक छैन। जीवन लुइँटेल (नसिब आफ्नो), सनी बी केसी (गोरखा रक्षक), दीपकराज गिरी (सुन्दर मेरो नाम), सुवास मेचे (गिरफ्तार) तथा प्रमोद दीप (जिन्दगी) बीच प्रतिस्पर्धा हुँदैछ। नवनायिकातर्फ जेनिशा केसी (नसिब आफ्नो), सञ्चिता गुरुङ (हाम्रो मिलन कहिले हुन्छ), रूपा उपाध्याय (को होला मेरो मायालु), सोनिया केसी (सिलसिला) तथा सोभिता सिम्खडा (सन्देश) बीचको प्रतिस्पर्धा पनि हेर्न लायक हुनेछ।





तस्बिरहरु : महेश प्रधान

## र्‍याम्पमा

# दुलहा-दुलही

**साप्ताहिक समाचार**

हुनत गत मंसिर ४ गतेदेखि नै त्रिपुरश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरमा सधैंको भन्दा बेग्लै चहलपहल अनुभव गर्न पाइयो, तर गत शनिबार अर्थात् मंसिर ६ गते भने त्यसमा थप रौनक सञ्चार भएको महसुस हुन्थ्यो। डाइरेक्सन नेपालको आयोजना तथा नारी मासिकको प्रस्तुतिमा गत मंसिर ४ गते प्रारम्भ भै ७ गतेसम्म चलेको चौथो वेडिङ एन्ड गिफ्ट एक्स्पोअन्तर्गत तेस्रो दिन अर्थात् गत शनिबार नमुना ब्राइडल शोको छुट्टै आकर्षण थियो।

घडीले तीन बजेको संकेत दिएको केही बेरपछि प्रारम्भ भएको ब्राइडल फेसन शोमा तीनवटा विभिन्न सिक्वेन्स प्रस्तुत गरिएका थिए, जसअन्तर्गत ब्राइडल वेयर मुख्य आकर्षण रह्यो। उक्त सिक्वेन्समा ब्राह्मण, राणा, मैथिली, गुरुङ, थकाली, क्रिस्चियन र नेवार गरी सातवटा वैवाहिक पहिरनमा सात जोडी मोडलले आकर्षक प्रस्तुति दिएका थिए।

नमुना कलेज अफ फेसन टेक्नोलोजीका विद्यार्थी डिजाइनरहरूको संयोजनमा प्रस्तुत उक्त फेसन प्रदर्शनीमा कलेजका विद्यार्थी डिजाइनर तथा केही नवप्रवेशी मोडलले क्याटवाक गरेका थिए। राधा बर्मा, जगत खपाङ्गी, मीना लोहनी र बीना श्रेष्ठको संयुक्त कोरियोग्राफी रहेको उक्त फेसन शोअन्तर्गत क्याट्वाक र ट्रेन्ज अफ टुडेबाट उपलब्ध विन्टर क्याजुयल पार्टी वेयर तथा मनमोहक रंग एवं आकर्षक डिजाइनका गाउन र सुटको कम्बिनेसनलाई र्‍याम्पमा उतारिएको थियो।













# यात्रा रुमालको

## उपयोगितासँगै स्टाइल पनि



दैनिक जीवनमा रुमाल सामान्य भएर पनि आवश्यक वस्तुका रूपमा परिचित छ। हातमुख पुछ्नुका साथै स्वच्छताका दृष्टिकोणले रुमालको प्रयोग सामान्य हो। रुमालको खोज कसरी भयो ? यसको प्रयोग कसरी हुन थाल्यो वा यसलाई आविष्कार गर्ने व्यक्ति को हो भन्ने सम्बन्धमा जानकारी राख्ने सायदै कोही भेटिएला।

इतिहास केलाउने हो भने लगभग २ हजार वर्ष पहिले रोमन सभ्यताको पतनपश्चात् बेलायतमा एउटा चौकोर वस्त्र राख्ने चलन प्रारम्भ भएको देखिन्छ। त्यतिबेला यसको प्रयोग शरीरको पसिना पुछ्नुमा सीमित थियो। एंग्लो-सेक्सन जातिका मानिसहरूले 'स्याक क्लोथ' का रूपमा रुमालको प्रचलन प्रारम्भ गरेको बताइन्छ। यो एउटा मोटो खालको खस्रो कपडाको टुक्रा थियो, जसलाई बस्न र टाबलका रूपमा प्रयोग गरिन्थ्यो।

प्रचलित मान्यताअनुसार बेलायतका सम्राट रिचर्ड (द्वितीय) जो जहिले पनि रुघाबाट पीडित हुन्थे, ले रुमालको प्रयोगलाई अघि बढाएका हुन्। रुघाका कारण नाक सफा गर्न उनलाई बारम्बार कपडाको आवश्यकता पर्थ्यो। बारम्बार लामो ठूलो कपडाको प्रयोग असुविधाजनक हुन्थ्यो। अत: रिचर्डले कपडाका स-साना चौकोर टुक्रा प्रयोग गर्न थाले। पछि गएर यो परम्परा फेसनकै रूपमा विकसित भयो। मध्यकालीन युगमा भने संसारका कुनै पनि ठाउँमा रुमाल वा यससित मिल्दोजुल्दो वस्त्रको उपयोग भएको प्रमाण प्राप्त हुँदैन। १६ औं शताब्दीको पूर्वार्द्धमा भने रुमालको उपयोगिता, लोकप्रियता र चलन बढेको पाइन्छ। यद्यपि यो समयसम्म रुमाललाई अभिजात्य वर्गले मात्र प्रयोग गर्ने वस्तुको रूपमा लिइन्थ्यो। यसको प्रयोग कुलीनता र विलासिताको कुरा मानिन्थ्यो।

रुमालधारकलाई समाजमा माथिल्लो दर्जा प्राप्त हुन्थ्यो। बेलायतका सम्राट् हेनरी अष्टम रुमालका शौकिन थिए। उनी रेशमी कपडाका स्वर्णजडित रुमाल प्रयोग गर्थे। ती दिनमा रुमाललाई एउटा महत्त्वपूर्ण र महँगो उपहारका रूपमा लिइन्थ्यो। इटालीमा महिलावर्गले आफ्नो रुमालमा सुन एवं चाँदीका तारबाट इम्ब्रोइडरी गराउँथे। त्यो युगमा व्यक्तिको सम्पन्नता ऊसित भएका रुमालको संख्याबाट तय गरिन्थ्यो। बेलायतका सम्राट हेनरी इटाली र हल्यान्डबाट मूल्यवान् तथा नयाँ-नयाँ डिजाइनका रुमाल आयात गर्थे।

कालान्तरमा गएर रुमालका विषयलाई सैनिकहरूबीच विवाद हुन थालेपछि चार्ल्स द्वितीयले रुमालको आयातमा प्रतिबन्ध लगाएका थिए भने रुमालको तस्करीसमेत प्रारम्भ भएको थियो। सन् १५५६ मा एडवर्ड षष्टमकी परिचारिका मिसेज पेनले साम्राज्ञी मेरी ट्युडरलाई आधा दर्जन अत्यन्त मूल्यवान् रुमाल उपहारका रूपमा भेट गरेकी थिइन् जसलाई साम्राज्ञीले सर्वोत्तम उपहारका रूपमा सहर्ष स्वीकार गरेकी थिइन्।

हेनरी चतुर्थले आफ्नी प्रेमिका गेबरिल डियस्टेट्सलाई प्रणय-निवेदनका साथमा जुन रुमाल उपहार दिएका थिए, उतिबेला त्यसको मूल्य १५ हजार पाउन्डभन्दा बढी थियो। त्यो समयमा रुमालको आकार अत्यन्त सानो हुन्थ्यो। प्राय: रुमालको लम्बाइ-चौडाइ तीन-चार इन्चभन्दा धेरै हुँदैनथ्यो। पछि गएर रुमालको आकार-प्रकारमा कैयन् परिवर्तन आए।

जब रुमाल जनसामान्यसम्म पुग्यो तब यसका साथ कैयन् रोमान्टिक कुराहरू पनि जोडिए। अहिले आएर रुमाल युवायुवतीको बीच प्रेमको अभिव्यक्तिको प्रतीक मानिन थालेको छ। यदि कुनै युवतीले कुनै युवकलाई आफ्नो रुमाल भेट गरे त्यसलाई प्रेमको अभिव्यक्तिको प्रतीक मानिन्छ। १७ औं शताब्दीसम्म रुमाललाई महँगो वस्तुका रूपमा लिइन्थ्यो। रुमाल हराए त्यसको विज्ञापन अखबारमा छापिन्थ्यो र प्राप्तकर्ताले उक्त रुमाल सम्बन्धित व्यक्तिलाई फर्काएमा पुरस्कारसमेत पाउँथ्यो। शेक्सपियरका कैयन् नाटकमा रुमालको उल्लेख पाइन्छ। प्रेम-प्रसंग, विशेषगरी उनले आफ्ना नाटकमा रुमाललाई विशेष महत्त्व दिएको देखिन्छ। यसका विपरीत जर्ज बर्नाड शाले रुमाललाई रोगको भण्डार मान्थे। १८ औं शताब्दीको उत्तरार्द्ध तथा १९ औं शताब्दीको प्रारम्भसम्म रुमाललाई सहायक वस्त्रका रूपमा पर्याप्त मान्यता प्राप्त भैसकेको थियो। प्रथम विश्वयुद्धपश्चात् कोटको माथिल्लो पकेटमा रुमाल लगाउने फेसन ट्रेन्डकै रूपमा विकसित भएको थियो।

दर्जनौं प्रकारका नयाँ-नयाँ आकर्षक, सुन्दर डिजाइनका रुमाल आजभोलि बजारमा उपलब्ध छन्। प्रतिदिन नयाँ आकारप्रकार तथा नवीन स्टाइलका रुमाल बजारमा देख्न पाइन्छ। महिलाहरू जहाँ सानो आकारको रुमाल रुचाउँछन्, त्यहीँ पुरुषहरू अलि ठूलो आकारको रुमाल मन पराउँछन्। प्राय: सुती कपडाको रुमाल बढी लोकप्रिय छ। सुतीका अलावा सिल्क, सिफन आदि कपडाका रुमाल पनि प्रचलनमा छन्। कोटको माथिल्लो पकेटमा प्रयोग हुने रुमाल मूलत: सिल्क कपडाको हुन्छ। हिजोआज विभिन्न कलर सेड्स, थरीथरीका प्रिन्ट भएका, इम्ब्रोइडरी प्रयोग भएका, बिड्स, सिक्वेन्स आदि वर्क गरिएका विभिन्न मोटिफहरू प्रयोग गरिएका रुमालको आकर्षण देख्न पाइन्छ। क्याजुयल वेयरमा ब्याक पकेटमा र फर्मल वेयरमा साइड पकेटमा रुमाल पुरुष ड्रेस कोड रहेको देखिन्छ भने सानो-ठूलो पर्स, ह्यान्ड ब्याग वा क्लचेजमा रुमालको उपस्थितिलाई नकार्न सकिँदैन।

**–रोजिन शाक्य**

# दाम्पत्य जीवन र तनाव



त्रिचन्द्र 'प्रतीक्षा'

दाम्पत्य जीवन एक गहन जिम्मेवारी र सम्बन्ध हो। जसलाई सफलतापूर्वक निर्वाह गर्न श्रीमान् -श्रीमती दुवैमा आपसी समझदारी र सहयोग नितान्त आवश्यक हुन्छ। श्रीमान् -पत्नीबीच एक-अर्कामा विश्वासको भावना एवं सहनशीलता आवश्यक छ। एक अर्कामा इमान्दार र समर्पित भएर नै आफ्नो दाम्पत्य जीवन सफल बनाउन सकिन्छ।

आजको युगमा महिलाको स्थितिमा निकै परिवर्तन आइसकेको छ। आज महिलाहरू पनि शिक्षित छन्, आर्थिक एवं अन्य सबै कुरामा पुरुषसरह आत्मनिर्भरका साथै सक्षम पनि हुँदै गएका छन्, तर श्रीमान् -श्रीमती दुवैमा सहनशीलताको भावनामा कमजोरी छ, जसले गर्दा स-साना कुरामा पनि तँ-तँ र म-मका साथ झगडा एवं वैमनस्यता सुरु हुन्छ। दुवैले आफ्ना गल्तीलाई स्वीकार गर्दैनन्, जसले गर्दा वैमनस्यता र झगडा अन्त हुनुको साटो बढ्दै जान्छ। एक्लो भएको बेलामा दुवैले नाना थरीका कुरा मनमा खेलाएर आफूलाई अझ तनावग्रस्त पार्छन्। समयका साथै तनाव एवं वैमनस्यता बढ्दै जानुका साथै सम्बन्धको दूरी पनि बढ्दै जान्छ, जसको फलस्वरूप पछि गएर असहनीय तनावका कारण सम्बन्ध-विच्छेदसम्म हुन्छ।

दाम्पत्य जीवन भनेको विश्वास र एक-अर्कामा समर्पित हुनु हो। जीवनका गोरेटोमा थुप्रै त्यस्ता मोड आउन सक्छन्, जहाँ समझदारी र सम्झौताका आधारमा चल्नुपर्ने हुन्छ। वैवाहिक एकीकृत भयो भने मात्र दाम्पत्य जीवन सफल र सुखमय हुन्छ। श्रीमान् -श्रीमती दुवैले आफ्नो अहम् भावना त्यागी समझदारीलाई व्यवहारमा ल्याउनु हितकर हुन्छ। विवाहको उद्देश्य श्रीमान् -पत्नीबीच बढीभन्दा बढी समानता र सम्बन्ध कायम गराउनु हो। यस कारण दुवैले एक-अर्काको स्वभाव, प्रवृत्ति र रुचिहरूका बारेमा जान्ने जीवनमा सफलता र सामञ्जस्य ल्याउन श्रीमान् -श्रीमती दुवैले एक-अर्काका लागि धेरै कुरा त्याग अनि स्वीकार गर्नुपर्ने हुन्छ।

व्यक्तिका स्वभाव र सोचाइ फरक-फरक हुन्छन् जुन एक-अर्कामा पूर्ण रूपले मिल्नुपर्छ भन्ने छैन। यस्तो अवस्थामा श्रीमान् र पत्नीको मानसिकता, भावना र आकांक्षा दाम्पत्यका रूपमा प्रयास गर्नुपर्छ।

विवाहपछि श्रीमान् पत्नीहरू एक-अर्काप्रति अधिकारको भावना जनाउन थाल्छन्। यद्यपि अधिकारको भावना आफ्नोपन र प्रेमको सूचक हो, तर जब त्यस्तो अधिकार एक-अर्कामा लाद्ने कार्य हुन्छन्, तब वैमनस्यताको जन्म हुन्छ। सफल दाम्पत्य जीवनका लागि आपसी सम्बन्ध सौहार्दपूर्ण हुनु आवश्यक छ। प्रेम एउटा भावना हो, अनुभूति हो। प्रेमको धरातलमा नै सफल दाम्पत्य जीवनको जग मजबुत र बलियो पार्न सकिन्छ। कहिलेकाहीँ श्रीमान् वा पत्नीले आफ्नो स्वभावअनुसार एक-अर्कालाई होच्याएर प्रस्तुत गरी एक-अर्कालाई तुच्छ बनाउने वा देखाउने प्रयास गर्छन्। कसैमा बढी र कसैमा थोरै दोष तथा त्रुटि त हुन्छ नै, तर समझदार दम्पतीले एक-अर्काको त्रुटि खोज्नु र देखाउनुको सट्टा एक-अर्काका राम्रा कुरालाई अँगाल्ने प्रयास गर्छन् जुन सफल दाम्पत्य जीवनको सफलताको सूचक हो।

भौतिक सुख-सुविधाका लागि पनि यस्तो तनाव एवं वादविवाद हुन्छ। त्यसैले श्रीमान् -श्रीमती दुवैले आफ्नो आर्थिक स्थितिलाई दृष्टिगत गरेर मात्र आफ्नो भौतिक चाहना पूर्ति गर्नुपर्ने हुन्छ।

श्रीमान् -पत्नीको सम्बन्ध कायम गर्न जतिको सजिलो छ, त्यसलाई निर्वाह गर्न उत्तिकै कठिन छ। यसकारण दाम्पत्य जीवनमा तनाव एवं वैमनस्यताको स्थिति आउन नदिन श्रीमान् र श्रीमती दुवैको सार्थक प्रयास आवश्यक छ।

# लिम्बूले नचाए, मञ्जुल र प्रदीपले भावुक बनाए





युएई- पहिलो नेपाली तारा दिपक लिम्बूले नेपाली समाज यूएईले आयोजना गरेको सुमधुर सांस्कृतिक कार्यक्रममा युएईका प्रवासी नेपालीहरूलाई छमछमी नचाए भने नेपाली गीत-संगीतका हस्ती, साहित्यकार तथा गायक मञ्जुल तथा अर्का गायक प्रदीप देवानले दर्शकहरूलाई भावविह्वल बनाए।

दुबईको अस्टोरिया होटलमा नेपाली समाजले आयोजना गरेको कार्यक्रममा नेपालबाट निम्त्याइएका दीपक लिम्बूले नेपाली चलचित्रका गीत गाएका थिए भने उनको 'मैले त्यही भएर मन पराएँ' गीतलाई दर्शकले बढी रुचाए। कार्यक्रमको अन्त्यमा आफ्नो दोस्रो एल्बमको 'माया-माया' गीत गाउँदा लिम्बूलाई दर्शकहरूले स्टेजमै गएर साथ दिएका थिए।

साहित्यकार, कवि तथा गायक मञ्जुलको पहिलो प्रस्तुतिले दर्शकहरूलाई मर्माहत बनायो। उनले गीत गाउनुभन्दा पहिले उपस्थित दर्शकहरूलाई ताली बजाउन, हाहा-हुहु गर्न र गायनमा साथ दिन रोक लगाई उक्त गीतको शब्द तथा लय सुन्न आग्रह गरे र उनले लोकगायक झलकमान गन्धर्वको 'आमाले सोध्लिन्, खै छोरो भन्लिन्' गीत बिनाट्र्याक गाए। गीतको अन्तिम शब्द नसकिँदै दर्शकहरूको पटटट ताली र वान्समोरबाट उनी पनि विह्वल भए र भने- 'नेपाली लोक-संगीतलाई नेपालमा भन्दा पनि प्रवासमा धेरै माया गरिँदो रहेछ, म यही सन्देश नेपालमा सुनाउनेछु भन्दै उनले चर्चित गीत गाउँ-गाउँबाट उठ, बस्ती बस्तीबाट उठ लगायत अन्य गीत दर्शकहरूसँगै गाए। गायक प्रदिन देवानले क्रान्तिले ओतप्रोत गीत गाई दर्शकहरूलाई मनोरञ्जन प्रदान गरे।

यूएईमा आयोजना हुने विभिन्न कार्यक्रममा उत्कृष्ट प्रस्तुतिहरू दिँदै आएका किरण भट्टराई, रिजन थापा, पूर्ण तमु, प्रकाश पराजुली, दिपक गुरुङ, ज्ञान लामा, मिना वाइबा, प्रेम लामा, अलिन दोड., सूर्य केसी, सरस्वती थोकर, शान्ति शाह, आशिष राई, सुलोचना श्रेष्ठ, दीपक गुरुङ, मेघ, रेखा, डिकी योजन, सम्झना वाइवा, विमला श्रेष्ठ, रबिन परियार, पूजा लामा, प्रिय स्याङ्बो आदिले आफ्ना गीत तथा नृत्यबाट दर्शकहरूलाई मनोरञ्जन प्रदान गरे। कार्यक्रममा प्रस्तुत 'स्याङ्जालीलाई नभन जाली' गीतको नृत्य पनि आकर्षक रह्यो।

**–खेमनाथ पौडेल**

# आदिवासी चलचित्र महोत्सवको रौनक

पोखरा- अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सवले पोखरा सभागृह रंगारंग बन्न पुग्यो। महोत्सवमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आदिवासी चलचित्रको मेला नै लागेको थियो। गुरुङ फिल्म एसोसिएसन पोखराको आयोजनामा भएको महोत्सवको समापनको दिन गत आइतबार मगर संस्कृतिमा आधारित चलचित्र बाराहीपुत्रले दर्शक छनौटको पुरस्कार जित्यो।

जन्म दिनेभन्दा कर्म दिने महान् हुन्छन् भन्ने मंगर संस्कृतिमा आधारित मौसम पाइजा पुन निर्देशित बाराहीपुत्र दर्शकको प्रोत्साहन पाउन सफल भएको थियो। महोत्सवमा नेवारी वृत्तचित्र ग्वे मरुले प्रोत्साहन पुरस्कार जितेको छ। परम्परागत माटोको भाँडो बनाउनेहरूले झेल्नुपरेको दुःखलाई वृत्तचित्रमा उतारिएको छ। गुरुङ भाषाको अध्ययन गराउने पाठशालामा आधारित खेवा धिले पनि प्रोत्साहन पुरस्कार पाएको थियो। महोत्सवस्थल विभिन्न जनजातिको बाजागाजासहितको झाँकी तथा नृत्यले निकै रोमाञ्चक देखिन्थ्यो। महोत्सवमा जनजातिका नायक-नायिका, निर्माता-निर्देशक तथा कलाकारहरुको जमघट थियो।

महोत्सवमा १२ वटा नेपाली तथा ८ वटा विदेशी चलचित्र र वृत्तचित्रको प्रदर्शन गरिएको थियो। सांस्कृतिक आदानप्रदानसँगै जातीय रहनसहनको पहिचान होस् भनेर महोत्सव आयोजना गरिएको हो, संयोजक माओत्से गुरुङले भने,



'महोत्सवमार्फत आदिवासी जनजाति चलचित्रहरूको संरक्षण एवं संवर्द्धन गर्नु पनि छ।' महोत्सवमा जातीय चलचित्र प्रदर्शनका अतिरिक्त विभिन्न जनजातिका झाँकी तथा नृत्यले रौनक थपेको थियो। महोत्सवस्थलमा गुरुङ मगर, तामाङ, राई आदि जनजातिका परिकारहरूले दर्शकलाई आकर्षित गरेको थियो। दोस्रो पटक गरिएको महोत्सवमा १० हजारभन्दा बढी दर्शक आएको तथा १० लाख खर्च भएको आयोजकहरूले जनाएका छन्।

**–शिव शर्मा**



# मास्डअप पार्टीमा धड्किएको धरान

**भीषण राई**

धरान- थामिनसक्नुको भीड। छेउ लागेर बन्द हलमा नजर डुलाउँदा पार्टी पूरै तात्तिएको देखिन्थ्यो। पानीको छालझैं बन्द हलमा उपस्थित डान्स क्रेजीको टाउको छचल्किएको देखिन्थ्यो। त्यसमाथि डिजेको संगीतको प्रहारले उनीहरूको शरीरको हाउभाउ पूरै ४ सय २० भोल्टको करेन्टको झैं झड्कामा रूपान्तरण हुँदै थियो। असिन-पसिन हुँदै ननस्टप नाच्दा उनीहरूको मुटु पुरै धड्किएको थियो भने श्वास-प्रश्वासको गति पनि ह्वात्तै बढेको प्रतीत हुन्थ्यो। त्यस दिन डिजे डबल बीले प्रायः सबै फास्टबिटका गीत प्रस्तुत गर्नाले पनि उनीहरू यसरी प्रस्तुत हुन बाध्य भएका थिए। साथीभाइका साथै मन परेको मानिससँग यसरी खुला नाच्न पाउँदा कसलाई पो मज्जा हुँदैन ?

शनिबार धरानको माथिल्लो भाग जीरो प्वाइन्टस्थित ओटु पब एन्ड बारमा मानौं संसार नै अर्कै थियो। बोल्ने फुर्सदै कहाँ मिल्छ र यति बेला ? सबै पार्टीमा मस्त। बाहिर मंसिर महिनाको चिसो भए पनि हलभित्र भने पूरै हिटर बलेझैं थियो। एकछिन पार्टीमा के बस्नु, शरीरले पसिना चुहाइहाल्थ्यो। पसिना सुकाउन पनि सहभागीहरू कहिले बाहिर कहिले भित्र गरेर पसिनाले भिजेको शरीरलाई आनन्द प्रदान गरिरहेका थिए। पार्टी धरान होमिज डट कमले आयोजना गरेको विन्टर मास्ड अप पार्टी पाँच बजे सुरु भएर मध्यरातसम्म चलेको थियो।

# पाँचौं बिजुली मेला

हाल नेपालमा पाइने विद्युतजन्य सामग्रीहरूको प्रचार-प्रसार गर्ने उद्देश्यले भृकुटीमण्डमा बिजुली मेला हुने भएको छ। विगत पाँच वर्षदेखि निरन्तर आयोजना भैरहेको मेला नेपाल इलेक्ट्रिकल एसोसियसनले गर्न लागेको हो।

मेलाको आर्कषणका रूपमा लोडसेडिङको विकल्पका रूपमा रहेको विद्युत् उत्पादन गर्ने सामग्रीहरू राखिनेछ। जेनेरेटर, युपीएस, ब्याट्री, सोलारजस्ता विद्युत् उत्पादन र भण्डार गर्ने उपकरणले दर्शकको मन जित्ने आयोजकहरूको दाबी छ।

मेलामा घरायसी बिजुलीका सामग्री टिभी, फ्रिज, वासिङ मेसिन, भ्याकुम क्लिनर आदि प्रदर्शन गरिनेछ। त्यसैगरी उद्योगहरूमा आवश्यक पर्ने ट्रान्सफर्मर, हाइभोल्टेज गार्ड, इलेक्ट्रिकल स्विचहरू पनि प्रदर्शनीमा राखिनेछ।

## ● तालुमा आलु ●



प्रकाश ओझा

मनकुमारले दुईवटा चिट्ठा किन्यो । एउटा चिठ्ठा परेर उसले सात लाख पायो । सबैले उसलाई बधाई दिए तर सबैका अगाडि उसले दुःखी हुँदै भन्यो 'केको बधाइ हजुर, एउटा टिकट त त्यसै खेर गयो... ।'

०००

स्वास्नी : जब म बूढी हुन्छु, नराम्री अनि कुरूप देखिन थाल्छु त्यतिबेला पनि तपाईं मलाई माया गरिरहनुहुन्छ ?

लोग्ने : गरी त राखेको छु नि... ।

०००

धतुरे दाइले अफिसबाट फर्केर चिन्तित भावमा स्वास्नीसँग भने-

'आज के करामत देखायो तिम्रो छोराले टोलमा ?'

'किन ?' स्वास्नीले छक्क पर्दै सोधिन् 'के भएछ ?'

'यदि हामी सपरिवार छुट्टीमा १ महिनाका लागि कतै घुम्न गयौं भने छिमेकीले उठाएर भए पनि जाने-आउने गाडीभाडा दिने कुरा गर्दै थिए ।'

०००

'बुबा, 'भन छोरा,' 'तपाईं अँध्यारोमा डराउनुहुन्छ ?'

'डराउँदिनँ छोरा ।'

'आगोसँग' 'डराउँदिन',

'बिजुली चम्किँदा' 'अहँ'

'बाघ-भालुसँग' 'डराउँदिनँ'

'भनेपछि तपाईं ममीबाहेक कसैसँग डराउनुहुन्न रहेछ ?'

०००

छोरा : ममी तपाईंका लागि मेरो कति मूल्य छ ?

ममी : तिमी त मेरा लागि लाखौंको हौ, लाखौं के तिमी मेरो करोडौंको हीरा हौ ।

छोरा : त्यसो भए त्यो करोडौंबाट २० रुपैयाँ दिनु न आइसक्रिम खान्छु ।

०००

एउटा वृद्ध व्यक्ति मृत्यु शैयामा थियो । बाँच्ने कुनै आशा थिएन । सारा आफन्त वरिपरि भेला भएका थिए । सबैजना वृद्धलाई हौसला दिँदै थिए ।

'बुबा,' छोरो बोल्यो- 'तपाईं एकदमै ठीक हुनुहुन्छ ।'

'तपाईंको सास, ढुकढुकी राम्रोसँग चलिरहेको छ' भाञ्जो बोल्यो ।

'अनुहारमा चमक छ' स्वास्नीले भनी ।

'जिउडाल सब ठीक छ,' छोरीले भनी ।

'धन्न भगवान् तपाईंलाई धन्यवाद छ,' बूढो बिस्तारै बोल्यो ।

'म मर्दा पनि स्वस्थ र तन्दुरुस्त भएर मर्दैछु ।'

### मेरो कुरो

त्यस्तो केटीले मात्र तपाईंलाई किस खाने मौका दिन्छे जो चुरोट खैनी गुट्खा खान्छे ।

## ● कविता ●

### आँखाभरि



आँखाभरि आँसु पुछ्दै नहिँडेको हैन
मुटुभरि चोट छोप्दै नहाँसेको हैन
माया मनका कुरा गर्दा नरोएको हैन
अझै माया गर्न पनि नआएको हैन
प्रेमहरू नपाएर भोकाएको पनि हैन
झमेला र धोकामा भौंतारिएको पनि छैन
आँखाभरि आँसु झार्दै नरोएको पनि हैन
वेदनामा छट्पटाई घायल नभएको हैन
यस्तो मन हडबडाएर आवेगमा नआएको हैन
आँखाभरि आँसु पुछ्दै नहिँडेको हैन ।

– **नारायणदत्त अवस्थी**

### केटा मान्छे

आफ्नो मान्छे जतिसुकै राम्रो सच्चा भए पनि
पराइकोमै आँखा जाने कस्तो निष्ठुरी जात अनि
बाहिर हिँड्दा केटीहरूले हेर्दा पनि मख्ख पर्ने
घरमा आउँदा श्रीमतीले हाँस्दा पनि आँखा तर्ने
सुरुमा त त्यही श्रीमती हीराभन्दा महँगो भई
मोजमस्ती गरेपछि पित्तलभन्दा सस्तो भई
भन्या जस्तो भएदेखि माया गर्‍या जाल रच्ने
भन्या जस्तो नभए पछि बसी छुरा धस्ने
कस्तो होला मन पनि माया भन्ने छँदैछैन
एउटा नभए अर्को ल्याउने उनीहरूलाई त ख्यालै छैन ।

– **निर्मला लम्साल**

### के पाएँ



फूल दिन्छु भनेका थियौ
आज बगैंचा नै उपहार पाएँ
माया दिन्छु भनेका थियौ
आज मृत्युको समाचार पाएँ
साथ दिन्छु भनेका थियौ
आज छाडेको थाहा पाएँ
एक घुड्को पानी मागेको थिएँ
आज समुद्र नै उपहार पाएँ
तिम्रो मायालाई मालामा उनेर
सजाउँछु भनेका थियौ
आज छरपष्ट भएको पाएँ
मायाको दीपावली मनाएका थियौ
आज आँधीबेहरीको रात पाएँ
रगतको होली खेलेका थियौ
आज मृत्युले गरेको स्वागत पाएँ
तिम्रो हातले यो खाली सिउँदो
रूगाउछु भनेका थियौ
आज अरूकै हात पाएँ ।

– **जानुका थपलिया**

### मन्दिरमा धा'को छैन

साँच्चै भनूँ भने माया, मैले पनि ला'को छैन
प्रेम जोडी पाउनलाई मन्दिर धा'को छैन
पवित्र यी मनहरू फराकिलो भएपछि
कुरीति र अन्धकारको पछि अझै ला'को छैन
विरोधी यी भावना मेरा अस्वीकार्य भएर नै
दाइजोप्रजा अझै पनि समाजबाट गा'को छैन
जनतामा जोश जाँगर अझै पनि आ'को छैन
त्यही भएर होला क्यार सहयात्री पा'को छैन
मेरा मनका ज्योतिहरू अन्धकारमा गा'को छैन
साँच्चै भनुँ भने माया मैले पनि ला'को छैन ।

**–उर्मिला यादव**

## ● लघुकथा ●



### स्वार्थ

हरि र राजेश मिल्ने साथी थिए । देख्नेहरू पनि भन्थे- 'कति मिल्ने साथी !' दिन बित्दै जाने क्रममा दुईबीचको सुमधुर मित्रतामा चिसोपनले ठाउँ लिँदै गयो । कारण के थियो भने हरि मिजासिलो स्वभावको, समझदार, सबैसँग सद्व्यवहार कायम राख्न सक्ने, सहयोगी, मिलनसार थियो । राजेश घमन्डी स्वभावको, मपाइँ हुने प्रवृत्तिको व्यक्ति भएकाले दुईमा धेरै भिन्नता देखिँदै गयो । अफिसबाट प्राप्त भएको वस्तु जे-जस्तो भए पनि हरि बाँड्थ्यो भने राजेश एक्लै उपभोग गर्थ्यो । हरि साथीको समेत भलो होस् भन्ने सोच्थ्यो तर उल्टै राजेश हरिको कुभलो चिताइरहन्थ्यो । राजेशको अहं ढिपी र स्वार्थका कारण हरिको मनमा ठेस लाग्न गयो- दुईमा मतभिन्नता नै हुन पुग्यो । देख्नेहरूले कुरा काट्न थाले- मिल्ने साथी अहिले कसरी फुटे ? कसलाई थाहा थियो र उनीहरूबीच फुटको कारण 'स्वार्थ' थियो ।

## ग्रामीण विकासका लागि पर्यटन







तेस्रो पर्यटन मेलामा नेपालका ग्रामीण पर्यटकीय गन्तव्यहरूका बारेमा सूचना लिने युवाहरूको घुइँचो लागेको छ । मंसिर ८, ९ र १० गतेसम्म ७५ वटा स्टल राखिने पूर्व कार्यक्रम हेरफेर गरिएको थियो । स्टल राख्न चाहनेको संख्या बढेपछि स्टल संख्या ८५ पुगेको हो ।

भक्तपुरमा होटल व्यवसाय गरिरहेको मकर श्रेष्ठले बाह्रवर्षे मकर मेलाका बारेमा त पहिले सुनेका थिए । मेलामा राखिएको पनौतीको स्टलमा उनले मकर मेला आगामी माघ महिनाभरि लाग्ने कुरा थाहा पाए । २४ वर्षअघि माघ महिनामा मकरका मातापिता पनौती मेला भरेर फर्किएपछि जन्मिएकाले उनको नाम मकर राखिएको रहेछ । आन्तरिक पर्यटन खानपिनको सेवा गर्न चाहने मकरले पनौती मेलामा खानपिनको पसल राख्ने भएका छन् । ३० लाख मानिस आउने उक्त मेलाको तयारी सुरु भैसकेको छ ।

पर्यटन मेलामा नेपालका ग्रामीण भेगका उत्पादनहरू प्रदर्शन गरिएको छ । ताप्लेजुङको छुर्पीमा दर्शकहरूको रुचि देखिन्थ्यो । इलामको चिया, धनगढीको बाँसका सामग्री, सिन्धुपाल्चोकको चीज, जलकपुरको मिथिला आर्ट तथा लुम्बिनीको बौद्ध गुम्बाका तस्बिरहरू मेलामा प्रदर्शन गरिएका थिए ।

मेला हेर्न पुगेकी पाटनकी कल्पना महर्जन गत वर्ष कलेजबाट नेपाल टुर गएर फुरुङ्ग छिन् । त्यतिबेला उनलाई पूरै नेपाल घुमिसकेको अनुभव भएको थियो । मेलामा आएपछि भने उनले नजिकै रहेको सुन्दरीजलसमेत नपुगेको थाहा पाए । यस किसिमको मेला आन्तरिक पर्यटन प्रबर्द्धन गर्न सहयोगी हुने कल्पनाले बताइन् ।

नगरकोटबाट आएकी शर्मिला लामालाई आफ्नो जातिका बारेमा जान्ने इच्छा छ । तामाङ संस्कृति लोप भएकोमा चिन्ता व्यक्त गर्ने लामा पर्यटकीय धुन्चे गाउँमा तामाङ सङ्ग्रहालय सञ्चालनमा रहेको थाहा पाउँदा निकै खुसी भए । म्युजियममा तामाङ जातिको रहनसहन झल्कने वेशभूषा, सांस्कृतिक सामग्रीहरू संकलन गरिएको प्रदर्शकले लामालाई जानकारी गराए । तामाङ पोसाक पहिरिएर फोटो खिचाउन स्टुडियोसमेत म्युजियमभित्र छ ।

आधुनितासँगै लोप हुँदै गएको ढुङ्गे कलाको संरक्षणका लागि विराटनगरका युवा मञ्जुल मितेरी विश्वविख्यात १ हजार व्यक्तित्वको मूर्ति बनाई सङ्ग्रहालय बनाउने योजना दर्शकहरूलाई जानकारी गराइएको थियो ।

पर्यटकीय नगर पोखरास्थित फेवातालको मुहान हर्पन खोला रहेको पञ्चासे लेकको प्रबर्द्धनका लागि गुरुयोजना बनिरहेको पञ्चासे विकास समितिले जानकारी गराएको छ । पदमार्गका बारेमा जानकारी लिन पर्यटन विषयका विद्यार्थीहरू उत्साहित देखिएका थिए ।

जीवजन्तुको संरक्षणप्रति चासो राख्ने वातावरण विज्ञानकी विद्यार्थी प्रगति शाहीले नेपालका निकुञ्जहरूका बारेमा एउटै छतमुनि जानकारी पाउँदा मेला उपयोगी भएको बताइन् । भविष्यमा मेला दिइएको जानकारीको आधारमा निकुञ्जहरूको भ्रमणमा जाने योजना प्रगतिले सुनाइन् । पर्यटनमार्फत ग्रामीण विकास भएमा स्थानीय बासिन्दाले नै दुर्लभ वन्यजन्तुको संरक्षणमा लाग्ने प्रगतिको भनाइ छ । निकुञ्जभित्र खोलिने महँगा होटलहरूभन्दा निकुञ्जबाहिर रहेका बस्तीहरूमा पर्यटकहरूलाई बसोबास गराउने नीति सरकारको हुनुपर्नेमा शाहीले जोड दिइन् ।

तीन पटक काठमाडौंमा आयोजना भएको मेला आगामी वर्ष उपत्यकाबाहिर लगिने पर्यटन बोर्डको लक्ष्य छ ।





## त्रिशूलीमा जलयात्रा प्रतियोगिता

मंसिरको जाडोलाई न्यानो बनाउन चाहनेहरूका लागि जलयात्रा प्रतियोगिता हुने भएको छ । मंसिर १२, १३ र १४ गते त्रिशूली नदीको किनारमा जलयात्रा हुने भएको हो । करिब ५ सय स्वदेशी तथा विदेशीले सहभागिता जनाउने उक्त प्रतियोगिताको दूरी १५ किलोमिटर छ । मदिमटारबाट प्रारम्भ हुने उक्त जल यात्रा कुरिनटारमा पुगेर टुङ्गिनेछ ।

नेपालमा साहसिक पर्यटनको विकास गर्ने उद्देश्यले उक्त प्रतियोगिता र्‍याफ्टिङ एजेन्सी एसोसियनले गर्न लागेको हो । जलयात्राका सहभागीहरूले २ हजार रुपैयाँमा दुई रात र तीन दिनसम्म खानासहित डिजेको संगीतमा रमाइलो गर्न पाउनेछन् । र्‍याफ्टिङसमेत गर्न चाहनेले भने तीन हजार रुपियाँ तिर्नुपर्नेछ ।



## • सन्देश •

वन्दना, अम्बु, शीला, पूजा, शर्मिला, कविता, तुलसा, झपी, रोमा, अञ्जु, रीता, समीक्षा, तारा, अस्मिता, निशा लगायत सम्पूर्ण साथीहरूलाई पुन: मित्रताको आह्वान गर्दै पत्राचार गर्न अनुरोध गर्दछु। म पुन: पुरानै ठाउँमा भएको जानकारी गराउँछु।

**शीलत आचार्य**

साथीहरू अनिल, सुभासा, सम्धी (कान्छा), अमर, दाइ राकेश, हरि, सुकेलाल, कृष्ण, राजु, मनोज, मोहन, राजु, किश्वर, गणेश, श्याम, सुजित, कुमारका साथै बहिनीहरू एलिना, मैयाँ, चुल्बुले कान्छी, राधिका, मैयाँ, मीना भाउजू, जयन्ती भावी, डिकी, विष्णु दिदीका साथै प्यारो भान्जा पेम्बा स्याङ्दानलाई सम्झना एवं शुभकामना।

**राजन अर्याल**

कान्छु, म तिमीलाई धेरै-धेरै माया गर्छु। कुनै यस्तो पल छैन तिमीलाई याद नगरेको। तिमी मेरो मुटु हौ, यो ढुकढुकी हरपल तिम्रै नाममा धड्किरहनेछ। तिमीलाई सधैंभरि हाँसिरहेको देख्न पाऊँ। आफ्नो शरीरको ख्याल राख है।

**एन.आर.**

आशा त केवल पर्खाइ हो रे भरोसा नै जिन्दगी जिउने आधार तर त्यही भरोसा एम्बुसमा पर्दा आशा पालेर बाँच्नु मृगतृष्णा सिवाय केही रहेनछ। हजारपटक दुःखेर बाँच्नुभन्दा एकैपटक दुखेर मर्नु जाती लागेथ्यो तैपनि सकिनँ तिम्रो मायाले। अन्जुलीभरिको माया स्वीकार गर ल।

**अमन**

मौनता, जिन्दगीको यो अन्तिम क्षणमा तिम्रो सम्झनाका कारण कलम चलाउन विवश भएको छु। उन्नतिका महलहरूमा उदाउँदो सूर्यको किरण पऱ्यो भने नपात्तिनु। यो बुझ- साँझ त्यो किरण अवश्य अस्ताउनेछ। मप्रति तिम्रो झिनो पनि विश्वास रहेनछ। किन मलाई अहिले धोका दियौ ?

**पर्वत श्री**

चन्दा, तिमी कहाँ छ्यौ, कति सम्पर्क गर्दा पनि तिमीलाई पाउन सकिनँ। कति निष्ठुरी बनेकी हँ..., मलाई जेजस्तो अवस्थामा जिउन बाध्य बनाए पनि तिम्रो विवाह भएको सुनेको छु। दाम्पत्य जीवनको शुभकामना।

**विवश**

मेट्रो एफएमका सञ्चालकहरू अजय अलौकिक दाइ तथा बैजिल श्रेष्ठ दिदीमा सुमधुर सम्झनाका साथ न्यानो माया एवं कार्यसफलताको शुभकामना।

**मैयाँ श्रेष्ठ**

सरस्वती, मलाई भुल्यौ सायद। म तिमीलाई कहिल्यै भुल्दिनँ किनभने म तिम्रो असल मित्र बन्न चाहन्थेँ र चाहन्छु पनि। उही आठ कक्षाको साथी जसले तिमीलाई धेरै माया गर्थ्यो, केवल साथीका रूपमा।

**अमृत**

मीरा, सरिता, सुस्ता, कता हराएका छौ तिमीहरू ? कलेज पढ्दा मात्र हाइ हेलो गर्ने पछि त केही खबर पनि छैन। जीवनयात्राको संगम रहेछ हिँडिरहेंछु आनन्दको सागर रहेछ तैरिरहेंछु स्वतन्त्रताको दियो रहेछ बलिरहेंछु। समाज, परिवार र आफूमा खुसी र उज्यालोको दीप बाल्नु, भावनात्मक आत्मीय सम्झना।

dreanp_maharjan@yahoo.com


सानोठिमी क्याम्पसका सबै साथीलाई परीक्षामा सफलताको मंगलमय शुभकामना।

**रामचन्द्र दाहाल**

सुनसरी क्याम्पसबाट स्नातक प्रथम वर्षको परीक्षा दिएका सबैलाई सफलताको धेरै-धेरै शुभकामना।

**विनोद**

## • जीवनको गोरेटोमा •



# मेरो अधुरो प्रेम

त्यो पल कसरी बिर्सूं म, चाहेर पनि अब बिर्सन सक्दिनँ। ओठमा देखावटी हाँसो त छ तर भित्र म कति तड्पन्छु त्यो कसैले अन्दाज लगाउन सक्दैन। यो मनबाट तिम्रो माया, तिम्रो नाम कसरी निकालूँ म ? कुनै सेतो कागजमा कसैले लेखेर मेट्दा त दाग रहिरहन्छ भने मैले त कागजमा हैन, आफ्नो मनमा लेखेकी छु तिम्रो नाम। कसरी मेटूँ, आखिर कसरी ?

सबै प्रश्नको जवाफ तिमीसागै छ, म कसरी बाँच्न सकुँला र ? जबकि मेरो जीवनको हरेक पाइलापिच्छे उठ्ने प्रश्नको जवाफ तिमीसागै छ भने म कसरी बाँच्न सकुँला र ? पानीविनाको माछा यस्तो हुन्छ, थाहा छ तिमीलाई ? तर तिमीलाई के थाहा हुन्छ र यस्तो कुरा, जसले कसैको चोखो माया चिन्न सकेन भने जाबो बोल्न नसक्ने माछाको के कुरा बुझ्न सकौला र ? म तिमीलाई सबै दोष त दिन्नँ, किनभने तिम्रोभन्दा बढी दोष त मेरै छ, मैले आाखा चिम्लेर तिमीलाई विश्वास गरें।

आखिर तिमीप्रति विश्वास गरेर के पाएँ मैले, सिर्फ विश्वासघात.....के यही हो त तिम्रो माया ? भर्खर त हाम्रो जिन्दगीको सुरुवात हुँदै थियो तर तिमीले त बीच बाटोमै मेरो साथ छोडेर पाइला अन्तै मोड्यौ। त्यसो गर्दा के तिम्रो पाइला अलिकति पनि डगमगाएन ? अब कसलाई विश्वास गरूँ म ? जसलाई म विश्वास गर्छु उसैले मलाई विश्वासघात गर्छ, अरूको के कुरा गर्नु अब त आफैंदेखि डराउन थालेकी छु म, किनभने मेरो आफ्नो मनले म आफैंलाई धोका त दिएको छैन ।

के पाएँ मैले, मात्र विश्वासघात अनि आफ्नो परिवारसाग बिछोड। छि: आफैँदेखि लाज लाग्छ। कस्तो मान्छे होला म ? आँखा खुला भएर पनि मैले तिमीलाई चिन्न सकिनँ। परिवारको माया बुझ्न सकिनँ, अब त के बाँचूँजस्तो लाग्छ यो जीवन, तर म मर्न पनि त सक्दिनँ। मर्न भन्दा बााच्न गाह्रो हुँदो रहेछ। यति चाँडै म मर्दिनँ। कालसँग लड्न सक्ने हिम्मत छ ममा, किन थाहा छ ? किनकि ईश्वरलाई साक्षी राखी खाएको कसम तिमीले जस्तो हावामा उडाउन सक्दिनँ, तिमीले आफ्नो वचन त पूरा गरेनौ तर म पूरा गर्छु मैले दिएको वचन।

मैले भनेकी थिएँ नि, सात जन्मसम्म तिम्रो हुन पाऊँ। त्यसैले तिमी जहाा भए पनि खुसीसँग बस्नू, हरेक कुरामा सफलता हासिल गर्नू। म अरू त के गर्न सक्छु र ? मात्र अब तिम्रो खुसीको कामना गर्छु भगवान्साग। एउटा कुरा मलाई तिमीले जे गऱ्यौ, त्यो अरूसाग नगर्नु, तिमी यो जन्ममा अरूको भयौ, अर्को जन्ममा कसको हुन्छौ थाहा छैन तर म हिजोसम्म तिम्रो थिएँ, अबको जिन्दगी म एक्लै बिताउन चाहन्छु।

## • साथी •



स्नातक तह दोस्रो वर्षमा अध्ययनरत करन सिंह 'विवश' ५ फिट ६ इन्च अग्ला छन्। कम बोल्ने, हँसिलो तथा मिलनसार स्वभावका सिंह नयाँ मित्र बनाउन, गीत-संगीत सुन्न तथा अध्ययनमा अभिरुचि राख्छन्। २१ वर्षीय करन गहुँगोरो वर्णका छन्। सुदूर पश्चिमाञ्चल क्याम्पस, धनगढी, कैलालीमा अध्ययनरत सिंह मिलनसार, मित्रतालाई जीवनपर्यन्त निरन्तरता दिने, मित्रको भावना बुझ्ने, साहित्यप्रेमी व्यक्तिलाई साथी बनाउन चाहन्छन्। उनलाई sutar_karan2008@yahoo.com मा इमेल गर्न सकिन्छ।



आशिक शर्मा 'पागलप्रेमी' स्नातक तह प्रथम वर्षमा अध्ययनरत छन्। २० वर्षीय आशिक व्यवसायी पनि हुन्। नम्र तथा मिलनसार स्वभावका शर्मा ५ फिट ७ इन्च अग्ला छन्। अविवाहित आशिक गहुँगोरो वर्णका छन्। भक्तपुर-७, ठिमीका बासिन्दा शर्मा रगतको नातालाई भन्दा भावनाको नाता ठूलो मान्ने, दु:खमा पनि साथ दिने तथा मित्रतालाई निरन्तरता दिने साथीको खोजीमा छन्। उनलाई साथी बनाउन चाहनेहरूले aashikrupa@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ।



शंकरदेव क्याम्पसबाट बीबीएस तेस्रो वर्षको अध्ययन पूरा गरेर परिणामको प्रतीक्षामा रहेका मीनराज अधिकारी 'मनोज' ५ फिट ४ इन्च अग्ला छन्। हँसिलो तथा सहजै सबैसँग घुलमिल हुने स्वभावका मनोज पत्रमित्रता तथा भ्रमणमा रुचि राख्छन्। अविवाहित अधिकारी २२ वर्षको भए। गहुँगोरो वर्णका मनोज जातपातमा विश्वास नराख्ने, स्थायी मित्रतालाई महत्त्व दिने, घमन्ड नगर्ने तथा नरिसाउने साथीको खोजीमा छन्। सल्यान, पीपलनेरा-७ का अधिकारीलाई साथी बनाउन चाहनेहरूले nischalcreation@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ।



१९ वर्षीय जीवन अधिकारी हाल नेपाल कमर्स क्याम्पसमा बीबीएस पहिलो वर्षमा अध्ययनरत छन्। हँसिलो तथा मिलनसार स्वभावका जीवन ५ फिट ६ इन्च अग्ला छन्। गहुँगोरो वर्णका जीवन पत्रमित्रता तथा भ्रमणमा रुचि राख्छन्। दु:खमा साथ दिने, धनको घमन्ड नगर्ने, भ्रष्टाचार उन्मूलन गर्न चाहने साथीको खोजीमा रहेका जीवनलाई साथी बनाउन चाहनेहरूले adhikarijeevan59@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ।



बीएड प्रथम वर्षमा अध्ययनरत कृष्णप्रसाद उप्रेती नयाँ साथी बनाउन चाहन्छन्। आफूलाई जागिरे बताउने कृष्ण नम्र स्वभावका छन्। ५ फिट ७ इन्च अग्ला उप्रेती गहुँगोरो वर्णका छन्। जातभातको भेदभाव तथा धनी-गरिबको कुरा नगर्ने साथीको खोजीमा रहेका कृष्णलाई नौबीसे-८, धादिङमा पत्राचार गर्न सकिन्छ।



गहुँगोरो वर्णका विश्वास वाइबा ५ फिट ४ इन्च अग्ला छन्। स्नातक तह अध्ययनरत वाइबा अध्यापन पेसामा सक्रिय छन्। २१ वर्षीय विश्वास भ्रमण तथा नयाँ जानकारी हासिल गर्ने अभिरुचि राख्छन्। हँसिलो तथा रमाइलो गफ गर्ने स्वभावका वाइबा दु:खमा साथ दिने, धनभन्दा मनलाई महत्त्व दिने साथीको खोजीमा छन्। उनलाई सुनगाभा इङ्लिस स्कुल, पाँचखाल-६ मा पत्राचार गर्न सकिन्छ।

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ....................................................................................

उमेर : .......................................... उचाइ : ..................................

पेसा : ........................................ शिक्षा : ..................................

स्वभाव :.......................................... वैवाहिक स्थिति : ......................

अभिरुचि : ...................................वर्ण : ..................................

इमेल : ....................................................................................

ठेगाना :....................................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

....................................................................................

....................................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

# हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?

म यो सबै राजनैतिक कारणले भएको मान्छु । आजसम्म सक्षम व्यक्तित्व सत्तामा गएकै छैनन् ।

**टीका, स्याङ्जा**

हामी नेपाली अरूको ईर्ष्या गर्ने, कर्म नगर्ने अनि खुट्टा तान्ने प्रवृत्ति, कर्मको सम्मान गर्न नजान्दा आफ्नै कारणले पिछडिएका हौं ।

**नारायण कुँवर**

भ्रष्टाचारी नेताहरूका कारण पिछडिएका हौं किनभने उनीहरू कुर्सी तानातान गर्छन् ।

**मल्लिका मल्ल (१८), धादिङ**

हामी नेपाली गरिबी र भेदभावले गर्दा अत्यन्तै पिछडिएका छौं । अन्धविश्वास र राजनैतिक दलहरूका कारण पनि यसरी पिछडिनुपरेको हो ।

**देवराज दाहाल**

आफूभित्रको अन्तरद्वन्द्वले, कुर्सीमा पुगेपछि गर्छु भन्ने भावना विलाउनाले, लहैलहैमा लागेर राजनीतिक द्वाड फुक्नाले कसरी उँभो लागिन्छ ?

**कमल जिसी**

सबैले आफ्ना बारेमा मात्र सोच्ने, जसरी होस् आफ्नो दुनो मात्र सोझ्याउने प्रवृत्तिले हामी पिछडिएका हौं । हल्लाको भरमा कान नछामी कागको पछि दगुर्ने बानी नै गलत हो नि ।

**सुजित खतिवडा**

धेरै कुरा गर्ने बानीले पछि परेका हौं किनभने कुराले मात्र हुँदैन काम पनि चाहिन्छ अनि पो पेट भरिन्छ त ।

**अन्दीप उप्रेती**

हामी नेपालीहरू आफ्नै नेताहरूको कुबुद्धिका कारण पिछडिएका हौं । नेताहरूको हावादारी कुराको पछाडि लागेर हिंड्ने जमातका कारण पनि यस्तो भएको हो ।

**राजेन्द्र सुनुवार**

बेरोजगारी तथा अरूको मुख ताक्नाले नेपालीहरू पिछडिएका हुन् । नेपालमा पनि ठूल्ठूला कलकारखाना र उद्योगधन्दा भए पिछडिनुपर्ने थिएन ।

**दुर्गाबहादुर माझी**

हामी नेपालीहरू नेताका कारण पछाडि परेका हौं । हाम्रा नेताजीहरू सहरका बंगलामा बस्छन्, आफ्ना छोराछोरी विदेशी कलेजमा पढाउँछन् । आफ्ना भाइभतिजालाई जिएम बनाउँछन् जनताका छोराछोरी जति उफ्रिए पनि जहाँको त्यहीँ ।

**कुमार श्रेष्ठ (१८), रामेछाप**

धेरै कारण छन् तर यो स्तम्भको ३० शब्दभन्दा बढी लेख्न नपाइने नियमले गर्दा जवाफ दिन सकिनँ । अपूरो जवाफ दिएर के गर्नु ?

**बहादुर राई**

अर्काको स्वार्थमा मात्र लाग्ने, अर्काको खुट्टा तान्ने, अर्काको लहैलहैमा हिंड्ने, भ्रष्टाचारी अनि सुविधाभोगी भएर ।

**लक्ष्मण दाहाल**

हामी धेरै कारणले पिछडिएका छौं । सबैभन्दा बढी देश चलाउने नेताहरूको भिजन साँघुरो र भाषण बढी काम थोरै भएकाले पनि हो ।

**कमलेश झा**

एक त हामी विवेकी छैनौं, दोस्रो राष्ट्रका नेताहरूको गलत नीति र निर्णय नै यसको कारक तत्त्व हो । नत्र हामीमा के कमी छ र ? राष्ट्रभरि प्राकृतिक स्रोत र साधन प्रशस्त मात्रामा छैन र सम्पादकज्यू ?

**सुजन कोइराला, कौशलटार**



## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?
२. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
३. पढेर जानिन्छ कि परेर ?
४. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
५. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
६. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
७. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
८. तपाईं वान साइडेड लभमा पर्नुभएको छ ?
९. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
१०. नेपालले खेलकुदमा किन सधैं हार्छ ?

## ● यौन जिज्ञासा र समाधान ●

**प्रश्न : मेरो शरीरको बनावट उमेरअनुरूप छैन । म अहिले २२ वर्षको छु, तर मेरो स्तन एकदमै सानो छ । यो कुराले मलाई एकदमै चिन्तित बनाएको छ । कुन हार्मोनले स्तनको विकास हुन्छ र के कारण मेरो स्तन सानो भएको हो ? स्तन ठूलो बनाउन के गर्नुपर्छ ? यसको कुनै उपचार छैन ?**

**– सवि.**

**उत्तर : उमेर र शारीरिक बनावट**

उमेरअनुसार शरीरको बनावटमा पनि केही भिन्नता आउँछ । बाल्यकालमा हुने शरीरको बनावट र वयस्क उमेरमा हुने शरीरको बनावटमा फरक त हुन्छ नै । उमेरअनुसार शरीरको उचाइ अनि तौलमा पनि भिन्नता आउँछ । शरीरको भिन्न भाग अलि फरक किसिमले विकसित हुन्छ, जस्तै- छाती चौडा हुनु (पुरुष) वा नितम्ब चौडा हुनु (महिला), स्तनको विकास हुनुजस्ता कुरा किशोरावस्थामा देखिन्छ । अर्कातिर पाको उमेरको भएपछि विशेष गरेर कुप्रो पर्नेदेखि लिएर छालाको लचिलोपन कम हुनेजस्ता समस्या देखिन्छन् । तपाईंले के आधारमा उमेरअनुसार शरीरको बनावट छैन भन्नुभएको हो, पत्रमा स्पष्ट छैन । सायद स्तनका बारेमा भन्नुभएको हो कि ?

**स्तन विकासका चरणहरू**

स्तन एक विशेष किसिमको ग्रन्थि हो । बाल्यकालमा केटा र केटीको स्तन उस्तै हुने भए पनि किशोरावस्थामा पुगेपछि केटीहरूमा स्तनको विकास तीव्र गतिमा हुन थाल्छ । धेरैजसोमा ११ वर्षको उमेरमा सुरु भएर १५ वर्षमा पूरा हुन्छ । सामान्यत: दुई-तीन वर्ष चाँडो-ढिलो हुन सक्छ ।

स्तनको विकासको कुरा गर्दा आकृति (shape) आयतन (size) लाई नै Tanner Stage भनिने पाँच चरणमा बाँडिएको छ ।

**पहिलो चरण :** यो किशोरावस्थाभन्दा पहिलेको अवस्था हो । यो अवस्थामा स्तनको मुन्टो मात्र उठेको हुन्छ ।

**दोस्रो चरण :** Bud जस्तो देखापर्छ, स्तन र मुन्टो अलिकति माथि उठ्छ । Areola (मुन्टोको वरिपरिको कालो रंगको छाला भएको क्षेत्र) अलि ठूलो भएर आउँछ ।

**तेस्रो चरण :** स्तन अझै बढ्छ र ग्रन्थीय तन्तु (glandular tissue) बन्छ ।

**चौथो चरण :** Areola र मुन्टो अझै उठ्छ, स्तनको सबै भागमा अझ वृद्धि हुन्छ ।

**पाँचौं चरण :** स्तन वयस्कको जस्तै विकसित हुन्छ, स्तनले गोलाकार आकृति लिन्छ, Areola स्तनको अन्य भागको सतह समान हुन्छ र मुन्टो मात्र उठेको स्थितिमा हुन्छ ।



डा. राजेन्द्र भद्रा

पूर्ण विकसित स्तनको आकार र नापमा धेरै भिन्नता पाइन्छ । गर्भावस्था र स्तनपान गराइरहेको अवस्थामा अन्य बेलाभन्दा ठूलो हुन्छ । व्यक्तिको वजन धेरै भए यसको नाप (साइज) पनि ठूलो हुन्छ । स्तनको यस्तो तीव्र वृद्धि स्तनमा बोसो जम्मा भएर हुन्छ । स्तनको आकार (आयतन) निर्धारण गर्ने मुख्य कुराचाहिँ हार्मोन हो, त्यसैले यसको आयतनलाई सजिलै परिवर्तन गर्न सकिँदैन ।

**स्तनको विकास र हार्मोन**

किशोरावस्थामा पुगेपछि इस्ट्रोजन हार्मोनको प्रभावले महिलामा स्तनको विकास हुनथाल्छ । दूध निर्माण गर्न आवश्यक पर्ने ग्रन्थि तथा नलीहरूको विकास स्तनमा हुनथाल्छ । स्तनको आकार दिने बोसो शरीरको अन्य भागको तुलनामा भन्दा अतिरिक्त मात्रामा यो अङ्गमा जम्मा हुने कार्य पनि इस्ट्रोजनको प्रभावले नै हुन्छ । गर्भवती हुँदा सालबाट अतिरिक्त रूपमा निस्कने यही हार्मोनले नै स्तनको विकासलाई पूर्णता दिन्छ । स्तनमा दूध बनाउने भागको विकासचाहिँ प्रोजेस्टेरोन हार्मोनले गर्छ । दूधको उत्पादनमा भने प्रोल्याक्टिन हार्मोनको भूमिका हुन्छ ।

**स्तनको आकार र आयतनको महत्त्व**

स्तन यौनअंग पनि हो । यसले महिलालाई यौन आकर्षक बनाउँछ र स्तनको स्पर्श महिला तथा पुरुष दुवैलाई यौन आनन्दको स्रोत हुन सक्छ । कतिले यसलाई आत्मसम्मानको कुरा मान्छन् । महिलाहरू स्वास्थ्यभन्दा सुन्दरताका कारणले यो विषयमा बढी चिन्ता गर्छन् । अचेल शरीर अति नै दुब्लो अनि स्तनचाहिँ ठूलो हुनुपर्ने फेसन छ जुन काम त्यति सजिलो छैन । फेरि चित्र वा चलचित्रमा जुन चलाखीले स्तनलाई आकर्षक बनाइएको हुन्छ, त्यसलाई हाम्रो सामाजिक जीवनमा व्यवहारमा उतार्न पनि सजिलो छैन । सानो स्तन हुँदैमा यौन क्रियाका लागि आवश्यक संवेदनशीलतामा वा शिशुलाई पछि स्तनपान गराउनमा असक्षम हुने होइन ।

**स्तन ठूलो बनाउने उपाय**

मुख्यत: स्तनको आकारको निर्धारण आन्तरिक रस (हार्मोन) हरूले गर्ने भए पनि व्यायाम तथा पोषणको सकारात्मक प्रभाव पर्छ । विभिन्न किसिमका खाने तथा लगाउने हार्मोनयुक्त औषधी वा पम्प बजारमा उपलब्ध भए पनि त्यसको प्रभावकारिता वा विश्वसनीयता विवादग्रस्त नै छ । कतिपय समाजमा ठूलो आकारको स्तनलाई आकर्षक मानिने भएकाले कतिपय विकसित मुलुकमा शल्यक्रिया (mammoplasty)गरेर स्तनको नाप बढाउने चलन छ । यो निकै खर्चिलो भएको र शल्यक्रिया तथा यसमा प्रयोग गरिने वस्तुहरूको आफ्नै कतिपय नकारात्मक असर देखिएकाले त्यसका वैकल्पिक उपायहरूको अवलम्बनका बारेमा पनि निकै प्रचार गर्न थालिएको छ ।

भाग्यवश स्तन खुला राख्नु नपर्ने अंग भएकाले यसको उभारलाई शल्यक्रिया नै नगरी बढी भएजस्तो देखाउन सकिन्छ । थुनचोली (ब्रा) भित्र कपडा, कपास वा यस्तै कुनै वस्तुको प्रयोग गर्नुबाहेक स्तनलाई माथितिर उचाल्न प्रयोग गरिने साधनहरूले स्तनको वास्तविक आकारमा परिवर्तन नगरे पनि देख्दा स्तन ठूलो भएको भान पर्छ र सुन्दरतामा वृद्धि हुन्छ ।

**स्तन बढाउने औषधी छन् कि ?**

क्रिम प्रयोग गरेर स्तन वा मुन्टोको मालिसले स्तनको आकार बढ्ने कुराको दाबी गरिए पनि यसले 'स्थायी' रूपमा आकार बढ्छ भन्ने कुरा प्रमाणित छैन । यसका लागि विभिन्न रासायनिक औषधीयुक्त वा हार्मोनयुक्त मल्हम प्रयोग गरिन्छ । उत्पादनकर्ताको भनाइमा यस्ता मल्हमले सीधै स्तनको तन्तु तथा कोसमा कार्य गरेर त्यसको वृद्धि गराउँछ र निकै प्रभावकारी भएको दाबी गरिन्छ । निकै दाबी गरिने भए पनि अमेरिकी FDA tyf National Research Center for Women and Families जस्ता संस्थाले यस्ता कुरा प्रमणित हुन बाँकी रहेको बताएको छ ।


## के तपाईंमा यौन सम्बन्धी समस्या छ ?

**पुरुषहरूमा देखिने**

शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।

**महिलाहरूमा देखिने**

सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।

**मानसिक**

निराशा, उदासिपन, मानसिक डर, भय, दिमागको बोधोपन ।

सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२५०३८१, ४२२५५३५

**शाखा कार्यालय**

पोखरा – ०६१–५३९११४ बुटवल – ०७१–५४८८९३
भरतपुर – ०५६–५२०९६८ इटहरी – ०२५–५८४०८८
दाङ – ०८२–५६२९८३ हरिओन सर्लाही – ०४६–५३०४८४
हेटौंडा – ०५७–५२६०४६ सप्तरी, फत्तेपुर – ०३१–५५०११२



सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं



**ब्युटीसियन कोर्स**
नि:शुल्क
नेपाल सरकारबाट मान्यता प्राप्त ।
उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
रोजगारीको ग्यारेण्टी ।
अनुभवी एवं दक्ष प्रशिक्षकहरुद्वारा तालिम दिइने ।
विदेश जानेहरूको लागि Special Class
कोर्स: बेसिक, एडभान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२७९१
चाबहिल चोक, काठमाण्डौ



**तु. आवश्यकता**
हालसालै स्थापित एक प्रतिष्ठित कम्पनीको लागि योग्य मेहनती र दक्ष १०।१५ जना महिला पुरुष कर्मचारी आवश्यकता ।
योग्यता: आइ.ए. वा सो सरह
तलब: आपसी समझदारीमा
आवश्यक कागजात: २ प्रति फोटो, शैक्षिक प्रमाणपत्र, नागरिकताको फोटोकपी
सम्पर्क कार्यालय:
HEALTHY LIFE INT
प्रधान कार्यालय चाबहिल चोक
मो. ९८४५०७७४२९/९८४५०३०३६८



**ग्यारेन्टी उपचार**
100% Gurantee
यौन: शिघ्र स्खलन, यौन सन्तुष्टि नहुने
अनुहार: कालो पोतो, डन्डीफोर, चायाँको उपचारको लागि ।
शारिरिक तौल घटाउने, बढाउने । मधुमेहको उपचार साथै ग्याष्टिक, प्रेसर, बाथ, दम आदि समस्याहरूको समाधान
सावधान! डाक्टरद्वारा जाँच गरेर मात्र औषधि प्रयोग गर्नुहोस ।
महारूद्र आयुर्वेद फार्मेसी
लगनखेल साझाभवन - 2291316
कोटेश्वर - 4601989




LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more ........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service 9841549320



GAS GEYSER
३ सेकेण्डमा पानी तात्ने Rs. 4000/-
2 Years Warranty
25% Discount
Water Filter, Solar, Chimney
Free Home Delivery & Fitting
स्मृति ट्रेडर्स, बबरमहल
Ph: 4244756, 9841344804

## बाटो पत्ता लगाउनुहोस्



### भन्न सक्नुहुन्छ ?

राहुल सात वर्षको भयो । ऊ आफ्नो दाजु रोहितभन्दा चार वर्षले सानो छ । रोहितको उमेरभन्दा उनीहरूका हजुरबुबाको उमेर छ गुणाले बढी छ । अब भन्नुहोस्, राहुल जन्मँदा हजुरबुबाको उमेर कति थियो होला ? त्यसबेला रोहित र हजुरबुबाको उमेरमा कति गुणा फरक थियो ?

## साप्ताहिक कोठेपद

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | २ | | | ३ | | | ४ |
| | ■ | ■ | | ■ | ■ | | ■ | ■ | |
| | ५ | | | | ६ | | | | |
| ७ | | | | ८ | | ९ | | | |
| | | १० | | | | ११ | | | १२ |
| | | १३ | | | | १४ | | | |
| १५ | | १६ | | | १७ | | १८ | | १९ |
| | ■ | २० | | २१ | | | | ■ | |
| | ■ | | ■ | | | ■ | | ■ | |
| | ■ | | ■ | | | ■ | | ■ | |

**दायाँ**

१. .चाँदीको पहाड अर्थ लाग्ने देश (४)
२. शाब्दिक अर्थमा नगरवासी (४)
३. काठमाडौँको टौदहमा बस्ने भनिएको नागहरूका राजा (४)
५. रामकथाको सँगालो (४)
६. अभावग्रस्त समय (४)
७. फूल रोप्ने भाँडा (३)
८. क्षारको उल्टो, एसिड (२)
९. पानी खान नपाउने चरा (४)
१०. प्राचीन भारतीय राष्ट्र (३)
११. गणेशको एक नाम (४)
१३. गणना गर्ने व्यक्ति (३)
१४. चनाको पीठो (३)
१५. ताँती, लाइन (३)
१६. ठूलो ताल, दह (२)
१७. जल (२)
१८. एक किसिमको वाद्ययन्त्र (३)
२०. अनुमान, अन्दाज (२)
२१. महाभारतकालीन राष्ट्र (३)

**तल**

१. मोह, माया (४)
२. दैलेखको नगरपालिका (४)
३. आँखाको नानी (४)
४. जरामा फल्ने फल विशेष (४)
५. अचुक, खेर नजाने अर्थमा (४)
६. पेटमा हुने वायुविकार (४)
७. निरन्तर चलायमान (४)
८. आधा काँचो, आधा पाकेको (४)
९. कालीगण्डकी र काग खोलाको संगम (४)
१०. नेपालका एक आदिवासी (३)
१२. भित्र पसेको पेट (४)
१३. विष (३)
१५. ज्यादै थोरै परिणाम, अल्पमात्रा (४)
१७. पाँच देवदेवीको समूह (४)
१८. सँगसँगै पढेका (४)
१९. आवश्यकता, खाँचो (४)
२०. नून (३)
२१. अनुकूल, काम गर्न सजिलो (३)

## पत्याउनु हुन्छ ?



१३ औं शताब्दीमा युरोपको इब्रेला हाल स्पेनका महिलाहरूले खुट्टामा गुलियो पदार्थ दलेर हमिङ बर्डलाई चुस्न लगाई रौं उखेल्थे ।



पहिलो पटक महिला स्खलित हुँदा उनीहरूको पैतलाको तापक्रम ७ डिग्री कम हुन्छ ।

अन्धा मनिसहरू चेस खेल्दा विशेष किसिमको घन्टी प्रयोग गर्छन् ।





उत्तर कोरियाको कूटनैतिक नियोगमा कार्यरत दुई जना कर्मचारीलाई स्वीडेनको भन्सार अधिकारीहरूले हालै पक्राउ गरे । उनीहरू रूसको बाटो हुँदै २ लाख ३० हजार खिल्ली चुरोट तस्करी गरेको आरोपमा पक्राउ परेका थिए ।

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी



# सुगम संगीतका सारथी





**पहिलो खण्ड**

घरमा पानी चुहिँदा ओभानो ठाउँ खोज्दै गुन्द्रीमा रात काटेको अनुभव सँगालेका सूर्यकुमार खाती स्वीट्जरल्यान्डस्थित पाँचतारे होटलमा पनि सुतेका छन् । फरक यति हो, स्वीट्जरल्यान्डको पाँचतारे होटलमा सुत्दा उनको परिचय संगीतकार आलोकश्रीको थियो ।

आलोकश्री यस्ता पात्र हुन्, जसले मेहनत र आत्मविश्वासकै कारण आफ्नो पहिचानलाई करोडौं नेपालीका माझ परिचित गराएका छन् । गोरखाको आँपपीपलमा पहिलो पटक आँखा उघारेका आलोकश्री जम्बो परिवारका सदस्य थिए ।

'बुबाहरू चार दाजुभाइ तथा चार दिदीबहिनी हुनुहुन्थ्यो' आलोकश्री भन्छन्- 'त्यसमा पनि हाम्रा बा-आमाका पाँच सन्तान थपिएपछि परिवारको साइज झन्डै दुई दर्जन पुगेको थियो ।' 'आम्दानी भए पनि खर्च धेरै हुने भएकाले घर चलाउन मुस्किल हुन्थ्यो,' उनी सम्झन्छन्- 'कक्षा ८ मा पुगेपछि म पनि मेलापातमा व्यस्त हुन थालिसकेको थिएँ ।' यसरी बिहान-बिहान गरेको कामबाट आउने २-३ रुपैयाँ जम्मा गरेर उनी महिनामा ५० रुपैयाँ पुऱ्याउँथे, जुन विद्यालय शुल्क तथा कापी किताबमा खर्च हुन्थ्यो ।

अध्ययन पहिलो प्राथमिकतामा रहे पनि धेरै कुरामा रुचि राख्ने आलोक ०३८ सालतिर रेडियोका पारखी भैसकेका थिए । 'रेडियो बजेको थाहा पाउनेबित्तिकै मेरा पाइला टक्क रोकिन्थे ।' उनी भन्छन्- 'रेडियोबाट आउने आवाजले मलाई यति अचम्मित तुल्याउँथ्यो कि कसरी मानिस यति सानो भाँडोभित्र अटाएका होलान् । यसबीच कसैले उल्याइदियो, रेडियोभित्र कलाकार हुन्छन् भनेर, बाले दुःख गरेर जोडेको ट्रान्जिस्टर भताभुङ्ग हुने गरी खोलेर हेरें, सयौं तार गुजुल्टिएर बसेको देखेपछि कलाकार नपाएको पीडामा डाँको छोडेर रोएँ ।

विद्यालयमा उनी अध्ययनका अतिरिक्त अन्य क्रियाकलापमा पनि सहभागी हुन्थे । एकातर्फ गाउँघरको रोदी र अर्कातर्फ रेडियोको प्रभावका कारण हुनसक्छ, उनी आफैं लोकधुन सिर्जना गरेर टुक्का मिलाई-मिलाई गाउँथे । आफैंले रचेका शब्दमा लय हालेर चौतारीमा बसी भाका हालेको क्षण उनी अझै सम्झन्छन् । चौतारीमा एक्लै बसेर रेडियोमा फर्माइस गरेको नक्कल उतार्दै गाइरहेकै क्षणमा एक दिन कक्षा शिक्षकले देखेछन् । भोलिपल्ट उनले साथीभाइमाझ गाउनुपर्ने भयो, तर अगाडि गएपछि कामेर गाउनै सकेनन् ।

घरको जेठो सन्तानका रूपमा जन्मिएका आलोकश्री अपरिपक्व उमेरमै दायित्वबोध गरेर जिम्मेवार बन्ने अभ्यास गरिरहेका थिए । कल्पनामै सही, उनले काठमाडौं पुगेको, रेडियो नेपालमा गएको अनि आफ्नो भावना रेडियोमार्फत मुखरित भएको थुप्रै सपना देखे ।

८ कक्षाबाट ९ कक्षामा जाने बेलामा गाउँमा एउटा विवाह हुन गयो, जसको जन्ती बेहुली लिन राजधानी जाँदै थियो । उनी जन्ती बन्न सफल भए । हजुरआमाको साथमा जन्ती आएका आलोकश्री विवाहघर जावलाखेलबाट रेडियो नेपाल खोज्दै सबेरै हिंडे । १० बजे सिंहदरबार अगाडिको मूल गेट आइपुगेका उनले दुई बजेपछि मात्र त्यहाँ जान पाइने कुरा थाहा पाए । दुई बजे छिर्ने बेलामा गेटमा देखिएको भीडमा आलोकश्रीलाई यी सबै रेडियो नेपालका कलाकार हुन भन्ने लाग्यो । रेडियो नेपाल पुगेपछि अवलोकन महाशाखा हेरेर उनी सुटुक्क रेकर्डिङ स्टुडियो छिरे । साढे २ देखि साढे पाँच बजेसम्म स्टुडियोमा बसेर रेकर्डिङ हेरेपछि उनी त्यहाँबाट बाहिरिए ।

'झमक्क साँझ परेको थियो, भोक-प्यासले आलस-तालस भएको थिएँ,' उनले सम्झिए- 'सिंहदरबारबाट बाहिरिएपछि म हराएँ । सोध्दै-सोध्दै राति १० बजे म जावलाखेल पुगें ।' त्यसपछि उनमा संगीतको चस्का यति बढ्यो कि अब संगीतबिनाको जीवन अपूरो हुने विश्लेषण उनले गरे । रेडियो नेपाल पुगेको त्यो क्षण उनका निम्ति अविस्मरणीय क्षण बन्यो, त्यसैले एक महिनासम्म उनले गाउँले साथीहरूलाई रेडियो नेपालका बारेमा गफ दिइरहे ।

नमेटिने गरी पसेको संगीतको तिर्सनाका कारण उनले गीतलेखनमा आफूलाई अभ्यस्त बनाउन थाले । आफैं गीत लेख्यो, भाका मिलाएर लय हाल्यो अनि रेडियोको फर्माइस कार्यक्रमझैं फलानोको शब्द-संगीतमा फलानोको स्वर भन्यो अनि गाउन थालिहाल्यो, उनले हाँस्दै भने- 'म एक प्रकारले पागल भैसकेको थिएँ ।'

एसएलसी उत्तीर्ण भएलगत्तै आमाले कुखुरा बेचेर दिएको २० रुपैयाँ खल्तीमा राखेर उनी काठमाडौं आए । ०४४ सालको कुरा हो यो, गीतको ठूलो डायरी बोकेर उनी फेरि रेडियो नेपाल पुगे । त्यसबेला उनलाई आफूजस्तो कलाकार रेडियो नेपालले खोजिरहेको छ भन्ने भ्रम पनि थियो ।

आफन्त अंकलको घरमा बसेर पुस्तक पसलमा काम गरे पनि संगीतको नशाले उनलाई छाडेको थिएन । स्टेसनरी पसलमा सामान ल्याउने तथा सप्लाइ गर्ने क्रममै उनले स्कुलमा टिचिङ पनि सुरु गरे । संगीतकारहरूले आफ्नो गीतको अवमूल्यन गरेको देखेपछि उनमा संगीतकार बन्ने जोस चढ्यो । 'गीत रेकर्डका क्रममा गीत छनौटदेखि गायकलाई पनि आफूले भनेजसरी नै गीत गाउन कमान्ड गर्ने संगीतकार पो ठूलो मानिस रहेछ जस्तो लाग्यो ।' उनले भने- 'त्यसपछि स्कुलबाट एडभान्स लिएर १ हजार ६ सयमा सेकेन्डह्यान्ड हार्मोनियम किनेर ल्याएँ ।'

त्यसपछि फुर्सदको क्षणमा हार्मोनियममा औंला चलाउन थालिहाल्ने आलोकश्री स्व-अध्ययनबाटै सारेगममा पोख्त बन्न सफल भए । अभ्यास गर्दै जाँदा नयाँ-नयाँ कम्पोजिसन तयार हुँदा उनमा संगीतकार बन्ने भूत चढ्यो । त्यसपछि फेरि उनी रेडियो नेपाल धाउन थाले । रेडियो नेपालमा भेटिने सबै गायकलाई मेरो गीत गाइदेऊ भन्दा कसैले नपत्याएको त्यो समय पनि उनका निम्ति पिडादायी थियो । दुई वर्ष निरन्तर संगीत साधना गरेर तयार पारेका थुप्रै गीत बोकेर हिँड्दा कसैले नपत्याइरहेका बेला एक गायकले १ हजार रुपैयाँ दिने भए गाइदिने बताए, तर उनले पैसा मात्र खाए, गीत गाएनन् । उनको संघर्ष देखेर गायक पूर्ण परियारले 'तिमीदेखि टाढा भए पनि तिम्रो याद आउँछ' गीत गाइदिए । पप प्याटर्नको यो गीत त्यसबेला खुब हिट भयो । गायकले हजार रुपैयाँ खाइदिएकै समय म कामज्वरोले यति थलिएँ कि त्यसकै कारण दाँतै भाँचियो, उनले बिर्सनलायक त्यो समय सम्झँदै भने, 'अहिले सम्झँदा नराम्रो सपना देखेजस्तो अनुभूति हुन्छ ।' रेडियो नेपालबाट पहिलो पटक यो गीत बजेको दिन उनलाई रातभर निद्रा लागेन ।

रेडियो नेपालमा गीत रेकर्ड गराउन सफल भएपछि उनले पहिलो चरणको सफलता पाएको अनुभूति गरे । त्यसपछि लगातार चार वर्ष अध्ययन-अध्यापनको संसारमा हराए । स्नातकोत्तर पूरा गरेपछि उनी पूर्णकालीन रूपमा संगीतको क्षेत्रमा फर्कने योजनामा पुगे ।

**दोस्रो खण्ड**

'बिहान उठ्नेबित्तिकै हिमाल देख्न पाइयोस्,' कालिप्रसाद रिजालले सिर्जना गरेको यो कविता मधुपर्कमा छापिएको देखेपछि त्यो गीतलाई कम्पोज गरेर उनले रामकृष्ण ढकालबाट स्वरबद्ध गराए । त्यसपछि रामकृष्णलाइ लिएर उनी रिजालको घर पुगे । गीत सुनेपछि रिजाल दंग परे । नारायणगोपालको निधनपछि गायनक्षेत्रबाट टाढिएका रिजाललाई फेरि सांगीतिक संसारमा तान्न उनीहरू सफल भए । शिक्षक भएर काम गरिरहेकै समयमा उनले केही साथीसँगको सहकार्यमा गोदावरीको बाँडेगाउँमा किङ्डम स्टार हाइस्कुल स्थापना गरे । सहरसँगै जोडिएको ग्रामीण क्षेत्रको त्यो भेगमा राम्रो विद्यालयको खाँचोलाई यो स्कुलले परिपूर्ति गऱ्यो । संगीतले नाम दिए पनि उनलाई दाम दिने काममा उक्त विद्यालयको भूमिका महत्त्वपूर्ण बन्यो । उनले त्यही मौकामा एकल गीतिसंग्रह 'छायाँ' तयार पारे । जसमा समावेश सबै गीत लोकप्रिय भए । उक्त संग्रहबाटै उनको परिचय सूर्यकुमार खातीबाट आलोकश्री बन्यो । आलोकश्रीमा परिणत भएको उनको परिचय पनि यति फलिफाप भयो कि त्यसयता उनी निरन्तर सफलताको यात्रा तय गरिरहेका छन् ।

छायाँपछि आलोकश्रीको एकल संगीतमा ०५७ मा 'हिउँचुली', ०५७ मै 'लय' गीतिसंग्रह आए । यी दुवै संग्रह सुपरहिट भएपछि आलोकश्रीको पहिचान अझ बलियो भयो । त्यसपछि उनले २५ वर्षपछि उदितनारायण झालाई सुगम संगीतमा श्रोतामाझ ल्याए । २०५९ मा श्रोतामाझ आएको उपहार शीर्षकको यो गीतिसंग्रहले नेपाली सुगम संगीतमा थुप्रै रेकर्ड कायम गऱ्यो । उपहारपछि २०६१ मा टुनामुना गीतिसंग्रह बजारमा आयो । शब्द, संगीत उनकै रहेको यो संग्रहका सबै गीतले स्रोताको मन जिते । राजेशपायलको स्वरको 'नौजाले मायाले' यही गीतिसंग्रहको गीत थियो ।

२०६३ मा जेबी संयोगीको शब्द तथा आलोकश्रीको संगीतमा भारतीय गजल सम्राट् जगजीत सिंहको स्वरको गजल-संग्रह 'संयोग' बजारमा आयो । संयोगपछि उनकै संगीतमा २०६३ मा 'राष्ट्रियता' २०६५ मा एसपी कोइरालाको एकल शब्दमा 'उपमा' र २०६६ मा विकास राणा र सुष्मा राणाको स्वरको 'लुकेर लाएको माया', २०६६ मै रूपक डोटेलको एकल स्वरमा 'उमङ्ग' गीतिसंग्रह श्रोतामाझ आए । '२०४६ सालदेखि प्रारम्भ भएको मेरो सांगीतिक यात्रा अहिलेसम्म सुखद छ,' आलोकश्री भन्छन्- 'भर्खरै बजारमा आएका गीतिसंग्रहहरू 'लुकेर लाएको माया' र 'उमङ्ग' ले पनि सफलता पाउनुले मेरा सबै मेहनतको श्रोताले कदर गरेको अनुभव गरेको छु ।'

आलोकश्री यतिखेर सातामा न्यूनतम् १० वटा गीतमा संगीत भर्छन् । आलोकश्री भन्छन्- 'एउटा गीतको न्यूनतम ३५ हजार रुपैयाँ लिन्छु ।' संघर्षकै क्रममा ०४८ सालमा मागी विवाह गरेका आलोकश्रीकी छोरी कक्षा १२ मा र छोरा कक्षा १० मा अध्ययनरत छन् ।

**अर्को पाटो**

जीवनयात्राका क्रममा यतिखेर आलोकश्री फरक सोच राख्न थालेका छन् । नेपाली लोक फ्लेभरलाई सुगम संगीतमा ढाल्न सफल यी संगीतकार सांगीतिक यात्राको एउटा उचाइ प्राप्त गरिसकेपछि सामाजिक सेवाको योजना बुन्न तल्लीन छन् । 'मानिस सगरमाथा चढ्छ, विश्व देख्छ, विश्वकै अग्लो स्थानमा पुगेको गर्व अनुभूत गर्छ, अनि लुरुलुरु तल झर्छ,' शिखरमा एक्लै पुगे पनि बस्ने मन गरे पनि आखिरमा बेसक्याम्प झर्नैपर्छ,' दार्शनिक शैलीमा आफ्नो लोकप्रियतालाई विश्लेषण गर्दै यी ३८ वर्षीय संगीतकारले भने- 'किनभने उसका सबै आफन्त बेसक्याम्पमै हुन्छन्, मैले पनि सगरमाथा चढिसकेपछि आफ्नो भूमिकामा सीमितता ल्याउनैपर्छ । जहाँ मेरा आफन्त हुन्छन् ।' जीवनको अबको यात्रा पूर्ण रूपमा सामाजिक उत्तरदायित्व वहन गर्न खर्चिनुपर्छ भन्ने भावनाकै कारण गोरखामा विश्वविद्यालय स्थापना गर्ने लक्ष्यका साथ उनी अघि बढेका छन् ।

– विदुर खतिवडा

## सफलताको सूत्र


- धैर्य हुनु आवश्यक छ, धैर्यताले समयलाई चिन्न सिकाउँछ ।
- आफ्नो कामप्रति प्रतिबद्धता तथा इमान्दारिताका साथै निष्ठावान हुनु आवश्यक छ ।
- काम गर्ने सन्दर्भमा जुन अठोट लिइएको हुन्छ, त्यसरी नै काम सम्पन्न गर्ने खुबी पनि हुनुपर्छ ।
- अनुभवका आधारमा गलत र सही छुट्याएर गलत कुरा त्याग्न सक्ने तथा सही कुरालाई अझ परिष्कृत गर्दै जाने खुबी हुनुपर्छ ।
- छोटो लोकप्रियतामा मख्ख परेर त्यसकै पछाडि दौडनुहुँदैन । त्यस्तै आफ्नो कामको राम्रो वा नराम्रो प्रतिक्रियालाई सहर्ष स्वीकार गर्नुपर्छ ।
- आफू भलो त जगतै भलो भन्ने उखानको आधारमा सबैसँग राम्रो व्यवहार गर्न जान्नुपर्छ । हेराइ र सोचाइ सुन्दर हुनुपर्छ, सुन्दर सोचबाट नै सुन्दर संसार देख्न सकिन्छ ।
- जिद्दी हुनु आवश्यक छ, तर जिद्दी सही कुराका निम्ति हुनुपर्छ ।

# सुन्दरीहरूको भीडमा खेलाडी



मिस वर्ल्ड प्रतियोगितामा यसपटक सहभागी भएका सुन्दरीहरूमध्ये चार जना खेलकुदको पृष्ठभूमिबाट आएका छन् । आयोजकहरूका अनुसार मिस वर्ल्ड प्रतियोगिताको इतिहासमा खेलकुदको पृष्ठभूमिबाट आएका सुन्दरीहरूले यति धेरै सहभागिता जनाएको यो पहिलो अवसर हो । दक्षिण अफ्रिकाको जोहन्सबर्गमा हुन लागेको ५९ औं मिस वर्ल्ड प्रतियोगितामा सहभागी सुन्दरीहरूमध्ये जापानका तर्फबाट सहभागिता जनाएकी इरुजा सासाकी, मिस केन्या फिनोना कोन्चेल्हा, मिस बोस्निया एन्ड हर्जगोभिना एन्ड्रिया साराक तथा मिस इङ्ल्यान्ड राचेल क्रिस्टीको पृष्ठभूमि खेलकुद हो ।


मिस बोस्निया एन्ड हर्जगोभिना एन्ड्रिया साराक कराँतेका ब्ल्याक बेल्ट खेलाडी हुन् भन्दा मिस वर्ल्डमा सहभागी हुन आएका सुन्दरीहरूसमेत छक्क परेका थिए । नौ वर्षदेखि कराँते खेल्दै आएकी एन्ड्रेसले राष्ट्रिय स्तरमा ४० भन्दा बढी प्रतियोगितामा स्वर्ण पदक जितेकी छिन् । मिस केन्या फियोनालाई सम्झना भएदेखि नै उनले पौडी खेल्न थालेकी हुन् । पौडीमा केन्याकी राष्ट्रिय खेलाडी फियोनाले अन्तर्राष्ट्रिय क्षेत्रमा भने सफलता हात पार्न सकेकी छैनन् । उनको लक्ष्य अन्तर्राष्ट्रिय पौडी प्रतियोगितामा सफलता पाउनेछ । मिस केन्या हुनुअघि पौडी खेलाडीका रूपमा केन्यामा परिचित फियोनाले मिस वर्ल्डमार्फत् आफ्नो अर्को छवि देखाउने अवसर प्राप्त गरेकी छिन् । फियोना मिस वर्ल्ड प्रतियोगिताको मिस वर्ल्ड स्पोर्ट्स फाइनलमा आफूमा भएको खेलकला देखाएर आफ्नो छविलाई अन्तर्राष्ट्रिय करण गर्ने सोचमा छिन् ।



भविष्यमा खेल पत्रकार बन्ने लक्ष्य राखेकी मिस जापान इरुजा सासाकी एथलेटिक्सकी प्रतिभावान् खेलाडी हुन् । उनले १५ वर्षको उमेरमै हाईजम्पको राष्ट्रिय प्रतियोगिता जितेकी थिइन् । ५ फिट ८ इन्च अग्ली सासाकीले यो सफलता हात पारेपछि उनी 'स्पाइडर वुमेन' को नामले परिचित भएकी थिइन् । हाल जापानको वुमेन कलेज अफ फिजिकल एजुकेसनमा अध्ययनरत २१ वर्षकी सासाकी मिस वर्ल्ड स्पोर्ट्स फाइनलमा आफ्नो खेल कला देखाएर अन्य देशका सुन्दरीहरूलाई मोहित गर्ने सोचमा छिन् ।

मिस इङ्ल्यान्ड घोषित राचेल क्रिस्टी इङ्ल्यान्डका चर्चित धावक लिनफोर्ड क्रिस्टीकी भतिजी हुन् । जमैकाबाट आएकी क्रिस्टी परिवारका अधिकांश सदस्य खेलकुद क्षेत्रमा लागेका कारण उनले पनि एथलेटिक्सलाई नै रोजेकी थिइन् । राचेलका बाबु पनि एथलेटिक्सका खेलाडी थिए । लागूपदार्थ तस्करहरूसँगको भिडन्तमा उनको निधन भएपछि राचेलले लिनफोर्डमार्फत एथलेटिक्सको प्रशिक्षण लिएकी थिइन् । हेप्टाथलनकी खेलाडी राचेलको योजना आगामी ओलम्पिक प्रतियोगितामा इङ्ल्यान्डका तर्फबाट सहभागिता गर्नु नै हो ।

हेप्टाथलन र ४ सय मिटर दौडकी खेलाडी राचेल इङ्ल्यान्डमा भएको राष्ट्रिय प्रतियोगितामा सफलता पाएपछि आगामी ओलम्पिक प्रतियोगितामा इङ्ल्यान्डको टिममा पर्ने तयारीमा जुटेकी थिइन् । राचेल भन्छिन्- राष्ट्रिय स्तरको प्रतियोगितामा सफलता पाएपछि ओलम्पिकमा सहभागिताका लागि नियमित तयारी गरिरहेकी थिएँ । मिस इङ्ल्यान्ड प्रतियोगितामा सहभागी भए पनि सातामा ६ दिन एथलेटिक्सको प्रशिक्षण गरिरहेकी थिएँ । एथलेटिक्सकी खेलाडी राचेलले सुन्दरीहरूको प्रतिस्पर्धामा समेत सफलता हात पारेर आफ्नो छविलाई ग्ल्यामरस मात्र बनाइनन्, उनी काला जातिका तर्फबाट मिस इङ्ल्यान्ड हुने पहिलो महिलासमेत बनिन् । दुर्भाग्य नै भनौं, आफ्ना प्रेमीसँग म्यानचेस्टरको नाइट क्लबमा मस्ती गरिरहँदा उनको अर्की सुन्दरीसँग झगडा भयो । उक्त नाइट क्लबमा मिस म्यानचेस्टर सारा बेभर्ली जोन्स पनि आएकी थिइन् । जोन्सले अश्लील एसएमएस देखाएपछि राचेल र साराबीच झगडा भएको थियो । उक्त घटना साम्य पार्न प्रहरी आएको थियो । राचेलले आफ्नो उपाधिअनुरूप काम नगरेको ब्रिटिस सञ्चार-माध्यमले जनाउन थालेपछि मिस वर्ल्ड आयोजक समितिले हालै उनको उपाधि खोसेर ब्रिटिस सेनामा कार्यरत क्याथरिन होगलाई नयाँ मिस इङ्ल्यान्डको घोषणा गरेर जोहन्सबर्ग बोलाएको छ । ब्रिटिस सेनाको बटालिनमा अफगानिस्तान जाने सूचीमा परेकी क्याथरिनले भने आफूले सैनिक ड्युटी नछोड्ने कुरा बताएकी छिन् ।







## ५ प्रश्न

लगातार चार पटक मिस्टर हङकङ नेपालमा सहभागिता जनाएका शम्भु तामाङले तीनपटक शीर्ष उपाधि हात पारेका छन्। सन् २००६ मा मिस्टर हङकङ नेपाल बनेका तामाङ गत वर्ष दोस्रो स्थानमै रोकिए। यसपटक भने अघिल्लो वर्षका विजेता लोकेन्द्र परियारलाई पछि पार्दै दोस्रो पटक उनी शीर्ष उपाधिको हकदार बने। काठमाडौं सुविधानगरनिवासी ३१ वर्षीय तामाङले करिब ११ वर्षअघि व्यायाम सुरु गरेका हुन्। सफलताबाट निकै हौसिएका तामाङ अब स्थानीय चिनियाँहरूसमेतको सहभागिता रहने शारीरिक सुगठन प्रतियोगिता मिस्टर हङकङमा भिड्ने बताउँछन्।

**'मिस्टर हङकङ नेपाल' बन्नेमा कत्तिको विश्वस्त हुनुहुन्थ्यो ?**

आफूले जितेको उपाधि गुमाउनुपर्दा निकै पिडा हुँदो रहेछ । गत वर्ष दोस्रो स्थानमै चित्त बुझाउनुपरेपछि अब आउने प्रतिस्पर्धा जित्नैपर्छ भन्ने उद्देश्यले कडा परिश्रम गरेको थिएँ । पहिलेको अनुभवसमेत भएकाले जित्छु नै भन्ने आत्मविश्वास थियो ।

**अघिल्ला प्रतियोगिताहरूको तुलनामा यसपटक बढी चर्चा भयो नि ? कस्तो अनुभव भएको छ ?**

हो, यसपटकको प्रतियोगितामा गत वर्षको विजेतासहित तीन शीर्ष उपाधि जितिसकेका खेलाडी सहभागी थिए । पुरस्कारको नगद रकमसमेत अहिलेसम्मकै बढी थियो । यसबाहेक धर्मश्री विजेता सानु गुरुङ प्रशिक्षक रहेकाले समेत प्रतियोगिताले थप



चर्चा पायो ।

**पूर्वविजेतालाई हराउँदा कस्तो अनुभव भएको छ ?**

निकै गर्व लागेको छ । हारपछि पनि साथीभाइको हौसला मेरा लागि ऊर्जा बन्यो । मेरो लक्ष्य गुमेको उपाधि पुनः हात पार्नु थियो । सोहीअनुरूपको फल पाएँ, खुसी छु ।

**तपाईंको जस्तै जीउ बनाउन युवाहरूलाई के सुझाव दिनुहुन्छ ?**

व्यायाम र आवश्यक खुराकको उचित तालमेल मिल्नुपर्छ। धेरै खाएर र बढी समय व्यायाम गरेर मात्र ज्यान बन्ने होइन । मात्रा मिलाएर खानु राम्रो हुने मेरो अनुभव छ। उचित आराम पनि उत्तिकै जरुरी छ ।

**मिस्टर हङकङमा सहभागिता जनाउने भन्नुभयो । सफलता मिल्नेमा कत्तिको विश्वस्त हुनुहुन्छ ?**

उक्त प्रतियोगितामा एसियामै उत्कृष्ट दरिएका बडी बिल्डरहरूको सहभागिता रहने हुनाले त्यत्ति सजिलो छैन, तर गत वर्ष सानु गुरुङको सफलताले अन्य नेपाली खेलाडीहरूलाई समेत हौसला मिलेको छ । राम्रो तयारीका साथ भिडे असम्भव छैन ।

**-निर्मल श्रेष्ठ**

# प्रेसिडेन्टकप क्रिकेटमा आरतीको ह्याट्रिक




**कमल रिमाल**

विराटनगर- प्रेसिडेन्ट कप सुपर-८ क्रिकेट टुर्नामेन्टमा आरती स्ट्रिपले ह्याट्रिक गरेको छ । गएको शनिबार विराटनगरमा सम्पन्न फाइनलको विजेता हुँदै आरतीले लगातार तेस्रो वर्ष पनि कप हात पारेको हो । फाइनलमा मारुती ग्याँस उद्योगलाई आरतीले ६ विकेटले हरायो ।

विराटनगर जेसिजले आयोजना गरेको उक्त प्रतियोगितामा टस जिती व्याटिङ रोजेको मारुतीले पहिले ८ ओभरको खेलमा ४ विकेट गुमाउँदै ६७ रन बनाएको थियो, जसका लागि दिवस सुवेदीले १८ र दीपक साहले १४ रनको योगदान गरेका थिए । त्यस्तै बलिङतर्फ आरतीका रोहित शर्मा २ र मनोजले १ विकेट लिएका थिए । ६८ रनको विजयी लक्ष्य लिई मैदानमा उत्रिएको आरतीले ४ विकेटको क्षतिमा विजयी भएको हो । आरतीका लागि रोहित शर्माले २७ र दीप सिंहले १५ रनको योगदान दिए । बलिङतर्फ मारुतीका दीपक साहले २ विकेट लिएका थिए । कुमारी बैंकलाई ७६ रनले जितेर सेमिफाइनल र भन्सार एजेन्टलाई २० रनले जित्दै आरती फाइनलमा पुगेको थियो । हिमालय बैंकलाई ६ रनले जितेर सेमिफाइनल र नविल बैंकलाई पनि ६ रनले नै जितेर मारुती फाइनलमा पुगेको थियो । प्रतियोगितामा नविल बैंक, कुमारी बैंक, एसबीआई बैंक, वर्डलिंक, विराटनगर भन्सार एजेन्ट संघ, आरती स्ट्रिप तथा मारुती ग्याँस उद्योगको सहभागिता थियो ।


## साप्ताहिक Classified Advertisement

### रोजगार

US Company कोलागि Basic Internet जानेका १३ कर्मचारी मासिक ११,५००, २०७२५४५, ९८४१४९३०२६, ९८०३०७५९८१ चाबहिल

US Organization कोलागि Basic Computer जानेका १५ कर्मचारी तलब ११,००० । ९८४१४५९७५३, ९८४१९२८३७७ चाबहिल

Basic Computer जानेका व्यक्तिहरुको आवश्यकता तलब ७०००, ९८४१८४६८४६, ९८०३९५६०६४

जर्मनीकोलागि SLC/+2 pass Aupair girls ELT Centre 9841056886

नयाँ अफिसकोलागि विभिन्न पदमा कर्मचारी कलंकी ९८४१३८५०११

अफिसको लागि कर्मचारी ९७४११४६७२१

अगरबत्ती खेलौना बनाउनेमा रोजगार १०,०००, काम घरैमा ९७४११४८०५४ गौशाला

### सम्पर्क

चलिरहेको पार्लर विक्रमा सम्पर्क ९८४९१५०२६४, ४२३२१९४ जमल

कपाल स्ट्रेटमा ग्यारेन्टी ९८४९१५०२६४, ४२३२१९४, धरान्ज जुन ब्युटी होम, जमल

### उपचार

महिलाहरुको लागि घरमा बसीबसी ८००० कमाउने अवसर निशुल्क व्युटिसियन तालिम, रोजगारको अवसर साथै विदेश जानेहरुकोलागि स्पेशल कक्षा सञ्चालन भइरहेको छ, (LWBTC) ९७२१४५६८४९, ९८४१६८७८४६

### तालिम

100% मोटोपन घटाउन बढाउन ९८४९०५११६१

सर्वाधिक विश्वासिलो डाक्टरद्वारा मधुमेह, बाथ, युरिकएसिड, पाइल्स, टन्सिल, Sexual सम्बन्धी ग्यारेन्टी, किर्तिपुर, ९८४९०५११६१

कपाल झर्नबाट रोक्न, दुबी, डन्डीफोर, दाग, चायापोतो 100% सफाचट, ९८४१९८१९७६

लिङ्गको साइज तथा यौनशक्ति बढाउन, स्तन घटाउन बढाउन, गुप्ताङ्ग टाइट गर्न, ९८४१९८१९७६, ९८४९०५११६१

# खराव इतिहास नयाँ जोश

हिमेशरत्न बज्राचार्य



काठमाडौं- खेलकुदमा यस्ता केही तगारो हुन्छन्, जसले सधैं दुःख दिन्छन्। नेपाली फुटबलका लागि यस्तै तगारो हुने गरेको छ, साफ च्याम्पियनसिप फुटबल। दक्षिण एसियाली देशबीचको सर्वाधिक ठूलो प्रतियोगितामा नेपालको प्रदर्शन विरलै राम्रो हुने गरेको छ। अन्तर्राष्ट्रिय स्तरमै खास-खास प्रतियोगिता कुनै खेलाडीका लागि फाप्दैन।

साफ च्याम्पियनसिप पनि नेपालका लागि फाप्ने गरेको छैन। बरु नेपालले दक्षिण एसियाली स्तरका अन्य प्रतियोगिता अथवा एएफसी च्यालेञ्जकपमै राम्रो खेलेको छ, साफमा सकेको छैन। काठमाडौंमा भएको पहिलो संस्करणको साफ च्याम्पियनसिपयतै नेपालको विर्सनलायक यात्रा सुरु भएको हो, त्यो अहिलेसम्म पनि कायम छ।

घरेलु मैदानमा सन् १९९७ मा भएको प्रतियोगितामा नेपालले ठूलो अपेक्षाका विपरित खराव प्रदर्शन गर्‍यो। त्यसपछिका चार संस्करणमध्ये नेपाल एकपल्ट मात्र सेमिफाइनलमा पुगेको छ। त्यसबाहेक प्रत्येकपल्ट नेपालको चुनौती लिग चरणमै समाप्त हुन गरेको छ। जस्तो काठमाडौंमा लिग चरणमा नेपाल पाकिस्तान र श्रीलंकासँग पराजित भयो।

त्यसपछि नेपाल एकपल्ट सेमिफाइनल पुगेको भने सन् १९९९ मा भारतको गोवामा भएको प्रतियोगितामा मात्र हो। त्यसयता सन् २००३ मा ढाका, सन् २००५ मा पाकिस्तानको कराँची तथा सन् २००८ मा माल्दिभ्सको मालेमा नेपालको चुनौती अन्तिम आठसम्म पनि पुगेन। प्रत्येकपल्ट ठूलो अपेक्षा तुहिने गरेको छ।

यसपल्ट पनि नेपाल 'ग्रुप अफ डेथ' मा परेको छ। नेपालको समूहमा डिफेन्डिङ च्याम्पियन माल्दिभ्ससँगै भारत र अफगानिस्तान छन्। डिसेम्बर ५ को पहिलो खेलमा नेपालले माल्दिभ्सको सामना गर्नेछ। त्यसपछि ७ मा भारत र ९ मा अफगानिस्तानको सामना गर्नेछ। 'साफ च्याम्पियनसिप नेपाललाई नफापेको कुरा सत्य हो,' प्रशिक्षक कृष्ण थापा पनि मान्छन्।

'यसपल्ट पनि हामी राम्रो नतिजाको दाबी गर्छौं' उनले थपे, 'फुटबलमा सधैं सफलता हात पर्छ भन्ने छैन। ढाकामा पनि सुधारिएको प्रदर्शन गर्ने हो भने मैले फेरि राष्ट्रिय टिम सम्हाल्नेछैन। यो राष्ट्रिय प्रतियोगिताका लागि मेरो अन्तिम प्रतियोगिता हुनेछ।' यस्तोमा प्रशिक्षक थापाको योजना के छन् त ?

'हाम्रो प्रारम्भिक लक्ष्य सेमिफाइनल पुग्नु हुनेछ। त्यसका लागि माल्दिभ्स र भारतलाई बराबरीमा रोक्नु र अफगानिस्तानलाई हराउनु हुनेछ। यस्तो नतिजा सम्भव छ,' उनले भने। नेपाली टिमका लागि ठूलो राहतका रूपमा भारतले युवा टिम पठाउने निर्णय हुनेछ। ढाका जाने भारतीय टिम यू-२३ हुनेछ। नेपाल भारतीय युवा टिमलाई हराउनेमा ढुक्क देखिन्छ।

'हाम्रा दुई स्ट्राइकर अनिल गुरुङ र जुमानु राई पनि राम्रो लय तथा समन्वयमा देखिएका छन्,' सहायक प्रशिक्षक उपेन्द्रमान सिंह मान्छन्, 'अनिल भारतीय आईलिगमा खेलेयता उत्साहित छन्। जुमानु पनि भर्खरै माल्दिभ्समा खेलेर फर्किएका हुन्। हाम्रो सफलता धेरै अर्थमा उनीहरूमा टिक्नेछ। टिमका अन्य पक्ष पनि राम्रो मान्न सकिन्छ।'

**अन्तिम २० को सूची**

प्रशिक्षक थापाले अन्तिम २० खेलाडी सूचीको तय गरेको छ। घोषित टिमका गोलरक्षकमा विकास मल्ल र रितेश थापा तथा डिफेन्डरमा राकेश श्रेष्ठ, सागर थापा, विराज महर्जन, अञ्जन केसी, रविन श्रेष्ठ, रोहित चन्द र चुनबहादुर थापा छन्। यस्तै मिडफिल्डरमा राजु तामाङ, सन्दीप राई, विजय गुरुङ, भोला सिलवाल, योगेश श्रेष्ठ, रञ्जित श्रेष्ठ तथा निराजन खड्का छन्।

यस्तै स्ट्राइकरमा जुमानु राई, अनिल गुरुङ, चेतन घिमिरे र सन्तोष साहुखल छन्। अब नेपाल टिम मैत्रीपूर्ण खेलका लागि भारतको कोलकाता प्रस्थान गर्नेछ र त्यहाँ दुई मैत्रीपूर्ण खेल खेल्नेछ। अन्तिम सूचीमा नपरेका खेलाडीमा प्रदीप महर्जन, किरण चेम्जोङ, रूपक श्रेष्ठ, नुरराज काफ्ले, दीपेन्द्र श्रेष्ठ, गणेश लावती, विसन गौचन, विकर्ण श्रेष्ठ तथा नीराजन मल्ल छन्।

# फिफा विश्वकप २०१०
## सबै टिमको निर्णय भयो

सन् २०१० मा दक्षिण अफ्रिकाले आयोजना गर्ने १९ औं संस्करणको विश्वकप फुटबल प्रतियोगिताको फाइनल चरणमा प्रतिस्पर्धा गर्ने ३२ टिमको निर्णय गत साता भएको छ। गत साता भएका प्ले-अफका खेलहरूमार्फत अफ्रिकाबाट अल्जेरिया, युरोपबाट फ्रान्स, स्लोभानिया, पोर्चुगल र ग्रिस छनौट भएका छन्। यसअघि भएको अर्को प्ले-अफ खेलमा ओसिनियाका तर्फबाट न्युजिल्यान्ड छनौट भएको थियो।



प्ले-अफको दोस्रो चरणको खेलमा अल्जेरियाले इजिप्टलाई शून्यका विरुद्ध १ गोलले पराजित गर्दै उत्तर अफ्रिकी महादेशका तर्फबाट विश्वकप फाइनलको सिट सुरक्षित गरेको थियो। यसअघि अलजेरियाले सन् १९८६ को विश्वकपको फाइनल चरणमा सहभागिता जनाएको थियो। युरोपियन क्षेत्रको प्ले-अफ खेलमा फ्रान्सले आयरल्यान्डलाई अतिरिक्त समयमा १ गोल गरेर जित हासिल गरेको थियो। निर्धारित समयको खेलमा दुवै पक्षले १-१ गोल गरेका थिए। यसैगरी युरोपियन क्षेत्रको अन्य प्ले-अफमा स्लोभानियाले रसियालाई शून्यका विरुद्ध १ गोल गरेर फाइनलको सिट सुरक्षित गरेको थियो भने पोर्चुगलले पनि बोस्निया हर्जगोभिनाविरुद्ध सोही अन्तरको नतिजा निकाल्दै फाइनल चरणको यात्रा पक्का गरेको थियो। युरोपियन क्षेत्रको अर्को प्ले-अफको खेलमा ग्रिसले युक्रेनलाई शून्यका विरुद्ध १ गोलले पराजित गर्दै फाइनल चरणको यात्रा पक्का गरेको थियो।

ओसिनियाका तर्फबाट फाइनलमा पुगेको न्युजिल्यान्ड र एसियाका तर्फबाट प्ले-अफमा परेको बहराइनबीच भएको प्ले-अफको अन्तिम खेलमा न्युजिल्यान्डले बहराइनलाई शून्यका विरुद्ध १ गोलले पराजित गर्दै सन् १९८२ पछि पहिलो पटक छनौट हुने सौभाग्य प्राप्त गरेको हो।

**छनौट भएका राष्ट्रहरू**

**एसिया महादेश**

**अस्ट्रेलिया** : एसिया महादेशको चौथो चरणमा समूह 'ए' को विजेता भएर।

**जापान** : एसिया महादेशको चौथो चरणमा समूह 'ए' को दोस्रो भएर।

**दक्षिण कोरिया** : एशिया महादेशको चौथो चरणमा समूह 'बी' को विजेता भएर।

**उत्तर कोरिया** : एसिया महादेशको चौथो चरणमा समूह 'बी' को दोस्रो भएर।

**अफ्रिकी महादेश**

**दक्षिण अफ्रिका** : सन् २०१० को आयोजकको नाताले सोझै छनौट

**क्यामरुन** : अफ्रिकी महादेशको तेस्रो चरणमा समूह 'ए' विजेता भएर।

**नाइजेरिया** : अफ्रिकी महादेशको तेस्रो चरणमा समूह 'बी' विजेता भएर।

**अल्जेरिया** : अफ्रिकी महादेशको तेस्रो चरणमा समूह 'सी' विजेता भएर।

**घाना** : अफ्रिकी महादेशको तेस्रो चरणमा समूह 'डी' विजेता भएर।

**आइभोरिकोस्ट** : अफ्रिकी महादेशको तेस्रो चरणमा समूह 'ई' विजेता भएर।



**युरोपियन महादेश**

**डेनमार्क** : युरोपियन क्षेत्रको समूह १ विजेता भएर।

**स्वीट्जरल्यान्ड** : युरोपियन क्षेत्रको समूह २ विजेता भएर।

**स्लोभाकिया** : युरोपियन क्षेत्रको समूह ३ विजेता भएर।

**जर्मनी** : युरोपियन क्षेत्रको समूह ४ विजेता भएर।

**स्पेन** : युरोपियन क्षेत्रको समूह ५ विजेता भएर।

**इङ्गल्यान्ड** : युरोपियन क्षेत्रको समूह ६ विजेता भएर।



**सर्बिया** : युरोपियन क्षेत्रको समूह ७ विजेता भएर।

**इटाली** : युरोपियन क्षेत्रको समूह ८ विजेता भएर।

**नेदरल्यान्ड** : युरोपियन क्षेत्रको समूह ९ विजेता भएर।

**फ्रान्स** : यूरोपियन क्षेत्रको प्ले अफ विजेता भएर।

**ग्रिस** : युरोपियन क्षेत्रको प्ले अफ विजेता भएर।

**पोर्चुगल** : युरोपियन क्षेत्रको प्ले अफ विजेता भएर।

**स्लोभानिया** : युरोपियन क्षेत्रको प्ले अफ विजेता भएर।

**उत्तर अमेरिकी महादेश (कोन्काकाफ क्षेत्रबाट)**

**संयुक्त राज्य अमेरिका** : कोन्काकाफ क्षेत्रको चौथो चरणको विजेता भएर।

**मेक्सिको** : कोन्काकाफ क्षेत्रको चौथो चरणको उपविजेता भएर।

**होन्डुरस** : कोन्काकाफ क्षेत्रको चौथो चरणमा तेस्रो भएर।

**दक्षिण अमेरिकी महादेश (कोमन्थवेल क्षेत्रबाट)**

**ब्राजिल** : कोमन्थवेल क्षेत्रमा विजेता भएर।

**चिली** : कोमन्थवेल क्षेत्रमा उप-विजेता भएर।

**पराग्वे** : कोमन्थवेल क्षेत्रमा तेस्रो भएर।

**अर्जेन्टिना** : कोमन्थवेल क्षेत्रमा चौथो भएर।

**उरुग्वे** : कोमन्थवेल र कोन्काकाफ क्षेत्रको प्ले अफ विजेता भएर।

**ओसिनिया क्षेत्रबाट**

**न्युजिल्याण्ड** : ओसिनिया र एसिया महादेशको प्ले अफ विजेता भएर।



# ब्राजिलकी रामोस मिस अर्थ

साप्ताहिक समाचार

काठमाडौं– फिलिपिन्सको आइल्यान्ड रिसोर्ट बोराकेमा गत आइतबार राति सम्पन्न मिस अर्थ-२००९ प्रतियोगितामा मिस ब्राजिल लोरिसा रामोसले शीर्षक उपाधि जितेकी छिन् । प्रतियोगितामा आफ्नो नाम 'मिस अर्थ- २००९' का रूपमा घोषणा भैरहँदा रामोस अत्यन्त भावुक देखिएकी थिइन् । प्रारम्भमा विश्वासै नभएको भावमा प्रस्तुत भएकी रामोस केही समयपछि मात्र आफू नै विजेता भएको कुरामा विश्वस्त भएकी थिइन् । मुकुट पहिरिएपछि भने रामोसले खुसी व्यक्त गरिन् । प्रतियोगितामा फिलिपिन्सकी सान्ड्रा सिफर्टले फस्ट रनर्स-अप तथा भेनेजुएलाकी जेसिका बारबोजाले सेकेन्ड रनर्सअपको उपाधि जिते । स्पेनकी एलेक्जेन्ड्रा इकेवारियाले थर्ड रनर्स-अपमा चित्त बुझाएकी छिन् ।

विगत नौ वर्षदेखि भैरहेको यो विश्वव्यापी प्रतियोगिताको निर्णायक चरणलाई यसपटक केही पृथक् बनाइएको थियो । निर्णायक चरणमा पुगेका उत्कृष्ट आठ सुन्दरीलाई यसअघिका प्रतियोगितामा छुट्टा-छुट्टै प्रश्न सोधिन्थ्यो, तर यसपटकको निर्णायक चरणमा प्रेक्षालयमै रहेको ठूलो प्रोजेक्टरमा विभिन्न तस्बिर देखाउँदै त्यसलाई निर्णायक आठ सुन्दरीलाई वर्णन गर्न लगाइयो । मिस अर्थको उपाधि जित्ने सुन्दरी रामोसले ब्राजिलकै तस्बिरका बारेमा आफ्नो धारणा व्यक्त गर्दै भनिन्– 'म एउटा त्यस्तो देशको प्रतिनिधित्व गर्दैछु जहाँ विश्वकै सबैभन्दा ठूलो सदावहार जंगल मात्र छैन, यो मुलुक जलस्रोतकै लागि सबैभन्दा धनी छ, साथै ब्राजिललाई 'विश्वकै फोक्सो' पनि भनिन्छ । तर अहिले हामी ब्राजिललाई विश्वकै फोक्सो भन्न असमर्थ हुँदैछौं किनभने मेरो देशले अहिले प्रशस्त वायु प्रदूषण पनि गरिरहेको छ ।' निर्णायकलाई उनको जवाफ सान्दर्भिक लागेकाले होला, उनलाई नै मिस अर्थ- २००९ का रूपमा छनौट गरियो ।

२० वर्षीया लोसिरा मोरिस जीव विज्ञानकी छात्रा हुन् । मोसिर ब्राजिलबाट मिस अर्थको उपाधि जित्ने दोस्रो सुन्दरी हुन् । यसअघि सन् २००४ मा रिसिला मिरेलेसले मिस अर्थको मुकुट पहिरिएकी थिइन् । लोरिसा रामोसलाई मिस अर्थ २००८ पाउला हेनेरीले मिस अर्थ-२००९ को मुकुट पहिऱ्याउँदा उनी निकै भावुक देखिइन् ।

निर्णायक चरणमा कोलम्बिया, पोल्यान्ड, थाइल्यान्ड तथा मार्टिनिकका सुन्दरीहरू पुगेका थिए । भारतकी श्रीया किशोर भने टप टेनसम्म पुग्न सफल भइन् । प्रतियोगितामा तान्जानियाकी इभेलिन अल्मासीले बेस्ट इन नेसनल कस्ट्युमको उपाधि जितिन् भने फस्ट रनर्स-अपको उपाधि जित्ने फिलिपिन्सकी सिफर्टले थप दुई शीर्षक उपाधि बेस्ट इन स्वीमसुट तथा बेस्ट इन लङ गाउन पनि जितेकी थिइन् । तहिटीकी निरिकी तेरेमेटले मिस ट्यालेन्ट, चेक रिपब्लिककी तेरेजा बड्कोभीले मिस फोटोजेनिक, स्वीजरल्यान्डकी ग्राजिएल्ला रोजर्सले मिस फ्रेन्डसिप उपाधि जितेका थिए । प्रतियोगितामा नेपालका तर्फबाट मिस नेपालकी फस्ट रनर्स-अप ऋचा थापामगरले प्रतिनिधित्व गरेकी थिइन् ।

Admission Open
In Bachelor
Programmes: B.B.S., B.A. & B.Ed.
Shift : Morning
English, Maths, Population, Sociology, Journalism, R.D. Economics
English, Maths, Population, HPE, Nepali, Economics
* Various Scholarship schemes for deserving candidates.
RAINBOW INT'L COLLEGE
Dallu, Kathmandu, 4278169, 4278247, 4280842

Language/Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
विशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. BICC पानी ट्यांकी): Tel: 4483414 | New Baneshwor Chowk (Opp. New Baneshwor Dept. store): Tel: 4785226 | Adwait Marg (Bagbazar): Tel: 4232866 | Lagankhel (Bus Park): Tel: 5004018

जाँड-रक्सी साथै सुर्ति, चुरोटको कुलत थाहै नदिई छुटाउन
मोटोपना बढाउन साथै घटाउन
Breast Care @ 1275/-
चायाँ-पोतोको ग्यारेण्टी उपचार
सम्पर्क: डिल्लीबजार, ओरालो
4438630, 4442133
98511-10326, पोखरा: 061-229998
चितवन: 9845159169, 056-229174 (UTL)

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
Guarantee
कम्प्यूटर हार्डवेयर, सफ्टवेयर
एसी/फ्रिज
हाउसवायरिङ्ग
मोटरवाईण्डिङ्ग
१३ वर्ष पूरानो
३०% छुटमा
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १३ बर्षदेखि देशभर १२ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्धारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
* * * * * * * * * * * * * * * * *
नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन् ।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-२०२३१३, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८

रोजगारकै लागि तालिम–विशेष छुटमा
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
१५ दिनमा नै फोटोग्राफी भिडियोग्राफी तालिम सिकाइने
DIGITAL VIDEO-EDITING & ANIMATION
World Wide Valid Certificate नेपालको नं. 1 Study Center
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

Shaping Minds Group
Satdobato 5536751
Putalisadak 2222605 4233478
New Baneshwor 4782162
Study + Work Visa
305 Visas Still Counting ......
UK
USA + H1B Visa
Australia
Canada
Ireland
New Zealand
Many Others
High Visa Success Under New Rules
Kumaripati 2292233/ 44 5008632
Dharan Biratnagar
Contact @ ITAHARI 025-584310

फोटोग्राफी/भिडियोग्राफी/उद्घोषण
Hurry UP
❊ फोटो/भिडियो एडिटिङ ❊ ग्राफिक डिजाईन,
❊ फोटो/भिडियो प्रत्रकारिता ❊ फोटो ल्यामिनेशन
अरुण दत्तद्वारा वि.सं. २०५३ देखि निरन्तर
English Language सिकाईदैछ।
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साझा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, kolasktm@yahoo.com, 4216291

Why to pay more !!!
IELTS @ Rs.2500/- only
free 5 books, CDs & GROUP DISCOUNT
EDUCATIONAL AND CAREER DEVELOPMENT CENTRE
Putalisadak (opp. to NIB), kathmandu
Tel.: 4212374, 9841 427634

खुम्जुङ होटेल तालिम बागबजारमा
कुक/वेटर/हाउसकिपिङ्ग/बारमेन/बेकरी लगायत सम्पूर्ण होटल तालिमहरुमा भर्ना धमाधम लिईदैछ । प्राक्टिकल ५ स्टार लेबलको होटलमा गराइने चाइनिज इण्डियन र कन्टिनेन्टल खानाहरुका लागि रेष्टुरेन्ट र बारको पनि सुविधा भएको साथै होष्टेलको पनि व्यवस्था छ ।
Hotel Khumjung Pvt. Ltd.
हेड अफिस चक्रपथ महाराजगज (नारायण गोपाल चोक)
Ph 4016194, 4016111
सिटि अफिस: बागबजार पि.के कलेज अगाडि यति प्लाजा भित्र, प्यासिफिक विल्डिङ्ग
PH 016226791, 9841578724

३ महिनामा ४" उचाइ बढाउने
◆केश झर्न तुरुन्तै रोकी उमार्ने
◆१ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
◆जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
◆तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
◆१ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
◆प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
◆ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल पाटन हस्पीटल अगाडी
Tel :01-5004046 01-5550195
शाखा कार्यालय बनेपा Mo:9851112675

HOTEL TRAINING
Student Visa मा जानेहरूको लागि सुवर्ण अवसर
Part time/Full time Job को लागि सिपयुक्त तालिमहरू
Special Training Courses:
Cook - 1 month
Bakery - 1 month
Waiter/ress - 1 month
Barman - 1 month
साथै अन्य होटल सम्बन्धि सम्पूर्ण तालिमहरू दिइन्छ
Manpower Training Center (P.) Ltd.
(A Leading Institute for Basic Hotel Management Training)
PACIFIC Jamal, Kathmandu 4232196

HOTEL TRAINING
Student Visa मा जानेहरूको लागि सुवर्ण अवसर
Part time/Full time Job को लागि सिपयुक्त तालिमहरू
Special Training Courses:
Cook - 1 month
Bakery - 1 month
Waiter/ress - 1 month
Barman - 1 month
साथै अन्य होटल सम्बन्धि सम्पूर्ण तालिमहरू दिइन्छ
National Employment Training Center Pvt. Ltd.
NETC चुच्चेपाटी, चावहिल ४४९००१६ २०२३३६७

ब्यूटीसियन तालिममा नि:शुल्क भर्ना
- बिदेशबाट तालिम प्राप्त गरेको Trainer बाट तालिम गराईन्छ ।
- बिदेश जानेहरूको लागी Special Class का साथै Visa Processing गराईन्छ ।
Korean Hair Straight, Brazalian. B.Waxing, Freanch Menicure/ Pedicure, Faceleft, Blowdry तथा अन्य सम्पूर्ण कामहरु पनि गरिन्छ ।
ट्रेनिङ्ग तथा अन्य जानकारीको लागी, तुरुन्त सम्पर्क राख्नु होला
FABULOUS LADIES BEAUTY SALOON & TRAINING INSTITUTE
LAZIMPAT, KATHMANDU
01-4433622, 9841240127

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक (इण्डियन, चाईनिज, कण्टिनेन्टल, इटालियन, मेक्सिकन) वेटर, वारमेन, सुपरभाइजर, क्याप्टेन, होटल रिसेप्सनिष्ट, हाउसकिपीङ्ग आदि ।
*५ तारे होटलमा कार्यरत अनुभवी प्रशिक्षक बाट तालिम दिइने ।
*टाढाबाट आएका र बिदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था ।
*Ex-practical को लागि होटलहरुमा पठाईने ।
अन्तराष्ट्रिय पर्यटन विकास तथा होटल व्यावस्थापन तालिम प्रा.लि.
बालाजु चोक, काठमाडौं
फोन: 01-4384548

फ्रि ! फ्रि !! फ्रि !!!
Waiter तालिम
अब १५ जना लाई मात्र
दैनिक भत्ता रु १०० देखि ३५० सम्म
☞ उत्कृष्ट १० जनालाई रोजगारी ।
☞ विदेशी जाने र विद्यार्थीलाई प्राथमिकता दिने ।
कोलम्बिया एकेडेमी
नयाँबानेश्वर, शंखमुल झर्ने ओरालोमै
फोन नं. : 4781061, 9841387697
कोलम्बस कलेजको ठिक अगाडी

Worldwide Valid Certificate
होटल तालिम
यो छुट सिमित अवधिको लागि मात्र ।
▸ कुक १ ½ महिना रू. २७००/-
▸ कुक ३ महिना रू. ३७००/-
▸ वेटर र बारमेन रू. १३००/-
▸ कफिमेकर रू. ३०००/-
१.5 star लेभलको आफ्नै रेष्टुरेन्ट भएको ।
२.थप तालिमको लागि 5 star होटलमा तथा आफ्नै रेष्टुरेन्टमा पनि गराइने व्यवस्था छ ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336, 9841812055

होटल तालिम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

ग्लोवलको तालिम 5★मा
* Hotel Mgmt./ F&B Management
* Kitchen Mgmt. / Fast food cooking
* House wife cooking
* Pastry & Bakery arts/ Carving
* F&B Service & Bar
* House-Keeping/ Front office Mgmt.
* In service course for Cook/Chef
आउनुहोस, हेर्नुहोस, बुझ्नुहोस
Learn & Earn Package
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
4484098, 2134544
नयाँबानेश्वर मिनभवन शान्तिनगर गेट संगै

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
10th Year of Establishment
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक
(अन्तर्राष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
✆ ४४७२५५३/४४७५११३
Affiliated to CTEVT
Member HAN REBAN ATHTIN

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया तथा रामेश्वर थापा, सम्पादक : सुवास ढकाल ।